## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
## अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा
## सचिवालयमा प्रस्तुत

# प्रस्ताव



# विषय सूची

**आरम्भ**

पृष्ठ ५

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा
सचिवालयमा प्रस्तुत प्रस्ताव**

पृष्ठ १७

**अनुसूची १**

**पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले
पार्टी सचिवालयको बैठकको अध्यक्षता गर्ने क्रममा
अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को
'आरोप पत्र' बारेमा राख्नुभएको मन्तव्य**

पृष्ठ ७५

**अनुसूची २**

**पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा
अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई
पठाउनुभएको पत्र**

पृष्ठ ७९

# आरम्भ

**आदरणीय कमरेडहरू!**

कमरेडहरूलाई यस सचिवालय बैठकमा स्वागत गर्दछु।

हामी एउटा गम्भीर र जटिल मोडमा उभिएका छौं। यो अत्यन्तै छर्लंङ्ग छ र छर्लंङ्ग हुँदै गएको छ। यो निकै जटिल छ। अझ बढी जटिलतम् बन्दै गएको छ। यस स्थितिमा मैले अध्यक्ष हुनुको नाताले र प्रथम अध्यक्ष हुनुको नाताले मैले पार्टीको एकता जोगाउने, पार्टी एकीकरणका कामहरूलाई सम्पन्न गर्ने, केन्द्रीय कमिटीको दोस्रो बैठकले निर्धारण गरेको समयभित्र महाधिवेशन आयोजना गर्ने, बाँकी कामलाई अगाडि बढाउन आफूलाई केन्द्रीत गर्दै त्यसैलाई सफल बनाउन लागिपरेको छु। र, म हरतरहले त्यही कर्तव्य पूरा गर्ने प्रयासमा लाग्नु आफ्नो जिम्मेवारी हो भन्ने ठानेको छु।

प्रधानमन्त्रीको हैसियतमा मैले देशप्रति, जनताप्रति आफ्नो कर्तव्य, देशको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हितहरूको रक्षा र स्वाभिमानलाई माथि उठाउने कामहरू सँगसँगै देशमा सुशासन र विकासको काममा जोड गरेको छु। सुशासन र विकासमार्फत समृद्ध नेपाल, सुखी नेपालीको हाम्रो राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने काममा मैले आफूलाई केन्द्रित गरेको छु र गर्नुपर्छ भन्ने ठानेको छु।

देशमा स्थिरता र स्थायित्व आवश्यक छ। हामीले सङ्घर्ष गरेर ल्याएको, बलिदान गरेर ल्याएको, हजारौं नेपालीको जीवन बलिदानबाट प्राप्त गरेको र लाखौको योगदानबाट प्राप्त यस प्रणालीको सुरक्षा, सुदृढीकरण र सफल कार्यान्वयनद्धारा अगाडि बढ्ने/बढाउने कुरामा मेरो ध्यान केन्द्रित छ। पार्टी

अध्यक्षको हैसियतले पार्टीलाई एकताबद्ध र सुदृढ गर्दै पार्टीका कामहरू व्यवस्थित गरी अगाडि बढाउने र नेपालको वामपन्थी आन्दोलन, प्रगतिशील आन्दोलन, अग्रगामी आन्दोलनको सफलता र साख गिर्न नदिने कुरामा पनि मैले आफूलाई केन्द्रित गरेको छु।

तर, मैले दुःखका साथ भन्नु पर्छ, मेरो टिमबाट र टिमभन्दा बढी शीर्ष स्थानहरूबाट यी कामहरू गर्न प्रधानमन्त्रीको हैसियतमा र पार्टी अध्यक्षको हैसियतमा मैले केकति सहयोग प्राप्त गरेको छु ? जगजाहेर नै छ। मैले यसमा केही भनिरहनु पर्लाजस्तो लाग्दैन।

कात्तिक २८ गते 'प्रस्ताव' को नाममा मलाई समेत दिइएको र वितरण गरिएको जुन अत्यन्तै दुश्मनीपूर्ण लिखत छ, त्यो पढेर म आश्चर्यचकित भएको छु। दुःखित पनि भएको छु। त्यस लिखतको सम्बन्धमा म त्यसै भाषामा, त्यसै शैलीमा त्यसैगरी मैदानमा उत्रिन त नसकुलाँ, म त्यसो गर्न चाहन्नँ नै। त्यसमा धेरै शीर्ष नेताहरूको बुद्धि, सीप, अनुभव मिसिएको छ भन्ने असित ३ गते कमरेड प्रचण्डले राख्नु भएपछि मलाई थाहा भयो। 'मेरो मात्रै होइन, अरु साथीहरूका पनि अनुभवहरू, बुद्धिहरू र हर्कतहरू यसमा मिसिएका छन्, यो एकल होइन' भनेपछि त्यो जानकारी प्राप्त भयो। ती आरोपहरू कुनै आवेग उत्तेजनामा लगाइएका होइन रहेछन्! सोची सम्झिकन मेराविरुद्ध लाञ्चना लगाएर मलाई राजनीतिक रूपले बदनाम गर्ने र सिध्याउने उद्देश्यका साथ लिखत आएको रहेछ। त्यो कमिटीमा छलफलमा आएको छैन र छलफलमा आउन लायक पनि छैन। त्यसलाई कमिटीको कुनै राजनीतिक प्रस्ताव वा प्रस्तावको रूपमा स्वीकार गर्न, त्यसमा बहस गर्न वा छलफल गर्न सकिँदैन र मिल्दैन। सकिँदैन पनि, मिल्दैन पनि। त्यो नितान्त लाञ्छनाको पुलिन्दा हो। त्यो झुटको पुलिन्दा हो। मैले त्यसलाई जवाफ नदिए पनि हुन्थ्यो, संक्षिप्त जवाफमा एकमुष्टढंगले त्यसलाई खारेज गर्दा पनि हुन्थ्यो। मैले असितको बैठकमा भनिसकेको छु, त्यसलाई म अस्वीकार गर्दछु, झुठको पुलिन्दा हो र त्यसलाई अस्वीकार मात्रै होइन, खारेज नै गर्छु। यो कुरा मैले मंसिर ३ गतेको बैठकमा नै भनिसकेको छु।

तर त्यसपछि त्यस झूठ लिखतलाई पार्टी केन्द्रीय कार्यालयको नाममा एउटा व्यक्तिको होस् वा समूहको होस्, जसको होस् पार्टी केन्द्रीय कार्यालयको नाममा प्रकाशित गरिएछ! व्यक्ति वा समूहको लिखत, पार्टीमा प्रवेश नै नपाएको, प्रवेश नै नगरेको, छलफलमा समेत नआएको विषयमा पार्टीको लोगो राखेर, आधिकारिक दस्तावेजजस्तो गरी पार्टी केन्द्रीय कार्यालयका तर्फबाट भनेर प्रकाशित गर्ने र वितरण गर्ने काम भएको छ, जो अनधिकृत, अनुचित र यस्तो बलमिच्याईंपूर्ण काम भएको छ। अझ विधि र पद्धतिको कुरा गर्ने साथीहरूले आफ्नै छेउमा चाङ राखेर भेट्न आउनेहरूलाई त्यो पुस्तिका वितरण गरिरहनु भएको छ। त्यो आकारको पुस्तिकालाई पुस्तक त भन्न लायक छैन। खासमा पुस्तिका भन्न लायक छैन। तर पुस्तिकाको आकारमा त्यस अनधिकृत प्रकाशनलाई वितरण गरिरहनु भएको छ।

अत्यन्तै संगीन आरोपहरूले भरिएको, शत्रुतापूर्ण मनसायको र अत्यन्तै गलत उद्देश्यले प्रेरित र वितरित त्यो पत्र, जसको वास्तवमा भन्ने हो भने मनसाय नै अत्यन्तै खतरनाक छ। र, त्यसले पार्टी एकतालाई पछारेर टुक्राटुक्रा बनाएको छ, ध्वस्त बनाएको छ। अझ त्यसको नाम छाप्दाखेरी 'पार्टी एकता र पार्टी निर्माणका आधारहरू' भनेर, उल्टै त्यसलाई एकताको आधार पो भनिएको छ! मैले त्यसमा उठाएका प्रश्नहरूमध्ये केहीलाई स्पष्ट पार्ने कोशिस गरेको छु, यसलाई आफ्नो जवाफ भनौं वा यसलाई प्रस्ताव नै भनौ।

यस प्रस्तावमा मैले तथ्यहरू स्पष्ट पार्ने कोशिस गरेको छु। केही साथीहरू स्पष्ट नभएको हुनाले आएको होइन। यसबाट पनि स्पष्ट हुने विश्वास त मलाई त्यति लागेको छैन कि यसबाट उहाँहरूमा स्पष्टता हुनेछ! तर, आम कार्यकर्तापंक्ति र आम जनतालाई यसबाट सच्चाइ बुझ्न मद्दत पुग्नेछ। मैले त्यो विश्वास लिएको छु।

मैले पार्टी मान्दिनँ, पार्टीका निर्णय मान्दिनँ भन्यो भन्नेजस्ता कुराहरू असान्दर्भिक ढंगले कुराहरू उठाइएको छ। अहिलेको बहुमत, अहिलेको अल्पमत कुनै प्रक्रियाबाट आएको अल्पमत र बहुमत होइन। यो अल्पमत र बहुमत कृत्रिम र अनुचित हो। यो कुबेलामा गरिएको अनुचित स्वार्थहरूको

गठजोड र गलत मनशायद्धारा आफ्ना कुण्ठा, आक्रोश र विरोध पोख्न त्यस प्रकारले आएको छ।

मैले कमिटीका निर्णय मान्दिनँ भनेको होइन। तर, एकता गरिरहँदा, एकताको बाटोतर्फ अघि बढिरहँदा हामीले शक्तिको हिसाब गरेनौं, सामर्थ्यको हिसाब गरेनौं। केही पनि हिसाब नगरिकन एकताको भावनाका साथ म आफैँले निर्णय गर्दा, म आफैँ अल्पमतमा पर्नेगरी मैले कमिटीहरूको निर्माण गरेको थिएँ। अल्पमतमा पर्ने नै गरी एकता गरेको थिएँ। पूर्व एमालेभित्रको स्थिति पनि हामी सबैलाई थाहा थियो र फेरि पूर्व माओवादी केन्द्रलाई दिइएको संख्यासमेत जोड्दा के हुन्छ? त्यो पनि थाहा थियो र थाहा छ। एकतातर्फ जाँदाखेरी, एकताको भावनाका साथ जाँदाखेरी त्यस्तो संख्याले केही पनि बिगार्दैन। त्यो संख्या एकताको भावनाका साथ अगाडि बढ्नका लागि सबैमा एउटा उत्साह र समानताको भाव, सम्मानको भाव र हामी साझा कर्तव्यमा केन्द्रित भएर, साझा उद्देश्यमा केन्द्रित भएर, साझा लक्ष्य जम्मा गर्न अगाडि बढ्दै छौं भन्ने कुरालाई ध्यानमा राखेर अहिलेका कमिटीहरू मनोनयन गरिएका थिए। यी कुनै अधिवेशन, महाधिवेशन वा सम्मेलनबाट बनेका निर्वाचित कमिटीहरू होइनन् र अहिले कसैले बहुमत र अल्पमतको कुरा गर्दाखेरी कोही आफ्नो अलोकप्रियताले अल्पमतमा वा कोही लोकप्रियताले बहुमतमा गएको स्थिति पनि होइन। त्यही हो भने चैत २५ देखि ३० सम्म महाधिवेशन गरौं भनेर हामीले भनेका छौं, गर्छौं भनेका छौं र महाधिवेशन गरौं। लोकप्रियता त्यहाँ प्रकट हुन्छ नि! बहुमत को हो? अल्पमत को हो? त्यो गरे भइगो। तर, यसबीचमा जसरी एकता भाड्ने खालका प्रयासहरू भए, एकताका लागि गरिएको संगठनात्मक र संख्यात्मक प्रबन्धलाई लत्याएर 'कू' का प्रयासहरूको निम्ति दुरूपयोग गर्ने र एकता बिथोल्ने खालका अबाञ्छित प्रयासहरू भएका छन्। यी अवाञ्छित प्रयासहरू कुनै पनि स्थितिमा सह्य र ग्राह्य हुँदैनन्। म फेरि पनि कमरेडहरूलाई स्पष्ट पार्न चाहन्छु, यी कुनै पनि हिसाबले सह्य, ग्राह्य र मान्य हुँदैनन्।

कमरेडहरूले त्यागको कुरा गर्नुभएको छ। त्याग क-कसले गर्नुपर्ने हो? म एक पटक अध्यक्ष भएको छु, निर्वाचनको माध्यमबाट निर्वाचित हिसाबले नै अध्यक्ष

भएको हुँ। निर्वाचित अध्यक्षको हैसियतमा नै हो, नत्र भने अरु बाटा थिएनन्। त्यही निर्वाचित अध्यक्षको हैसियतमा वार्ता गरेको हुँ, एकता प्रक्रिया अगाडि बढाएको हुँ र दुई अध्यक्षको प्रबन्ध गरेर एक अध्यक्ष भएको हुँ। यो सब त्यही पृष्ठभूमिमा हो। अरु दावी गर्ने साथीहरू त कमसेकम १३/१४ वर्ष, १५/१६ वर्ष र ३२/३३ वर्ष पार्टी प्रमुख भएर चलाउनु नै भएको होला! उहाँहरूले त्याग गर्नु नपर्ने ? लोकप्रियताको पनि बहुतै कुरा चल्यो। ठीकै छ, भोलि चुनावहरू पनि आउँछन्, जनता र कार्यकर्ताले जाँचून हाम्रो लोकप्रियता, के भएको छ र? हेरौं। जाँचौंला। महाधिवेशनहरू, अधिवेशनहरू हुन्छन्, जाँचौंला। ठीक छ नि! बीचमा हतार किन गर्ने र? 'कू' को शैलीमा एकता–एकीकरणको बाटो छाडेर सत्तापलट अथवा कब्जा, यस्ता अनुचित बाटोबाट कब्जा गर्ने तरिका अपनाउने ? के यी कामहरूले हामीलाई एकताको बिन्दुमा पुऱ्याउँछन् ? हामीले हिजो सहमतिका साथ महाधिवेशनसम्म जाने, एकता एकीकरणका काम तीन महिनाभित्र टुंग्याउने र दुई वर्षभित्र महाधिवेशन सम्पन्न गरिसक्ने भनेको होइन ? महाधिवेशन गर्दा पनि सहमतिका साथ महाधिवेशन गर्ने भनेको होइन ? ती कुरा हामीले हाम्रो वैधानिक व्यवस्थामा पनि समावेश गरेका होइनौं ? अब यस स्थितिमा बहुमत र अल्पमत भन्न खोज्नु भनेको यो जालझेल र षडयन्त्रको कुरा मात्रै हो। यो 'कू' को कुरा हो र यो फाटोतर्फको यात्राको 'प्रस्ताव' हो। त्यसकारण फाटोतर्फको यात्राको 'प्रस्ताव' लाई अस्वीकार गर्दै म अझै पनि एकतातर्फ जाऔं भन्ने आग्रह साथीहरूलाई गर्न चाहन्छु। मैले भनेको छु, महाधिवेशनबाट नेतृत्वमा आई अरु साथीहरूले सञ्चालन गर्नुस्, मलाई इच्छा छैन र रहर छैन। मैले अर्को निर्वाचनपछि प्रधानमन्त्रीमा पनि मेरो इच्छा छैन भनेको छु। अहिलेको सञ्चालनको सन्दर्भमा पनि सहमतिका साथ, परामर्शका साथ अगाडि जाऔं भनेको छु। मलाई आज बिहानको त धेरै जानकारी छैन, हिजोसम्मका गतिविधिहरूको बारेमा जानकारी छ। बाहिर शब्द एक खालका छन्, भित्र गतिविधि विल्कूलै विनाशकारी छ, विखण्डनकारी छ, देश र जनताप्रति गम्भीर धोका दिने प्रकृतिको छ। यसमा म के मात्रै आग्रह गर्न चाहन्छु भने, हामी त नेपालका 'भाग्यमानीहरू' भित्र पर्छौं। हामी आफैं खानलाउन पाएका, घर भएका वा घर नभए पनि घरभेटीको घरमा बस्न पाएका, नातागोता आफन्तको पनि

कमसेकम बेडा पार लगाएकाहरू नै छौं। तसर्थः 'भाग्यमानी' छौं! कमसेकम यति भइसकेपछि त हामीले देशको बारेमा अलिकति सोच्ने गरौं। जनताको बारेमा पनि अलिकति सोच्ने गरौं। कोभिड-१९ को महामारीका बारेमा पनि अलिकति त सोच्ने गरौं! गरिबी कसरी हटाउने? अशिक्षा कसरी हटाउने? पछौटेपन कसरी हटाउने? जनताका समस्या कसरी हटाउने? त्यस बारेमा पनि सोच्ने गरौं। त्यतापट्टि पनि हाम्रो थोरै ध्यान मनदेखि नै जाने काम होस्। तर, हामी बहुतै चतुर खेलाडी निस्कियौं। शब्द एक प्रकारको र व्यवहार अर्कै प्रकारको! अर्थात्, एक खालको शब्द, अर्को खालको व्यवहार गरेर चकित पारिरहेका छौं!

साथीहरूलाई मिटिङको हतारो छ। बाटो त्यतै लिने नै हो भने ठीकै छ २५ गतेसम्मको बैठक पर्सी नै सारिदिए हुन्छ, केही छैन। बाटो त्यही लिने हो भने के भयो र? १५ गते नै सारिदिए पनि हुन्छ। होइन, एकताबद्ध भएर जाने हो भनेदेखि बैठकको हतारो मात्रै उचित हुँदैन।

मैले देखिराखेको छु, साथीहरू अत्यन्तै दुःखित मन लिएर दौडधुप गरिरहेका छन्। चारैतिर कुदेका छन्। पार्टी एकता गर्न सबै नेताहरूलाई आग्रह गरिरहेका छन्। एकताको यो डोरी चुँडिन नपाओस्, यस्ता आरोप, यस्ता लाञ्छनाहरूका बाबजुद पनि त्यस्तो चिन्ता र एकताको प्रयास देखेर मलाई साथीहरूको माया लाग्छ। उहाँहरूको भावना देखेर, त्यो भावनाको कदर गरेर मात्रै होइन, त्यस भावनालाई मेरो अत्यन्तै सम्मान छ। तर, म एक्लैले सम्मान गरेर त हुँदैन। साथीहरू दौडिनु भएको छ, एकताका प्रयासहरू गर्नुभएको छ। तर हामी यथार्थमा यस्तो गुटबन्दीमा छौं कि एकातिर सघन वार्ता र मान्छे तान्ने प्रयास व्यापक रूपमा भइराखेका छन्। यसरी मान्छे तान्ने प्रयासले केही पनि हुनेवाला छैन। गर्न खोजेको एकता हो भने मान्छे तान्ने प्रयासले केही पनि हुँदैन। मैले पहिलेदेखि पनि भन्ने गरेको छु, एकता गर्ने हो भने मान्छे तानेर, कसैलाई अल्पमतमा पारेर, कसैलाई गलहत्याएर कसैलाई केही गर्छु भन्ने ठानिएको छ भने त्यस्तो गलत मनसाय सफल हुँदैन। होइन, हामी एकताबद्ध भएर जाने प्रयास पनि गर्छौं, एकताबद्ध भएरै जान्छौं भन्ने हो भने एउटा प्रक्रियाबाट जाऔं र विधिबाट जाऔं। एउटा प्रस्ताव नामको झूठको पुलिन्दा

देशव्यापी वितरण गर्ने, त्यो पुलिन्दा पार्टीको नाममा छाप्ने, लोगो प्रयोग गरेर छाप्ने, केन्द्रीय कार्यालयको नाममा छाप्ने अधिकार तपाईलाई कहाँबाट प्राप्त भयो ? यो व्यक्तिगत पार्टी हो ? निजी पार्टी हो यो ? अधिकार कहाँबाट प्राप्त भयो ? कि पार्टी कब्जा भइसक्यो ? पार्टीका नामबाट र पार्टीको दस्तावेज भनेर त्यो कसरी गयो र पार्टीले प्रकाशन र प्रशारण गर्ने निर्णय कहिले गऱ्यो ? वितरण गर्ने निर्णय कहिले गऱ्यो ? पार्टीको लोगो प्रयोग गरेर कार्यालयबाट प्रकाशन गर्ने निणर्य कहिले गऱ्यो ? इजाजत कहिले दियो पार्टीले ? यति हदसम्मको बेथिति गर्ने ? गुटबन्दी त थियो थियो, अब त गुटबन्दीभन्दा बढी बेथिति र मानिलिऔं यो पार्टी कब्जा नै भइसक्यो ? साथीहरूले पद्धति, प्रक्रिया र विधि निकै सिकाउनु हुन्छ। भन्नुहुन्छ, बोल्नुहुन्छ, लेख्नुहुन्छ, प्रचार गर्नुहुन्छ तर व्यवहार ... ?

मेरो आग्रह छ, अहिले पनि फेरि एकताको दिशामा फर्कौं। अझै पनि एकता जोगाउने प्रयास गरौं भन्ने मेरो आग्रह छ। हामीले ठूलो उपलब्धि हासिल गरेका छौं। दुनियाँकै वामपन्थी आन्दोलनमा, वामपन्थी मात्रै होइन, सामाजिक परिवर्तनका आन्दोलनहरूमा हामीले एउटा नयाँ बाटो र नयाँ दिशा स्थापित गरेका छौं। यो दुनियाँका लागि पनि अनुकरणीय हुनसक्दछ। यो बाटो अग्रगामी सामाजिक परिवर्तन र जनपक्षीय परिवर्तनका लागि अरुका लागि पनि अनुशरण गर्ने बाटो हुनसक्दछ। यस प्रतिफल र यस उपलब्धिलाई जोगाउँऔं। यो आफै प्राप्त भएको होइन। यो हामीले कुनै बम्पर उपहार प्राप्त गरेको होइन। यो कुनै चिठ्ठा परेर प्राप्त भएको होइन। यसलाई हामीले चर्को मूल्य चुक्ता गरी प्राप्त गरेका छौं। ठीक छ, सैद्धान्तिक बहसहरू गरौं। मेराविरुद्ध फलानो जातविरोधी, के विरोधी यस्तो विरोधी...त्यस्तो विरोधी..अनेक खालका आरोपहरू लगाइएका छन् र ती छदैँछन्। तर म स्पष्ट छु, जातीय कुरा उछालेर, साम्प्रदायिक कुरा उछालेर, जातजातिलाई भिडाएर जातीय पक्षधरता हुन्छ भन्ने मेरो विश्वास छैन। फेरि पनि म बहसमा उत्रिन तयार छु। जातजातलाई लडाउने, भूगोलभूगोललाई लडाउने र परस्परमा घृणा फैलाउने गरिनुहुँदैन। यसबाट कुनै पनि जातको र कसैको उत्थान हुन्छ भन्ने मेरो विश्वास छैन। कसैको पक्षपोषण हुन्छ भन्ने मेरो विश्वास छैन।

आज हाम्रा कारण सिध्दिएको र फ्याकिएको राजतन्त्रका पक्षधर भनिएका शक्तिहरू हामीलाई ललकार्ने कुचेष्टा गरिरहेका छन्। त्यो सफल हुन दिइने छैन। त्यो सफल हुनेछैन। त्यो जनताबाट तिरस्कृत जमात हो। तर हाम्रो आपसी उल्झनको कारणले गर्दा यस्ता विभिन्न विकृत जमातहरूले फेरि डेराबाट बाहिर निस्किएर वातावरण धमिल्याउने प्रयास गरिरहेका छन्। यसप्रति हामी सजग हुनुपर्छ, हाम्रा उपलब्धिहरू जोगाउनु पर्छ, उपलब्धिहरूलाई सुदृढ गर्नुपर्छ र अगाडि बढ्नुपर्छ भन्ने मेरो आग्रह हो। तसर्थः कम्तिमा पनि पार्टीको लोगो, केन्द्रीय कार्यालयको नाम प्रयोग गरेर जसरी तपाईको लिखत छापियो र अनधिकृत रूपमा वितरण भइरहेको छ, पहिलो कुरा त त्यसलाई रोक्नु र क्षमायाचना गर्नुपर्दछ।

दोस्रो कुरा, त्यो आरोपपत्र, अभियोगपत्र र लाञ्छनापत्र जुन आएको छ। त्यो फिर्ता लिनुपर्दछ र त्यसको गलत प्रचार गरेकोमा क्षमायाचना गर्नुपर्छ। त्यस विन्दुबाट एकताको प्रयासलाई पुनः ठीक ट्र्याकतिर फर्काऔं। एकढंगले भन्ने हो भने हामी एउटा देश चलाउने पार्टीको यस्तो शीर्ष ठाउँमा छौं। यस शीर्ष ठाउँलाई यति प्रदूषित गरिएको छ, आज मान्छेले यस ठाउँप्रति नै घृणाभाव प्रकट गर्न थालिसकेका छन्। देश बनाउने ठाउँको नेतृत्व गर्ने, नेतृत्वपूञ्ज रहेको यो ठाउँ यसरी दुषित बनाइएको छ, जबकि यसले त सुगन्ध फैलाउनु पर्दथ्यो, यसले 'म्याग्नेट'को काम गर्नुपर्दथ्यो। वरिपरी सबै आकर्षित र उत्साहित भएर काममा जुट्ने अवस्था हुनुपर्दथ्यो। तर आज स्थिति त्यस्तो छैन। हामी आफ्नै प्रचार, आफैँले फैलाएका कुप्रचारबाट आफैँ आक्रान्त भएर प्रदूषित भएका छौं। तसर्थः यी बाटा र तरिकाहरू छाडौं।

मैले प्रतिहमला सुरु गरेको छैन, प्रतिहमलाजस्ता कुराहरूमा मेरो रुचि पनि छैन र इच्छा पनि छैन। मेरो हदैसम्मको प्रयास पार्टीलाई एकताबद्ध राख्ने नै छ। आआफ्ना कमीकमजोरीहरू सच्याएर एकताबद्ध भएरै अगाडि जाने काम गरौं। २०७७ भदौ २६ गते हामीले एउटा निष्कर्ष निकाल्यौं। भोलिपल्ट बिहान गुटको भेला भएर त्यस निष्कर्षलाई "यो अस्थायी युद्धविराम हो, अहिले हामीसँग पर्याप्त तयारी पुगेन, तयारी नपुगेसम्मका लागि मात्र यो युद्धविराम हो" भन्ने कुरा गरियो। मैले त्यसैबेला अर्का अध्यक्षलाई यो के भएको हो

भनेर सोधेँ ? त्यस विषयमा अहिले नजाऔं। हाम्रो बीचमा के संवाद भएका छन् ? त्यता पनि नजाऔं। तर, तत्कालैबाट त्यसलाई एउटा मजाकको विषय बनाइयो। त्यसलाई परिपालना गर्नुपर्छ भन्ने अवधारणा र व्यवहार किञ्चित रूपमा र मनमा पनि राखिएन। त्यसलाई कुशलतापूर्वक चलाखीका साथ कसरी भत्काउने ? त्यसमा नै आफूलाई केन्द्रित गरियो। मैले त्यसो नगरौं भनेँ।

त्यसपछि दुईजना अध्यक्षको बीचमा छलफल भयो र हाम्रो सचिवालयका बैठक पनि भए, हामी २८ गतेभन्दा अगाडिको सचिवालयको एउटा बैठकमा एजेण्डाबिहीन भयौं। अर्को बैठकमा विषयसूचि, प्रस्तावहरू, कार्यसूचि र निर्णय के गर्नुपर्ने हो ? त्यो प्रस्तावसहित आउने भन्ने सहमतिका साथ उठ्यौं। तैपनि कुनै प्रस्तावको केही तयारी भएन। बैठक बसौं कि बैठक बसौं। बैठक बस्न नमान्ने ? बैठकबाट भाग्ने ? भन्ने मात्रै कुरा भयो। अहिलेसम्मका हाम्रा ७२ वटा बैठकले के कस्ता महत्वपूर्ण निर्णयहरू गरेका छन् ? के निर्णय गरे ७२ वटा बैठकले ? कुनै महत्वपूर्ण निर्णयहरू गरेको अनुभूति छैन। आमरूपमा भन्ने हो भने केही औपचारिकताका कुरालाई छाडेर भन्ने हो भने खिचोला र झमेला, कुण्ठा र विरोध, आकाङ्क्षा र अतृप्तिका कुराहरू छर्ने र छिरल्ने बैठकहरू भए। मैले बैठकलाई व्यवस्थित ढंगले गरौं, बैठकको संख्या मात्रै धेरै गर्ने होइन, बैठकलाई व्यवस्थित ढंगले गरौं, व्यवस्थित ढंगले अगाडि बढौं र बैठक बसेपछि यस बैठकले के निर्णय गर्छ भनेर मान्छेहरूले हेर्छन। के निर्णय गर्छ भनेर हेर्ने भएपछि हामीले देश र जनतालाई बैठकका निष्कर्ष र निर्णयहरू यी हुन् भनेर दिनसक्नु पर्दछ, यस्तो व्यवस्थित बैठक गरौं भन्ने कुरामा जोड दिने गरेको छु।

अनि बैठकहरूमा कोभिडको सन्दर्भम थुप्रै छलफल गऱ्यौ। विभिन्न राष्ट्रिय समस्याको सम्बन्धमा थुप्रै बैठकहरू भए। त्यस्ता राष्ट्रिय महत्वका बैठकहरूमा साथीहरूको कुनै रुचि छैन, इच्छा छैन र सहभागिता पनि छैन। खासगरी अर्का अध्यक्षको कुनै रुचि देखिंदैन। त्यस्ता बैठकमा सहभागिताको कुनै रुचि नै छैन। जबकि विपक्षी दलका नेताहरूसमेत कैयौंमा आउँछन्। तर उहाँको त झमेला बढाउने बैठकहरूमा मात्रै रुचि छ। हामीले गर्नुपर्ने काम यतिबेला

यही झमेला बढाउने हो र ? आज पनि हामी देशका बारेमा सोच्न सकिराखेका छैनौं । जबकि हामी हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गरिराखेका छौं । अनुकूल बनाइराखेका छौं । भारतका विदेश सचिव नेपाल आए र दुईपक्षीय सम्बन्धलाई उचाइमा पुऱ्याउने, आपसी समस्याहरू वार्ताबाट समाधान गर्ने भन्ने कुराकानी भयो र समाधान गर्न नसकिने कुनै समस्या छैनन् भनेका छन् । तथ्य, प्रमाण र न्यायका आधारमा समस्याहरू वार्ताद्वारा समाधान गर्ने भन्ने तरिकालाई केन्द्रभागमा राखेर विभिन्न विषयहरूमा छलफल गर्ने कुरा भएको छ । भोलि चीनका रक्षामन्त्री आउँदैछन् र दुईवटै छिमेकीहरूसँग हाम्रो सुमधुर सम्बन्ध लगातार विकास हुँदै गएको छ । पारस्परिक सहयोग, सहकार्य, त्यसमा तीव्रता र त्यसको प्रभावकारिताको सम्बन्धमा यहाँ रुचि र चासोसम्म छैन । यस्तो बेलामा हामीलाई ती विषयमा चर्चा गर्ने समय छैन । ती हाम्रा विषय पनि बन्दैनन् ।

हाम्रा विषय त कसरी मान्छे जम्मा गर्न सकिन्छ ? कसरी झूठफरेव फिजाउन सकिन्छ ? कसरी भ्रममा पार्न सकिन्छ र मान्छेहरूलाई कसरी आफ्नो पक्षमा ल्याउन सकिन्छ र तथाकथित बहुमत कसरी पुऱ्याउन सकिन्छ ? त्यसमा केन्द्रित छ । अहिले लेनिनवादी संगठनात्मक सिद्धान्तले यसढंगको पार्टी एकता भन्छ ? लेनिनवादी संगठनात्मक सिद्धान्तको अभावमा हाम्रो पार्टी विगतमा एकताबद्ध नभएको थियो ? पार्टी एकता/एकीकरण लेनिनवादी संगठनात्मक सिद्धान्त, बहुमत र अल्पमत, तल्लो कमिटी माथिल्लो कमिटीको अधिनस्थ, व्यक्ति कमिटीको अधिनस्थ र अल्पमत, बहुमतको अधिनस्थ हुन्छ भन्ने कुरा नसुनेर/नबुझेर एकता नभएको थियो र ? त्यो कुरा हामीले महसुस गरेर बहुमत र अल्पमतका आधारमा वा लेनिनवादी संगठनात्मक सिद्धान्तबाट निर्देशित भएर यो एकता/एकीकरण गरेका हौं र ? कि त्यसभन्दा बृहत आन्दोलनको उद्देश्य, राष्ट्रिय उद्देश्य र जनताका हितहरूमा केन्द्रित भई पार्टी एकता र एकीकरणतिरको उद्देश्यका लागि यसको महत्वलाई आत्मसात् गरेका हौं ? यी कुराहरूलाई ध्यानमा राखेर हाम्रा महान उद्देश्यहरू र ती उद्देश्यहरूप्रतिको हाम्रो प्रतिबद्धताबाहेक कुनचाहिँ संगठनात्मक सिद्धान्तले एकता गरायो ? अब अहिले आएर लेनिनवादी संगठनात्मक सिद्धान्त ! कतिबेला संगठनात्मक सिद्धान्त कुन रूपमा लागु हुन्छ ? एकता/एकीकरणको बाटो छाडेर भ्रमपूर्ण

ढंगले लेनिनवादी संगठनात्मक सिद्धान्तका कुरा गरेर? त्यसो हो भने ठीक छ। प्रचण्डजीले भन्नुभएको म सम्झन्छु, "बाटो बिराइएको छ भने पुरानै ठाउँमा फर्किनुपर्छ र त्यसलाई त्यहीँबाट सच्याइनु पर्छ।" ल, ठीक छ, त्यसै गरौँ। फेरि फर्किएर त्यहीँ जाऔं, २०७५ साल जेठ २ गते नै फर्किऔं। र, त्यहीँबाट फेरि सुरु गरौं। हाम्रा उद्देश्यहरू यथावत् नै छन् भने हाम्रो एकताको आवश्यकताको बोध यथावत छ भने, अहिले पनि हामीले त्यसलाई सान्दर्भिक देख्छौं भने जेठ २ गते नै फर्केर जाऔं।

त्यसलाई तर्कपूर्ण र आधारयुक्त ढंगले छलफल गरी कमिटीहरूको विन्यास गरौं। त्यसपछि हामीले विधिमा परिवर्तन गरौं र भनौं कि लेनिनवादी संगठनात्मक सिद्धान्तका आधारमा हामी अब अगाडि बढ्छौं। एकीकरणका काम सम्पन्न भइसके, स्थिर पार्टी बन्यो, हामी संक्रमणकालीन अवस्थामा छैनौं, पार्टी एकताका सन्दर्भमा एकीकरणको संक्रमणकालीन अवस्था टुङ्गियो। हामी स्थिर अवस्थामा छौं अथवा स्थायित्व प्राप्त गरेको अवस्थामा छौं। एउटा विधि र प्रक्रिया पुऱ्याएर हामीले दुई पार्टीको एकतापछि संयुक्त राष्ट्रिय मञ्च आयोजना गर्ने भन्यौं। हामीले नीतिको, विधिको, संरचनाको र नेतृत्वको छिनोफानो गरिसक्यौं। अब यो स्थायित्वको चरणमा प्रवेश गरिसकेपछि स्वभाविक रूपमा संगठनात्मक सिद्धान्तअनुसार बहुमत, अल्पमतको आधारमा नै पार्टी चल्छ। यो घोषणा गरौं र त्यो विधि बदलौ र अगाडि बढौं। हिजो एकताको स्पिरिटमा, एकताको आधारमा तर्कबाट होइन, भावनाबाट निर्देशित भएर एकताको असाधारण आकङ्क्षाबाट निर्माण गरिएका सङ्ख्यात्मक र संरचनात्मक पक्षको आधारमा तथाकथित बहुमत अल्पमत असान्दर्भिक कुरा हो भने ठीक छ, अब यसो गरेर अघि बढौं। यो कसैले नबुझेको कुरा होइन। तसर्थ, यस्तो मौसमी कुराले आन्दोलन निर्माण हुँदैन, पार्टी निर्माण र सुदृढ पनि हुँदैन।

मेरो फेरि पनि आग्रह छ, हामी ठीक धारतिर, ठीक बाटो र ठीक प्रक्रियातिर फर्किऔं। आवेग, उत्तेजना र द्वेष छाडौं। आफ्ना निजी र समूहगत आकङ्क्षा परिपूर्तिका लागि पनि हतार नगरौ। त्यसका वैधानिक फोरमहरू छन् नि! यो एकीकरणको एउटा संक्रमणकालीन स्थितिलाई सहमतिका साथ टुंग्याऔं।

त्यसपछि त पार्टी आम विधिमै चलिहाल्छ। अहिले पार्टी विधिमा चल्दैन होइन, विधिमा चल्छ। तर, मूलभूत रूपमा यतिबेला एकीकरणको प्रक्रिया पूरा गर्ने, सहमतिका साथ प्रक्रिया पूरा गर्ने कुरा नै प्राथमिक महत्वको कुरा हो। हाम्रा कमिटीहरू कुन निर्वाचित भएर, कुन सदस्यताका आधारमा, कुन भोटका आधारमा, केका आधारमा हामीले अहिलेका कमिटीहरू निर्माण गरेका थियौं ? मनोनित गरेको होइन ? एकताको स्पिरिटलाई ध्यानमा राखेर मनोनित गरेको होइन ? एकताको भावनालाई ध्यानमा राखेर सानो र ठूलो नभनिकन पूरा सम्मानका साथ सङ्ख्यात्मक बहस नगरेको होइन ? अनि त्यो स्पिरिटबाट गरिएको अस्वभाविक सङ्ख्यात्मक प्रश्नलाई त्यस सन्दर्भभन्दा बाहिर गएर आफ्नो आवश्यकताअनुसार गलत र अनुकूल व्याख्या गर्न मिल्दैन। हामीले जे काम थालेका थियौं, पहिले त्यो पूरा गरौं। जे काम गर्ने र जहाँ पुग्ने भनेर थालेका थियौं, त्यहाँ पुगौं। त्यसैले पार्टीको सन्दर्भमा महाधिवेशनको मञ्चसम्म त जाऔं! महाधिवेशनको मञ्चसम्म जाने हामीले हिजो संकल्प र निर्णय नै गरेका हौं र महाधिवेशनको मञ्चमा पनि एकताबद्ध बनौं भने का छौं। एकता र सहमतिका साथ एकताको महाधिवेशन गर्ने भनेका छौं। अनि महाधिवेशन गर्नुभन्दा चार महिनाअघि अहिले फुटको खेती ? फुटको खेतीतर्फका यस्ता प्रयासहरूलाई मैले स्वीकार्न मिल्दैन।

पार्टी एकीकरणका कामहरूलाई बीचैमा अलपत्र छाडेर, महाधिवेशनको आयोजना गर्ने, आन्दोलनलाई एकताबद्ध बनाएर अगाडि लैजाने अभिभाराबाट पर हटेर फुटको खेतीतर्फका प्रयाशहरू गरेर जाने कुरालाई मैले स्वीकार्न मिल्दैन। म आफ्नो यो अस्वीकारोक्ति यहाँ स्पष्ट गर्छु। र, यही अस्वीकारोक्तिका साथ मैले जुन प्रस्ताव तयार गरेको छु, त्यसलाई विधिसम्मत रूपमा यहाँ प्रस्तुत गर्दछु। अहिलेलाई यत्ति नै।

१३ मङ्सिर, २०७७

---

*प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीले केन्द्रीय सचिवालयको बैठकमा राख्नुभएको मन्तव्य।*

## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
## अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा
## सचिवालयमा प्रस्तुत

# प्रस्ताव

**प्रिय कमरेडहरू**
**केन्द्रीय सचिवालय**
**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)।**

यही २०७७/०७/२८ गते आयोजित पार्टी केन्द्रीय सचिवालयको बैठकमा अध्यक्ष कमरेड पुष्पकमल दहाल 'प्रचण्ड'ले वितरण गर्नुभएको 'प्रस्ताव'को प्रस्तुति- तरिका, भाषाशैली र अन्तरवस्तुले पार्टीमा गंभीर सङ्कट निम्त्याएको छ। त्यसले पार्टी विधान अनुसार बैठकमा प्रस्तुत गरिने प्रस्तावको कुनै वैधानिक या राजनीतिक हैसियत नराख्ने भएकाले खासै महत्व नदिंदा पनि हुने थियो। तर त्यसमा उठाइएका सङ्गीन र भ्रमोत्पादक प्रश्नहरूलाई अनुत्तरित राखी छाड्नु पार्टी, कम्युनिष्ट आन्दोलन, देश र जनताकै अहितमा हुने भएकाले केन्द्रीय सचिवालय बैठकमा यस सम्बन्धमा आफ्ना विचारहरू प्रस्तुत गरेको छु। सुरुमा मैले कमरेड 'प्रचण्ड' का आरोपको बुँदागत चिरफार गर्नेछु, अनि अन्त्यमा पुनः सचिवालय बैठकसमक्ष आफ्ना भनाइ राख्ने छु।

## १

पार्टीको अन्तरिम विधानको धारा १८ (झ) ले अध्यक्षहरूका तर्फबाट पार्टी बैठकमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने व्यवस्था गरेको छ। 'नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समस्या समाधान सुझाव कार्यदल, २०७७' द्वारा प्रस्तुत प्रतिवेदनमा स्पष्ट रूपमा 'पार्टी विधान बमोजिम अध्यक्षद्वय र महासचिवको आपसी परामर्श एवं सहमतिका आधारमा सचिवालय, स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटी बैठकका कार्यसूची तथा निर्णय प्रस्ताव तयार गर्ने' निष्कर्ष निकालिएको छ। अन्तरपार्टी निर्देशन- ५ को ३.१ मा अध्यक्षद्वयको परामर्शमा महसचिवले सचिवालय, स्थायी कमिटी, पोलिटब्युरो तथा केन्द्रीय कमिटी बैठकका कार्यसूची तयार गर्ने' व्यवस्था गरिएको छ। एकीकरणको साढे दुई वर्षको बीचमा हामीले यही अभ्यास गर्दै आएका छौं। तर कमरेड 'प्रचण्ड', तपाईंको 'प्रस्ताव' विधानको यस स्पष्ट व्यवस्थाका विपरीत पार्टी अध्यक्ष या महासचिवसँग सहमति त परै छाडौं, परामर्श र पूर्व जानकारी गराउने सामान्य शिष्टाचारसम्म नराखी वितरित भएको छ । तसर्थ यो 'प्रस्ताव' बैठकमा छलफल या परामर्श गर्नका लागि रितसमेत नपुगेको, तपाईंको नितान्त व्यक्तिगत असन्तुष्टि, सीमाहिन कुण्ठा र निहीत स्वार्थ लुकेको कृत्रिम आरोपको सँगालो मात्रै हो। यो प्रथम दृष्टिमै खारेजयोग्य छ। पार्टीका बैठकहरूलाई अग्रगामी एजेण्डाबाट बराल्ने र व्यक्तिगत आरोप-प्रत्यारोप एवं कुण्ठामा अलमलाइरहने छुट कसैलाई हुनुहुँदैन भन्ने स्पष्ट पार्न चाहन्छु।

## २

कम्युनिष्ट आन्दोलन राजनीतिक प्रणाली, अर्थतन्त्र र सामाजिक प्रबन्धका हिसाबले मात्रै होइन, सांस्कृतिक स्तरका हिसाबले पनि अरुभन्दा उत्कृष्ट आन्दोलन हो, हुनुपर्छ। व्यक्ति-व्यक्तिबीचका सम्बन्ध, बहसको सञ्चालन, तिनको स्तर तथा असहमतिका बीचमा व्यक्त हुने भाषाशैली एवं शिष्टताका दृष्टिले कम्युनिष्ट पार्टी र त्यसका कमिटीहरू अरु कुनै पनि संस्थाभन्दा उच्च स्तरका हुनुपर्छ। नेतृत्वले त यस सम्बन्धमा दृष्टान्त

**यो 'प्रस्ताव' बैठकमा छलफल या परामर्श गर्नका लागि रितसमेत नपुगेको, तपाईंको नितान्त व्यक्तिगत असन्तुष्टि, सीमाहिन कुण्ठा र निहीत स्वार्थ लुकेको कृत्रिम आरोपको सँगालो मात्रै हो। यो प्रथम दृष्टिमै खारेजयोग्य छ। पार्टीका बैठकहरूलाई अग्रगामी एजेण्डाबाट बराल्ने र व्यक्तिगत आरोप–प्रत्यारोप एवं कुण्ठामा अलमलाइरहने छुट कसैलाई हुनुहुँदैन भन्ने स्पष्ट पार्न चाहन्छु।**

नै प्रस्तुत गर्नु पर्छ। दुःखको कुरा, नेपाली कम्युनिष्ट आन्दोलनमा यस संस्कारको विकास हुन सकेको छैन। कुनै बेला कमरेड पुष्पलालले 'गद्दार' को आरोप बेहोर्नु पर्‍यो, मनमोहन अधिकारी अपमानित हुनु पर्‍यो, मदन भण्डारी झण्डै नेतृत्व अवसरबाट बञ्चित हुनु पर्‍यो, र कम्युनिष्ट पार्टीहरू आफ्ना राष्ट्रिय या आन्तरिक विषयवस्तुका कारण होइन, अन्य कुनै विदेशी पार्टीभित्रका विवादका पक्षविपक्षमा उभिएर विभाजित भए। २०३० र ४० को दशकमा चलेको बहसमा प्रयुक्त कतिपय भाषा नीतिगत होइन, भद्दा गाली र 'सत्तोसराप'का स्तरमा थिए। हरेक छलफल या असहमतिलाई 'विचारधारात्मक सङ्घर्ष' मान्ने, हरेक वैचारिक मतभिन्नतालाई 'दुई लाइनको सङ्घर्ष' ठान्ने र दुई लाइनको सङ्घर्षलाई 'वर्गसङ्घर्ष' का रूपमा अतिरञ्जित गर्दै आफूसँग असहमत हुनेलाई 'शत्रु' घोषणा गर्ने र राजनीतिक एवं साङ्गठनिक रूपमा समाप्त पार्ने घटना देखा परे। कसैलाई 'लिन प्याओ' प्रवृत्ति त कसैलाई अर्को कुनै प्रवृत्तिको ट्याग लगाइदिएर राजनीतिक र भौतिक रूपमै समाप्त पारेका घटना पनि हामीले सुन्दै आयौँ। लागेको थियो, नेपाली कम्युनिष्ट आन्दोलन यस्ता प्रवृत्तिबाट मुक्त भएको छ र संस्कार, संस्कृति र सभ्यताको हिसाबले उन्नत ठाउँमा आइपुगेको छ। तर कमरेड 'प्रचण्ड' को कथित प्रस्तावमा प्रयुक्त भाषाहरू हेरेपछि निष्कर्षमा पुगेँ, म भ्रममा रहेछु। यी शब्दहरू बैठकमा छलफल हुँदा हुने तातो–पिरोका क्रममा उठेका होइनन्, सार्वजनिक ठाउँमा भाषण–मन्तव्य दिँदा अलिकति हौसिएर लगाइएका आरोप पनि होइनन्। यी

लिखित रूपमा, र 'प्रस्ताव'का रूपमा प्रस्तुत गरिएका छन् । शब्दलाई ब्रह्म पनि भनिन्छ। तपाईंले आफ्ना सहयोद्धाका बारेमा प्रयोग गरेका शब्दहरू सोची विचारी नै गर्नुभएको होला। इतिहासको इजलासमा दर्ज भइसकेका यी शब्दका बारेमा सार्वजनिक जवाफदेहिताको लागि तपाईँ तयार नै हुनुहुन्छ होला भन्ने मैले ठानेको छु। म भने, बिना कुनै आवेग र उत्तेजना, बिना कुनै आग्रह र आक्रोश आफ्ना विषयहरू राख्ने छु।

## ३

यस 'प्रस्ताव'मा प्रस्तुत भाषा शैली र आरोप हेरिसकेपछि सामान्य व्यक्तिले पनि अनुमान गर्नेछन्- बितेको समयमा मैले आफ्नै सहयोद्धा अध्यक्षबाट कस्तो खालको सहयोग र साथ पाएको रहेछु। जुन व्यक्तिको मनमा यति धेरै आक्रोश, आग्रह, घृणा र कुण्ठा अटेसमटेस भएर बसेको छ, त्यस्ता व्यक्तिबाट मलाई सरकार र पार्टी सञ्चालनका क्षेत्रमा कस्तो सहयोग भयो होला?

## ४

कमरेड 'प्रचण्ड', सुरुमै तपाईँलाई मेरो प्रश्न छ- पार्टीभित्र चलिरहेको यस बहसको चरित्र के हो? यो स्वस्थ नीतिगत बहस हो कि 'वार कि पार' को लडाइँ? यो अन्तरविरोध नै हो भने पनि, यो मित्रतापूर्ण हो कि शत्रुतापूर्ण? तपाईंले रोजेको बाटो वाद-प्रतिवाद-संवादको हो कि वाद-प्रतिवाद र विग्रहको? एकता-छलफल र अझ उन्नतस्तरको एकतामा हिँड्न खोजिएको हो कि एकता-विग्रह र विघटनको बाटोमा? पार्टीभित्र हाम्रो सम्बन्ध पार्टीका दुई प्रमुख नेताको सम्बन्ध हो कि दुई भिन्न वर्ग र भिन्न पार्टीका प्रतिद्वन्द्वी नेताहरूको?

विवादको स्वरूपले समाधानको विधि तय गर्छ। वस्तुतः तपाईंले आफ्ना एकतर्फी लिखतमार्फत् पार्टीभित्रका असहमतिहरूलाई शत्रुतापूर्ण अन्तरविरोधमा बदल्नुभएको छ र कम्युनिष्ट आन्दोलनलाई गंभीर सङ्कटमा धकेल्नु भएको छ। समयले यसको उचित हिसाब गर्ने नै छ।

**लागेको थियो, नेपाली कम्युनिष्ट आन्दोलन यस्ता प्रवृत्तिबाट मुक्त भएको छ र संस्कार, संस्कृति र सभ्यताको हिसाबले उन्नत ठाउँमा आइपुगेको छ। तर कमरेड 'प्रचण्ड' को कथित प्रस्तावमा प्रयुक्त भाषाहरू हेरेपछि निष्कर्षमा पुगेँ, म भ्रममा रहेछु। यी शब्दहरू बैठकमा छलफल हुँदा हुने तातो–पिरोका क्रममा उठेका होइनन्, सार्वजनिक ठाउँमा भाषण–मन्तव्य दिँदा अलिकति हौसिएर लगाइएका आरोप पनि होइनन्। यी लिखित रूपमा, र 'प्रस्ताव' का रूपमा प्रस्तुत गरिएका छन्।**

## ५

तपाईंको यो 'प्रस्ताव' वस्तुतः कुनै राजनीतिक प्रस्ताव होइन, आफ्नै सहयोद्धा अध्यक्षमाथि लगाइएको 'अभियोगपत्र' हो र यसलाई अगाडि सारेर तपाईंले वस्तुतः पार्टी विभाजनको अनौपचारिक घोषणा गर्नुभएको छ। पार्टी एकीकरण अगाडिका, त्यस क्रममा भएका र त्यस यताका समग्र समझदारी र सोच विपरीत, आम निर्वाचनका क्रममा जनतामाझ गरिएका सङ्कल्पका विपरीत, पार्टीको अन्तरिम राजनीतिक प्रतिवेदन, अन्तरिम विधान, एकीकरणको घोषणाको भावना तथा प्रावधान विपरीत एवं आम पार्टी पङ्क्ति, समर्थक–शुभचिन्तक र राजनीतिक स्थायित्वका पक्षधर आम जनताको चाहना विपरीतको यस 'प्रस्ताव'ले देशैभरि चिन्ता फैलाइदिएको छ। राजनीतिक अस्थिरताका पक्षधरहरू हौसिएका छन्। तपाईँको झूठो आरोप–पत्र हात–हातमा बोकेर विपक्षीहरू हिँड्न थालेको देखिसक्नु भएको होला। उनीहरू दङ्ग होलान्– नेकपालाई खुइल्याउन हामीले त केही गर्नै नपर्ने भयो! जनता भने पीडामा छन्। यो यति गंभीर विषय हो, जसलाई यस्तै हो भनेर छाड्न मिल्दैन। तपाईंले पार्टीका नीति या विधानसम्बन्धी प्रश्नमा मात्रै मलाई लाञ्छित गर्नुभएको छैन, मुलुकको संविधान र कानुन आकर्षित हुने फौजदारी प्रकृतिका आरोप समेत लगाउनु भएको छ। यति गम्भीर आरोप लागेको मान्छे 'आत्मालोचना' गरेर पनि उम्किन सक्दैन, आरोप पुष्टि

हुँदा ऊ राज्यको कानुन र पार्टीको विधान अनुसार कार्बाहीको भागिदार बन्नु पर्छ। तपाईँलाई मेरो चुनौती छ– कि आरोप पुष्टि गर्नुस् र राज्यको कानुन तथा पार्टी विधान अनुसार मलाई कार्बाही गर्नुस्, कि त आफ्नै सहयोद्धामाथि निराधार आरोप लगाएर पार्टी एकता भङ्ग गर्ने धृष्टताको जवाफदेही बन्न तयार हुनुहोस्।

## ६

तपाईंले बारम्बार आफूलाई सहमतिको पक्षधर रहेको, सधैभरि त्यसको अगुवाइ गरेको स्वघोषणा गर्दै मलाई सहमति भङ्ग गरेको आरोप लगाउने गर्नुभएको छ। तपाईंले सहमतिको लक्ष्मणरेखा ननाघ्नु भएको भए हामीले भनेको 'कट् अफ डेट' (२०७७ भदौ २६) अगाडिका कुनै पनि विषयको चर्चासम्म गर्ने थिइनँ। तर तपाईंले आफ्ना आरोपलाई कमिटीको होइन, सार्वजनिक बहसको विषय बनाउनु भएपछि, जनताले पनि सबै सत्यतथ्य थाहा पाउनु पर्छ। यहाँनिर स्मरण गराउन चाहन्छु, २०७७ कार्तिक २८ गते केन्द्रीय सचिवालयको बैठक सकिन पाउँदा नपाउँदै, त्यहाँ वितरित लिखत स्वयं सचिवालय सदस्यहरूले अध्ययन गरेर सक्न नपाउँदै विभिन्न सार्वजनिक सञ्चारमाध्यमहरूमा छ्याप्छ्याप्ती भइसकेका थिए/गराइएका थिए। अझ, कुनै संस्थागत निर्णयबिनै आफ्ना आरोपहरूलाई पार्टीको लोगो र केन्द्रीय कार्यालयको नाम अनधिकृत रूपमा प्रयोग गरेर प्रकाशन गरिएको विषयमा मैले उपयुक्त समयमा तपाईंसम्म जवाफ माग्ने नै छु। पार्टी एकीकरणपछिका सहमतिका बारेमा सविस्तार केही कुरा राख्नु पूर्व म इतिहासका केही प्रसङ्ग उल्लेख गर्न चाहन्छु।

## ७

शान्ति प्रक्रिया प्रारम्भ भएपछिकै प्रसङ्गबाट सुरु गरौँ। पहिलो संविधानसभा निर्वाचनमा सबैभन्दा ठूलो पार्टीको रूपमा देखा परेको तत्कालीन नेकपा (माओवादी) लाई संविधान निर्माणको अगुवाइ

**यति गम्भीर आरोप लागेको मान्छे 'आत्मालोचना' गरेर पनि उम्किन सक्दैन, आरोप पुष्टि हुँदा ऊ राज्यको कानुन र पार्टीको विधान अनुसार कार्बाहीको भागिदार बन्नु पर्छ। तपाईलाई मेरो चुनौती छ– कि आरोप पुष्टि गर्नुस् र राज्यको कानुन तथा पार्टी विधान अनुसार मलाई कार्बाही गर्नुस्, कि त आफ्नै सहयोद्धामाथि निराधार आरोप लगाएर पार्टी एकता भङ्ग गर्ने धृष्टताको जवाफदेही बन्न तयार हुनुहोस्।**

गर्ने ऐतिहासिक अवसर प्राप्त भएको थियो। निर्वाचनमा धक्का खाएका तत्कालीन नेकपा (एमाले) र नेपाली काङ्ग्रेस आफ्ना कतिपय आधार भूत मान्यतामा सम्झौता गरेरै भए पनि संविधान बनोस् भन्ने पक्षमा थिए। तर निर्वाचन- सफलताको उन्मादमा तपाईंले पहिले गिरिजाप्रसाद कोइरालालाई र पछि माधवकुमार नेपाललाई अन्तिम अवस्थामा धोखा दिनुभयो। उम्मेदवारी दाखिला गर्नुभन्दा केही मिनेट अगाडि मात्र संसदीय दलको कार्यालयमा तत्कालीन नेकपा (एमाले) का महासचिव झलनाथ खनाललाई बोलाएर माधवकुमार नेपाललाई राष्ट्रपतिमा समर्थन गर्न सकिँदैन भन्ने जनाउ दिएको सायद बिर्सनु भएको छैन होला। कसको इशारामा र योजनामा भएका थिए यी सबै दाउपेच? तैपनि तत्कालीन नेकपा (एमाले) जनादेशलाई कदर गर्दै माओवादीले सरकारको नेतृत्व गर्न पाउनुपर्छ भन्ने पक्षमा उभियो। संयुक्त सरकार बन्यो। तर सहमतिका साथ अगाडि बढ्ने यावत् प्रयाशका बाबजुद, संविधान निर्माणमा केन्द्रित हुनुपर्नेमा त्यसो नगरी, राज्यसंयन्त्रमा जथाभावी हस्तक्षेप गर्न खोज्दा उक्त सरकार कसरी ढल्यो, त्यसपछि तपाईं कुन बाटोमा अगाडि बढ्न खोज्नुभयो र त्यसका लागि के कस्ता प्रयाश गर्नुभयो? इतिहासले बिर्सेको छैन। सहमतिका आधारमा संविधान बनाउन २०६९ साल जेठ २ गते गरिएको सहमति किन भङ्ग भयो, संविधानसभालाई निरन्तरता दिन अन्य दलले गरेको आग्रहलाई तपाईंले कसरी लत्याउनु भयो र मुलुकलाई जनप्रतिनिधिबिहीन शून्यतामा पुर्‍याउनु भयो? इतिहासले यति सजिलै

भुल्ने छैन । तैपनि, राजनीतिक दलहरूले सुझबुझका साथ संविधानसभाको दोस्रो निर्वाचन गराए। निर्वाचनको परिणाम स्वीकार्न तपाईँलाई कति गाऱ्हो भएको थियो ? कसरी 'छानविन समिति' बनाएर तपाईंको 'फेस सेभिङ' गर्नुपरेको थियो ? सबै सम्झना छ नि, होइन र ? त्यतिबेला, संविधान, शासकीय स्वरूप र सङ्घीयताबारे तपाईं के भन्नुहुन्थ्यो, के मान्यता राख्नुहुन्थ्यो ? समकालीन नेपाली समाजले सबै हेक्का राखेकै छ। त्यसैले यस्ता विषयहरू आफ्ना 'लाइक माइण्डेड' हरूको बीचमा खपतका लागि भन्नु स्वाभाविकै भए पनि इतिहासमा रेकर्ड हुने दस्तावेजमा राख्दा चाहिँ तपाईंले ख्याल गर्नु भएको हुन्थ्यो । अर्थात्, संविधान निर्माण र यसप्रतिको तपाईंको 'निष्ठा' तपाईंले दाबी गरे जस्तो 'निष्ठा' होइन, परिवर्तित शक्ति सन्तुलनले निर्माण गरेको बाध्यात्मक परिस्थितिको उपज थियो। त्यसै पनि, यस संविधानको पूर्ण कार्यान्वयनमार्फत् अपेक्षित परिणाम निकाल्नेमा होइन, तपाईंको रुचि आज पनि संशोधनको नाममा निरन्तर प्रयोग एवं परीक्षण र विभिन्न बहानामा अन्ततः अस्थिरतामै रम्ने छ भन्ने कुरा धेरै तथ्यहरूले पुष्टि गर्छन् ।

## ८

संविधान निर्माणपछि पूर्वसहमति अनुसार मेरो नेतृत्वमा संयुक्त सरकार बन्यो। हाम्रो बीचमा, सरकार बनाउने कुरामा मात्रै होइन, निर्वाचनसम्म सँगै जाने, संयुक्त रूपमा निर्वाचन लड्ने र निर्वाचनपछि पार्टी एकता गर्नेसम्मका सहमति भएका थिए । नाकाबन्दी जस्तो प्रतिकूल र इतिहासकै कठीन कालखण्डमा निर्माण भएको, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र मुलुकको उज्ज्वल भविष्यका लागि युगान्तकारी काम गर्दै अगाडि बढेको सरकारलाई ढाल्न, सरकार गठन भएको सात महिना नबित्दै तपाईं स्वयं अग्रसर हुनुभयो । सहमतिका साथ अगाडि बढ्ने यावत् प्रयाश र प्रस्तावलाई लत्याएर आफैले प्रस्ताव गरेको, आफ्नै पार्टी सम्मिलित सरकारका विरुद्ध अविश्वास प्रस्ताव दर्ता गर्न आफ्ना मन्त्री साथीहरूलाई झण्डा हल्लाउँदै जान निर्देशन दिनुभयो । त्यसो गर्दा तपाईंलाई नैतिकताको प्रश्नले अलिकति पनि छोएन है भनेर मैले कहिल्यै सोधिनँ। त्यसपछि

**स्थानीय चुनावमा सारा घेराबन्दीलाई तोड्दै नेकपा (एमाले) पहिलो शक्तिका रूपमा उदायो। दोस्रो संविधानसभामा कमजोर बनेको जातीय–क्षेत्रीय अतिवाद स्थानीय चुनावसम्म आइपुग्दा लगभग निस्तेज भयो। अवस्था यस्तो भयो कि, आफ्नै छोरीलाई जिताउन मतपत्र च्यात्ने लज्जास्पद उपायको सहारा लिनु पर्ने ठाउँमा तपाईंलाई पुऱ्यायो।**

एउटा प्रयाशको अगुवाइ गर्नुभयो, एमालेलाई मुलुकबाट किनारा लगाउने। त्यतिबेलाको तपाईंको गठबन्धनका एकजना नेताले बारम्बार उल्लेख गर्ने गरेको 'एमालेबिहीन मुलुक' प्रति तपाईंको प्रतिक्रिया के थियो, मैले कहिल्यै सोधिनँ। तर त्यो प्रयोग असफल भयो। स्थानीय चुनावमा सारा घेराबन्दीलाई तोड्दै नेकपा (एमाले) पहिलो शक्तिका रूपमा उदायो। दोस्रो संविधानसभामा कमजोर बनेको जातीय–क्षेत्रीय अतिवाद स्थानीय चुनावसम्म आइपुग्दा लगभग निस्तेज भयो। अवस्था यस्तो भयो कि, आफ्नै छोरीलाई जिताउन मतपत्र च्यात्ने लज्जास्पद उपायको सहारा लिनु पर्ने ठाउँमा तपाईंलाई पुऱ्यायो। तपाईंका अगाडि एउटा गंभीर प्रश्न उभियो, नेपाली काङ्ग्रेससँगको गठबन्धनमा गाँसिदै अन्ततः बिलयनको बाटोमा जाने कि नयाँ राजनीतिक संभावनाको खोजी गर्ने ? ठीक यही बिन्दुमा हो, दुई पार्टीबीच चुनावी गठबन्धन गर्ने निष्कर्षमा हामी पुगेको। मैले कहिल्यै पनि तपाईंलाई सोधेको छैन– कमरेड, आफै सम्मिलित गठबन्धनको मुख्य पार्टीलाई थाहै नदिई, एक किसिमले छापामार शैलीमा, विपक्षी पार्टीसँग चुनावी तालमेल गर्दा भोलि उठ्न सक्ने नैतिकताको प्रश्नले तपाईंलाई अलिकति पनि छोएन ? म आज पनि यो प्रश्न सोध्दिनँ, किनभने यो राम्रो कामको लागि तपाईंले लिएको जोखिम हो भनेर मैले अनुमान गरेँ। तर जब आज पनि तपाईं, सिधै प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्तावका लागि भनेर हस्ताक्षर गराउँदा साथीहरूले प्रश्न उठाउलान् भनेर, विभिन्न विकास आयोजनाका लागि सरकारसँग माग

गर्ने बहानामा सांसदहरूलाई खाली कागजमा सही गराउँदै हुनुहुन्छ, गंभीर नैतिक प्रश्न त उठ्छ नै।

## ९

कामरेड 'प्रचण्ड', किन यस्तो अपारदर्शिता? किन यस्तो छलछाम? राजनीतिमा सहमत हुन पाइन्छ, असहमत हुन पनि पाइन्छ। भएको पार्टी विघटन गर्न र नयाँ पार्टी बनाउन पनि पाइन्छ। भएकै कुनै पार्टीमा जोडिन पनि पाइन्छ। तपाईं आफै यस्ता कुरालाई स्वाभाविक र आफ्नो नियमित अभ्यास भन्ने गर्नुहुन्छ। 'भत्काउने- बनाउने- फेरि भत्काउने' यस्तो विषयलाई गर्वको विषय बताउनु हुन्छ। अझ थप, दिक्क लाग्यो भने, राजनीति छाड्न पनि पाइन्छ। विश्राम लिन पनि पाइन्छ। तर लोकतन्त्रमा पारदर्शिता र नैतिकता ठूलो विषय हो। युद्धका बेला काम लागेका विधिहरू शान्तिपूर्ण, लोकतान्त्रिक र खुल्ला समाजमा सधैभरि काम लाग्दैनन्। मेरो प्रश्न तपाईंले लिन खोजेको बाटोप्रति होइन, ती कामलाई 'सहमति' को आवरणमा गर्नुभएको दोहोरो मापदण्ड र बहानाबाजीको हकमा हो।

## १०

आम जनतालाई हर्षित र अरुलाई विश्मित पार्दै २०७४ साल असोज १४ गते हामी दुईजना नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) बीच चुनावी गठबन्धन गर्ने र चुनावपछि पार्टी एकता गर्ने सहमतिमा आइपुग्यौं। यो नेपालको राजनीतिक तस्बिर बदल्ने दूरगामी घटना थियो। तर तपाईं यस सहमतिको एउटा महत्वपूर्ण बुँदामा २४ घण्टा पनि अडिनु भएन। अघिल्लो दिन एउटै चुनाव चिह्न 'सूर्य' मा चुनाव लड्ने भनेर गरेको हस्ताक्षरलाई अस्वीकार गर्न पुग्नुभयो। तर पनि मैले यसलाई तपाईंलाई अप्ठ्यारो परेको अर्थमा बुझेँ र यसबारे कुनै प्रश्न उठाइनँ। तर निर्वाचनमा हामीले यसको मूल्य चुकायौं। नेकपालाई एक्लै दुई तिहाइ पुऱ्याउन सघाउने लाखौं मतहरू यसै कारणले बदर भए। अरुबेला भए

**सहमतिको एउटा महत्वपूर्ण बुँदामा २४ घण्टा पनि अडिनु भएन। अघिल्लो दिन एउटै चुनाव चिह्न 'सूर्य' मा चुनाव लड्ने भनेर गरेको हस्ताक्षरलाई अस्वीकार गर्न पुग्नुभयो। तर पनि मैले यसलाई तपाईंलाई अप्ठ्यारो परेको अर्थमा बुझेँ र यसबारे कुनै प्रश्न उठाइनँ। तर निर्वाचनमा हामीले यसको मूल्य चुकायौँ। नेकपालाई एक्लै दुई तिहाइ पुऱ्याउन सघाउने लाखौँ मतहरू यसै कारणले बदर भए।**

मैले सोध्ने थिइनँ, तर आज जब तपाईं प्रकारान्तरले एकताको औचित्य समाप्त भएको घोषणा गरे जसरी प्रस्तुत हुनुभएको छ, सोध्न मिल्छ होला नि– २४ घण्टामै सहमति उल्ट्याउने यो निर्णय तपाईंले कसको दबाब र प्रभावमा गर्नुभएको थियो? अनि, यसले पनि तपाईं सधैंभरि सहमतिको पक्षधर भएको पुष्टि गर्छ र?

## ११

तपाईंले निर्वाचनपछि आफूलाई पाँचै वर्ष प्रधानमन्त्री बन्न प्रस्ताव गरिएको, तर आफूले त्यस अवसरलाई लत्याएर ठूलो त्याग गरेको र केपी ओलीलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेको भन्ने गर्नुभएको छ। तत्कालीन नेकपा (एमाले) सँग सरकार बनाउन १५ सिट अपुग भएको यथार्थ हो। तपाईंले मलाई प्रधानमन्त्री प्रस्ताव गर्नुभएको र दुई पार्टीको सहकार्यबाट सरकार बनेको पनि यथार्थ हो। तर तपाईंको यो 'महान त्याग' को दाबी पुष्टि गर्नु अघि मामुली लाग्ने, तर केही अर्थपूर्ण घटनाक्रमलाई स्मरण गर्नु पर्ने हुन्छ। निर्वाचन आयोगले 'समानुपातिक तर्फको मतगणना गरेर राष्ट्रियसभाको निर्वाचन नहुञ्जेल प्रतिनिधिसभाको परिणाम घोषणा गर्न मिल्दैन' भनेर निर्वाचन सकिएको झण्डै साढे दुई महिनासम्म परिणाम निकाल्न अस्वीकार गऱ्यो। आयोगमा तपाईंले सिफारिस गरेर पठाइएका साथीहरूको भूमिका यस सम्बन्धमा के थियो? दुनियाँलाई थाहा छ।

गठबन्धनको पक्षमा स्पष्ट बहुमत हुँदाहुँदै पनि सरकार बन्न कृत्रिम अवरोध सिर्जना गरियो। प्रतिनिधिसभामा १६ सिट जितेको सङ्घीय समाजवादी फोरमले सबैभन्दा ठूलो पार्टीलाई बाहिर राखेर सरकार बनाउनु गलत हुने कुरा गरेपछि मात्रै घटनाक्रमले सहज मोड लिएका हुन्। तर मैले प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण गर्ने दिन दुबै पार्टीका साथीहरूलाई साथै राखेर सानो टिम बनाउन पाइनँ। जनताले पहिलो गासमै ढुङ्गा लागेको अनुभव गरे। २०७४ फागुन ७ गते राति 'दुई अध्यक्ष र आलोपालो प्रधानमन्त्री' को लिखतमा सही नहुञ्जेल सरकारले पूर्णता पाउने वातावरण बनेन। एउटै चुनावी घोषणापत्र सहित, वाम गठबन्धन बनाएर चुनाव लडेको पार्टीका नेताको हैसियतमा तपाईंले अर्को पार्टीको समर्थनमा प्रधानमन्त्री बन्ने प्रयाश गर्नु नैतिकताको कसीमा कहाँनेर उभिन पुग्थ्यो ? चुनावबाट तेस्रो पार्टीका रूपमा आएको पार्टीका अध्यक्षले 'मैले प्रधानमन्त्री बन्न प्राप्त अवसर लत्याएँ' भन्नु त्याग थियो कि तपाईंभित्र सुषुप्त रूपमा लुकेको सत्तालिप्सा ? जे होस्, हामीले नयाँ समझदारी गऱ्यौँ, म प्रधानमन्त्री बनेँ। यो एकतर्फी त्याग थिएन भन्ने तपाईंले हेक्का राख्नु राम्रो हुन्छ। हामीले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, राष्ट्रियसभा अध्यक्ष, उपसभामुख र उपाध्यक्ष लगायतमा यसै हिसाबले समझदारी गरेका छौँ। यहाँले 'महान त्याग' को कुरा गर्नु अगाडि निर्वाचन परिणाम के थियो, त्यसमा हाम्रा दुई पार्टीलाई प्राप्त प्रत्यक्ष र समानुपातिक तर्फको लोकप्रिय मत कति थिए ? एकचोटी स्मरण गर्नु राम्रो हुने छ। "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय आकांक्षामा तपाईं सहमत हुनुहुन्छ? यदि हुनुहुन्छ भने यस राष्ट्रिय आकांक्षा पूरा गर्न दृढतापूर्वक लागेको आफ्नै दलको सरकारलाई गठन हुँदाको प्रारम्भ देखिनै असहयोग गर्ने, नियोजित रूपमा सरकार विरुद्ध षडयन्त्र गर्ने, राज्यका संयन्त्रमाथि अनधिकृत हस्तक्षेप गर्ने र दबाब दिने चेष्टा किन गर्न खोजिएको छ? इतिहासले जवाफ खोज्ने छ।

## १२

तर सोचे अनुसार पार्टी एकीकरणको काम सहज ढङ्गले अगाडि बढेन। निर्वाचनमा प्राप्त जनमत र मुलुकको संविधान अनुसार बन्नुपर्ने

**एउटै चुनावी घोषणापत्र सहित, वाम गठबन्धन बनाएर चुनाव लडेको पार्टीका नेताको हैसियतमा तपाईंले अर्को पार्टीको समर्थनमा प्रधानमन्त्री बन्ने प्रयाश गर्नु नैतिकताको कसीमा कहाँनेर उभिन पुग्थ्यो ? चुनावबाट तेस्रो पार्टीका रूपमा आएको पार्टीका अध्यक्षले 'मैले प्रधानमन्त्री बन्न प्राप्त अवसर लत्याएँ' भन्नु त्याग थियो कि तपाईँभित्र सुषुप्त रूपमा लुकेको सत्तालिप्सा ?**

प्रधानमन्त्री पद र पार्टी विधान अनुसार हुनुपर्ने अध्यक्ष पदलाई छ्यासमिस गरेर मलाई एकठाउँमा मात्र सीमित गर्ने निकै प्रयाश गर्नुभयो।

## १३

३ जेठ २०७५ मा सम्पन्न एकताको ऐतिहासिक घोषणाले पार्टी पङ्क्तिमा र आम जनतामा समेत ठूलो उत्साहको सिर्जना गऱ्यो। हामीले एकीकरणका बाँकी काम तीन महिनामा सक्ने अठोटका साथ सबै कमिटी भङ्ग गऱ्यौँ। दुई वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने गरी केन्द्रीय कमिटी, स्थायी कमिटी, सचिवालय सहित केही कमिटी मनोनयन गऱ्यौँ। तर एकीकरणका काम अझै पूरा भएका छैनन्। किन हुन सकेनन् ? म पछि छलफल गर्ने छु। तर निर्वाचन परिणाम, नयाँ सरकार गठन र एकीकरणले ल्याएको उत्साहमा चिसो पानी खन्याउने गरी तपाईंले आफ्नो भारत भ्रमणको क्रममा आलोपालो प्रधानमन्त्रीको सहमति भएको 'खुलासा' गर्नुभयो। यसबाट राष्ट्रिय स्वाधीनता, हित र स्थायीत्वमाथि गम्भिर प्रतिकूल असर पर्दैन ? त्यही कुरा अभिव्यक्त गर्नु थियो भनेपनि त्यस भन्दा अघि वा पछि समय उपलब्ध हुन सक्दैन थियो र ? विदेशी भूमिमा गएर राजनीतिक अस्थिरताको सन्देश दिनु पर्ने खण्डखातिर किन पऱ्यो, मैले आजसम्म पनि तपाईंलाई सोधेको छैन। तर के त्यसको कुनै गंभीर अर्थ थिएन र ? त्यस यता तपाईंले कतिचोटि मन्त्रिपरिषद् पुनर्गठनको घोषणा

गर्नुभएको छ, कतिचोटी सरकार परिवर्तनको खुल्ला अभिव्यक्ति दिनुभएको छ र कतिचोटी छिट्टै आफू सरकारको नेतृत्वमा आउने भएको हुनाले कतिपय विषय पछि सल्टाउँला भन्दै मित्र राष्ट्रसँगका कतिपय विषयलाई अल्झाउनु भएको छ, सम्झना गर्नुभएको छ नि ? एकलव्य जस्तै खालि सरकारमा मात्रै तपाईँको ध्यानदृष्टि र प्रधानमन्त्री र सरकारको स्थायित्व विरुद्ध निरन्तर रागका कारण राजनीतिक स्थिरता विरुद्ध कस्तो सन्देश गइरहेको छ, ख्याल गर्नुभएको छ नि ?

## १४

हाम्रो पार्टी एकता निर्वाचन परिणामका हिसाबले दुई भिन्न आकार र हैसियतका पार्टीबीचको एकता थियो। तर हामीले निर्वाचनमा प्राप्त मतलाई एकीकरणको आधार बनाएनौँ। केन्द्रीय कमिटी बनाउँदा होस् या अन्य कमिटी, कहिल्यै निर्वाचनमा प्राप्त करिब ३२ लाख र १३ लाखको अङ्कलाई मैले सम्झना गरिनँ। आन्दोलनका दुई धार, दुई पृष्ठभूमि र दुई इतिहासको एकताको अर्थमा यसलाई अगाडि बढाउने प्रयाश गरेँ। आकारको यस भिन्नताले कुनै मनोवैज्ञानिक भय सिर्जना नगरोस्, एक पार्टी अर्को पार्टीमा समायोजन या विलय भएको अर्थ नलागोस् र जनमतको हिसाबले सानो पार्टीमा आफूलाई किनारा लगाइन्छ कि भन्ने आशङ्का नहोस् भन्नाका लागि एकीकरणका क्रममा केही विशेष संरचना निर्माण गरिए, जुन कम्युनिष्ट आन्दोलनको परम्परा र हामीले भन्ने गरेको (लेनिनवादी) सङ्गठनात्मक सिद्धान्तसँग मेल खाँदैनन्। पार्टीमा दुई जना अध्यक्षको व्यवस्था, महाधिवेशनसम्म सबै निर्णयहरू सहमतिका आधारमा गरिने विधिवत् प्रबन्ध र महाधिवेशनसमेत सहमतिमा गर्ने भनेर राखिएको व्यवस्था अकारण थिएन, होइन। यी विषयहरू पार्टी एकता सहज र निरापद ढङ्गले सम्पन्न होस्, कुनै पक्षमा पनि श्रेष्ठताभाष या लघुताभाषको स्थिति नआओस् र सङ्गठनात्मक ढङ्गले पनि कतै व्यवधान नआओस् भनेर गरिएका हुन्। तदनुरूप नै कमिटीहरू बने, आन्दोलनलाई जोड्ने भावनाका आधारमा। जनाधार र लोकप्रियताका आधारमा होइन, एकताको स्पिरिटको मार्गदर्शनमा। जमानत नजोगिएको

**पार्टीमा दुई जना अध्यक्षको व्यवस्था, महाधिवेशनसम्म सबै निर्णयहरू सहमतिका आधारमा गरिने विधिवत् प्रबन्ध र महाधिवेशनसमेत सहमतिमा गर्ने भनेर राखिएको व्यवस्था अकारण थिएन, होइन। यी विषयहरू पार्टी एकता सहज र निरापद ढङ्गले सम्पन्न होस्, कुनै पक्षमा पनि श्रेष्ठताभाष या लघुताभाषको स्थिति नआओस् र सङ्गठनात्मक ढङ्गले पनि कतै व्यवधान नआओस् भनेर गरिएका हुन्।**

ठाउँमा समेत झण्डै बराबरीको हैसियतमा कमिटीहरू गठन गरिएका छन्। कहाँनेर एकताको भावना प्रतिविम्बित भएन ?

## १५

आज तपाईंले अलिकति 'पायक' परेको हिसाब गरेर कमिटीमा अल्पमत बहुमतको विधि कार्यान्वयन गर्ने वकालत गर्न थाल्नुभएको छ। आफ्ना सहयोद्धा कमरेडहरूको भावना होइन, टाउका गन्न थाल्नु भएको छ। कित्ताकाट गर्न थाल्नु भएको छ। सम्झिनुहोस् त, केन्द्रीय सचिवालयदेखि स्थानीय कमिटीसम्म अधिकांश ठाउँमा साबिक एमालेको एकजना भए पनि बढी सङ्ख्या छ। बहुमतको त्यो अङ्कगणित तपाईंका विरुद्ध प्रयोग गरिएको भए के हुन्थ्यो ? ठिकै छ, यो विधि अवलम्बन गर्ने हो भने पनि पहिले एकताको आधार फेरौं, अनि विधान संशोधन गरौं। मैले त पार्टीका हुन् कि राज्यका, हरेक जिम्मेवारी प्रतिष्पर्धामा विजय हासिल गरेरै प्राप्त गरेको हुँ। महाधिवेशनबाट विचार, सङ्गठन संरचना र नेतृत्व खुल्ला प्रतिष्पर्धाका आधारमा चयन गर्न तपाईं तयार हो ? म त तयारै छु।

## १६

महाधिवेशनबाट निर्वाचित अध्यक्षका रूपमा मेरो हैसियतमाथि समेत तपाईंले प्रश्न उठाउनु भएछ। त्यतिमात्रै तर्क गरौं, जतिमा

अडिन सकिन्छ। यो तर्क गरिरहँदा तपाईं यो ठाउँमा आउनु भएको पनि तत्कालीन नेकपा (माओवादी-केन्द्र) को अध्यक्षकै हैसियतले हो भन्ने नबिर्सनुस्। मोटरसाइकलको एउटा पाङ्ग्रा खुस्कायो भने अर्को पनि लड्छ। हामी दुई जनाले आ-आफ्ना पार्टीका अध्यक्षको हैसियत प्रयोग गरेर एकताको सहमति गर्‍यौँ, आ-आफ्नो पार्टी समक्ष उक्त एकताको प्रस्ताव राख्यौँ। हामीलाई पार्टीले अवलम्बन गरेको सिद्धान्त र कार्यक्रम, नाम र संरचना छाड्ने जनादेश महाधिवेशनबाट प्राप्त थिएन। तर पनि दुबै पार्टीका केन्द्रीय कमिटीले अध्यक्षका प्रस्तावलाई अनुमोदन गरे। अन्य सबै संरचना अध्यक्षहरूको प्रस्तावमा केन्द्रीय कमिटीले वैधता दिएका संरचना हुन्। हामीले 'कोर अफ द लिडर' भनेर महत्व दिएको केन्द्रीय सचिवालयले पनि यो हैसियत यसैगरी प्राप्त गरेको हो। एकीकरणको दुई वर्षपछि आएर, कसैको 'हामी पनि त महाधिवेशनबाट निर्वाचित थियौँ नि, हाम्रो मूल्य खोइ ?' भन्ने असन्तुष्टिलाई आफ्नो प्रस्तावमा घुसाउँदा यसको के अर्थ लाग्छ ? यसले तपाईं आफैलाई, आफैले गरेको सहमति र निर्णयलाई उपहास गर्छ भन्ने कुरा कसरी बिर्सनु भयो ?

## १८

लामो समयको अन्योल र अस्थिरताले पार्टी काममा गंभीर अवरोध सिर्जना भएपछि केन्द्रीय सचिवालयले गत वर्ष मङ्सिरमा नयाँ निर्णय गर्‍यो- केपी ओलीले प्रधानमन्त्रीका रूपमा पाँचै वर्ष सरकारको नेतृत्व गर्ने र पार्टीमा कार्यकारी अधिकारसहित पुष्पकमल दहाल 'प्रचण्ड' ले पार्टी कामको नेतृत्व गर्ने। त्यस निर्णयमा मेरो कहिल्यै असहमति रहेन, छैन। तपाईंले बारम्बार चित्त दुखाउने गर्नुभएको टेलिभिजन कार्यक्रम 'फायरसाइड' मा मैले भनेको के मात्रै हो भने- हाम्रो पार्टीमा एकजना संवैधानिक या मानार्थ र अर्को कार्यकारी अधिकारसहितका अध्यक्ष छन् भन्ने व्याख्या सही होइन। हामी दुबैजना कार्यकारी अधिकार सहितकै अध्यक्ष हौँ, तर अहिले मैले आफूलाई कार्यकारी अध्यक्षका हैसियतले सरकारको काममा केन्द्रित गराउँछु, पार्टीको काम कार्यकारी अध्यक्षका हैसियतले अध्यक्षका रूपमा प्रचण्डले गर्नुहुन्छ।' यसमा आपत्ति जनाउनु

**कार्यकारी अध्यक्षका रूपमा जिम्मेवारी प्राप्त व्यक्तिले आफ्नो निवासलाई निश्चित समूहका साथीहरूमात्रै बस्ने गुटबन्दीको हेडक्वार्टर बनाउनु पर्ने, मसँग छलफल गर्नु पर्दा या कमिटीमा कुनै निर्णय गर्नु पर्दा आफ्नाहरूबीच साझा धारणा बनाएर मात्रै आउनु पर्ने र कमिटी बैठकहरू गुटका निर्णय अनुमोदन गर्ने असहाय थलो जस्तो हुनु पर्ने स्थितिप्रति मैले आपत्ति जनाएको हुँ।**

पर्ने कारण के छ? के त्यस बैठकले मलाई अध्यक्ष पदबाटै निलम्बन या बर्खास्त गरेको थियो र? के सचिवालयले विधान संशोधन गरेर पार्टीमा एकजना सेरेमोनियल अध्यक्ष, अर्को एक्जेक्युटिभ अध्यक्ष हुने व्यवस्था गरेको थियो र? साँच्चै भन्ने हो भने त्यसपछि आयोजित सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीका कतिपय बैठक या सेसनमा म जाँदा पनि गइनँ, तपाईंलाई काम गर्न सहज होस् भनेर। समस्या त त्यहाँबाट सिर्जना भएको हो, जब कार्यकारी अध्यक्ष स्वयंले खुमलटारलाई पार्टीभित्रका निश्चित कमरेडहरू मात्रै बस्ने थलोका रूपमा विकास गर्नुभयो। यसप्रति मैले असहमति जनाएको हुँ। कार्यकारी अध्यक्षका रूपमा जिम्मेवारी प्राप्त व्यक्तिले आफ्नो निवासलाई निश्चित समूहका साथीहरूमात्रै बस्ने गुटबन्दीको हेडक्वार्टर बनाउनु पर्ने, मसँग छलफल गर्नु पर्दा या कमिटीमा कुनै निर्णय गर्नु पर्दा आफ्नाहरूबीच साझा धारणा बनाएर मात्रै आउनु पर्ने र कमिटी बैठकहरू गुटका निर्णय अनुमोदन गर्ने असहाय थलो जस्तो हुनु पर्ने स्थितिप्रति मैले आपत्ति जनाएको हुँ। आज पनि मेरो प्रश्न छ, कमिटीमा खुल्ला खुलस्त छलफल गरेर निष्कर्षमा पुगिने ठाउँ हुँदाहुँदै, नेताहरूलाई निश्चित मान्यतामा 'स्वः' गराएर मात्रै बैठकमा आउनु पर्ने यस्तो अविश्वास र दाउपेचको आवश्यकता किन पऱ्यो? कमिटीमा विषयगत रूपमा हुने छलफल, सहमति र असहमति तथा त्यस आधारमा हुने गतिशीलतालाई बन्धित बनाउनु पर्ने आवश्यकता किन पऱ्यो?

## १८

यिनै विविध कारणहरूले पार्टीभित्रको समस्या झ्याँगिदै गएपछि हामीले गत साउन ३० गते सहमतिमा कार्यदल बनायौँ। कार्यदलले पार्टीभित्रको समस्या समाधानका लागि सुझावसहितको प्रतिवेदन तयार गर्‍यो। स्थायी कमिटीले त्यसलाई सर्वसम्मत रूपमा पारित गर्‍यो। भदौ २६ को उक्त सहमतिप्रति म आज पनि उत्तिकै प्रतिबद्ध छु। मैले त्यसमा प्रयोग भएको एउटा शब्दप्रति मात्रै ध्यानाकर्षण गराएको हुँ, जुन गंभीर र मुलुकको संवैधानिक प्रबन्धसँग सम्बन्धित छ। राज्यको नीति निर्माण, मुख्य राजनीतिक नियुक्ति र सरकार सञ्चालनका नीतिगत पक्षहरूमा पार्टी नेताहरूको परामर्श आवश्यक छ भन्ने कुरामा म स्पष्ट छु। तर प्रत्येक नियुक्ति, मन्त्रिपरिषद्का प्रत्येक निर्णय या गठन/पुनर्गठनमा सहमति नै खोज्ने कुरा भने संभव छैन। यो प्रश्न हामीले कस्तो शासन प्रणाली खोजेको हो भन्ने विषयसँग सम्बन्धित छ। हामीले थाहा पाउनु पर्छ– परम्परागत कम्युनिष्ट शासन व्यवस्थाभन्दा हाम्रो मुलुकमा बहुदलीय प्रतिस्पर्धात्मक निर्वाचनबाट विजयी भएर बनेको सरकार चल्ने संवैधानिक प्रबन्ध भिन्न छ। हाम्रो संवैधानिक प्रबन्ध अनुसार पार्टीहरू चुनाव लड्छन्, चुनावी घोषणापत्रका आधारमा जनताबाट समर्थन प्राप्त गर्छन्। पार्टीका निर्वाचित जनप्रतिनिधिहरूबाट संसदीय दल बन्छ। यसपछि भने पार्टी र संसदीय दल अलि भिन्न हुन पुग्छन्। संसदीय दल आफ्नै विधान अनुसार चल्छ (यद्यपि, त्यस विधानलाई पनि पार्टीले अनुमोदन गर्नुपर्छ)। अनि, दलको प्रस्ताव र संसदको बहुमतको समर्थनमा प्रधानमन्त्री चयन हुन्छ, सरकार बन्छ। सरकार बनेपछि प्रधानमन्त्री र सरकारलाई पार्टीको विधानले मात्रै बाँध्न सक्दैन। उनीहरू मुलुकको संविधान र कानुन अनुसार, संसदप्रति उत्तरदायी हुँदै चल्नुपर्छ। पार्टीको नीतिगत निर्देशनमा, सरकार सापेक्षित स्वायत्तताका साथ, संवैधानिक प्रबन्ध अनुसार चल्छ। यो फरक तपाईंलाई चित्त नबुझेको हो, यसको विकल्प खोजिएको हो र परम्परागत कम्युनिष्ट ढाँचामै जानु पर्छ भन्ने मान्यता हो भने आउनुस्,

**म सधैँभरि प्रधानमन्त्री बन्ने होइन र यो विषय मैले आफ्ना लागि उठाएको पनि होइन। पद्धतिका लागि उठाएको हुँ। एकल बहुमतको सरकारमा मात्रै होइन, संयुक्त सरकारमा पनि मन्त्रीहरू प्रधानमन्त्रीप्रति उत्तरदायी हुन्छन्, हुनुपर्छ। यसो नहुने हो भने राज्य चल्दैन।**

खुल्ला खुलस्त छलफल गरौँ। अन्यथा, मैले त्यतिबेला व्यक्त गरेको भनाइलाई तोडमरोड गर्नुको कुनै अर्थ छैन।

## १९

प्रधानमन्त्रीको रूपमा पार्टीले विश्वास गरिसकेपछि उसलाई आफ्नो टिम छनोट गर्ने सापेक्षित स्वायत्तता र अधिकार हुनुपर्छ भन्ने कुरामा म स्पष्ट छु। म सधैँभरि प्रधानमन्त्री बन्ने होइन र यो विषय मैले आफ्ना लागि उठाएको पनि होइन। पद्धतिका लागि उठाएको हुँ। एकल बहुमतको सरकारमा मात्रै होइन, संयुक्त सरकारमा पनि मन्त्रीहरू प्रधानमन्त्रीप्रति उत्तरदायी हुन्छन्, हुनुपर्छ। यसो नहुने हो भने राज्य चल्दैन। प्रधानमन्त्री बनाउने, तर उसले विश्वास गरेको टिम छनोट गर्न नपाउने, उपयुक्त ठाउँमा नियुक्ति गर्न पनि नपाउने, मन्त्रीहरूलाई उसले होइन अरु कसैले चलाउने, उसका हातखुट्टा चारैतिर बाँधिने, तर परिणाम भने उसैले दिनु पर्ने, जवाफदेही पनि उही हुनु पर्ने? हामी यो कस्तो खालको प्रणाली बसाउन खोजिरहेका छौँ? कस्तो खालको लोकतन्त्रको हामी अवलम्बन गर्न खोजिरहेका छौँ?

## ३०

२०७७ भदौ २६ गतेपछि मन्त्रिपरिषद् पुनर्गठनका सन्दर्भमा भएका उतार-चढाव, यस क्रममा तपाईंले दिनदिनै फेर्नुभएका रङ्ग र आज राख्नुभएका तर्कका विरुद्ध मलाई कुनै मुद्दा मामिला गर्नु छैन। मैले तपाईंलाई पठाएको २०७७ कात्तिक २५ को चिठ्ठीमा यसबारे सविस्तार राखिसकेको छु। यथार्थ यही हो, दुई तिहाइ बहुमत प्राप्त प्रधानमन्त्री भनिए पनि मैले संयुक्त सरकारको प्रधानमन्त्रीभन्दा पनि बढी असहजताका बीच काम गर्नु परिरहेको छ।

## ३१

२०७७ भदौ २६ गते सम्पन्न स्थायी कमिटीको बैठकबाट हामी दुई अध्यक्षले गर्ने काम स्पष्ट रूपमा बाँडिएको थियो। मेरो भागमा परेको सरकार सञ्चालनसम्बन्धी सबै कामको जस/अपजसको जिम्मा मै लिन्छु। पार्टीको नीतिगत निर्देशनको आलोकमा तपाईंसँग नियमित सल्लाह गरेरै सरकार सञ्चालन गर्दै आएको पनि छु। हाम्रा बीच अझ केही कतै कमी भएका भए खुल्ला छलफल गरौं, सच्याऔँ र अघि बढौं, मैले सधैं यही भन्दै आएको छु। तर के कमरेडले आफ्नो भागमा परेको कामको लेखाजोखा कहिल्यै गर्नुभएको छ? म आवेग र उत्तेजनाबिना विनम्रताका साथ प्रश्न गर्छु– कार्यकारी अधिकार सहित पार्टी सञ्चालनको जिम्मा पाउनु भएको अध्यक्ष कमरेडले आफ्नो भागमा परेको काममा प्रगति कति गर्नुभयो ? पछिल्लो चोटी १५ दिनभित्र सम्पन्न गर्ने भनिएको एकीकरणको काम अहिले कहाँ पुग्यो ? सचिवालय बैठकमा १० दिनभित्र यस सम्बन्धी लिखित प्रस्ताव ल्याउँछु भन्नुभएको प्रस्ताव तयार भयो ? त्यसको रोडम्याप के कस्तो बन्यो ? मेरा कारणले हुन नसकेको भए, तपाईंले गर्नुभएको 'गृहकार्य'मा के के मा र कहाँ मेरो अवरोध रह्यो ? महाधिवेशनको तयारीको लागि बस्ने केन्द्रीय कमिटी बैठकका एजेण्डा तय गर्न के के गृह कार्य गर्नुभयो ? र, त्यसमा मसँग तपाईंले के सहयोग माग्नु भयो ? या मैले कहीँ बाधा अवरोध पो पुऱ्याएँ कि ?

**म आवेग र उत्तेजनाबिना विनम्रताका साथ प्रश्न गर्छु– कार्यकारी अधिकार सहित पार्टी सञ्चालनको जिम्मा पाउनु भएको अध्यक्ष कमरेडले आफ्नो भागमा परेको काममा प्रगति कति गर्नुभयो ? पछिल्लो चोटी १५ दिनभित्र सम्पन्न गर्ने भनिएको एकीकरणको काम अहिले कहाँ पुग्यो? सचिवालय बैठकमा १० दिनभित्र यस सम्बन्धी लिखित प्रस्ताव ल्याउँछु भन्नुभएको प्रस्ताव तयार भयो ?**

मलाई थाहा छ, हामी जहाँको तहीँ छौं। पार्टी सञ्चालनको जिम्मा पाए पनि तपाईं हात बाँधेरै बसिरहनु भएको छ।

ममाथि कार्यविभाजनमा 'मनपरी गरेको' र 'एक व्यक्ति एक पद' को भावनालाई नमानेको पनि आरोप छ। कार्यविभाजन कमिटीले गरेको हो, मैले एक्लै गरेको होइन। गर्नु संभव पनि छैन। सहमतिबाट, प्रधानमन्त्रीका रूपमा गरिएका विषयमा पनि मलाई आरोपित गर्ने काम पूर्वाग्रहपूर्ण छ। एउटा कुरामा भने म स्पष्ट छु, पार्टी जिम्मेवारी र राजकीय जिम्मेवारी दुई अलग विषय हुन्। राजकीय जिम्मेवारीमा रहेका साथीहरूलाई पार्टी जिम्मेवारीबाट अलग गर्ने तर्क अहिले हामीले अवलम्बन गरेको बाटो, प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने मान्यता र पार्टीलाई जनताबाट अनुमोदित गराउनु पर्ने आवश्यकतासँग मेल नखाने तर्क हो। जनताबाट निर्वाचित प्रतिनिधिलाई पार्टी जिम्मेवारीबाट अलग गरेर जनतासँग प्रत्यक्ष सम्बन्ध नहुने संरचनाबाट अहिलेको आन्दोलनको नेतृत्व संभव हुने म देख्दिनँ। नेपाली कम्युनिष्ट आन्दोलनका सामु उत्पन्न यस नयाँ प्रश्नमा बिना कुनै सैद्धान्तिक आग्रह, खुला खुलस्त छलफल गरेर नयाँ सङ्गठनात्मक नीतिको विकास गर्न जरुरी छ भन्ने म ठान्दछु।

## ११

तपाईंले बारम्बार मलाई पूर्वमाओवादी पङ्क्तिभित्र खेल्न खोजेको, त्यसभित्रका केही कमरेडहरूको सिफारिस गरेको भनेर आपत्ति जनाउनु भएको छ। म स्पष्ट पार्न चाहन्छु– मेरा आँखा अगाडि सिङ्गो नेकपा छ, मेरा निम्ति नेकपाका सबै कमरेडहरू बराबर हुनुहुन्छ। तर पार्टी एकता भएको साढे दुई वर्षपछि पनि तपाईंले बोकेर हिँडेको यो कस्तो 'पूर्व' मान्यता हो ? नेकपा एक पार्टी हो कि संयुक्त मोर्चा ? अब पनि यही 'पूर्व' मान्यता बोकेर हामी कहाँ पुग्छौँ ? अनि, यो कस्तो दोहोरो मापदण्ड हो– जहाँ तपाईंले रातदिन पूर्व एमालेका नेताहरूसँग बैठक बस्नुहुन्छ र समीकरण बनाउनु हुन्छ, त्यो चाँहि 'पार्टी एकता' र 'सहमति' का लागि हुने ! तर मैले 'पार्टीलाई सङ्कटबाट जोगाउन भूमिका खेल्नु हुने कमरेडको योगदानको कदर गरौँ, एकताका निम्ति भूमिका खेलेवापत् कसैलाई पनि दण्डित नगरौँ' भन्दा 'षडयन्त्र' हुने !

## १३

तपाईंले बारम्बार मबाट त्यागको माग गर्नुभएको छ। मैले स्थायी कमिटीको बैठकमा औपचारिक रूपमै आगामी महाधिवेशनबाट अध्यक्षको जिम्मेवारीमा नरहने र आगामी निर्वाचन पश्चात् प्रधानमन्त्री नबन्ने जानकारी गराइसकेको छु। यो भन्दा बढी मैले के त्याग गर्नु पर्ने हो ? तर मेरो मनमा एउटा गंभीर प्रश्न छ– चार महिनापछि हुने महाधिवेशनबाट सहज नेतृत्व हस्तान्तरण र चयनको बाटो छाडेर हरबखत नेतृत्व परिवर्तनको चलखेल किन ? के कमरेडहरूलाई महाधिवेशनमा आउने प्रतिनिधिहरूको विवेकमाथि विश्वास छैन ? दुई वर्षपछि आम निर्वाचन हुन्छ। मेरो विश्वास छ– नेकपाको विजय यात्रा जारी नै रहने छ। त्यसपछि नयाँ नेतृत्वको खोजी त हुने नै छ। के कमरेडहरूमा दुई वर्षपछि नेकपाको भविष्य सुरक्षित छ भन्ने विश्वास टुटिसकेको हो ? होइन भने, फेरि किन सधैंभरि सरकार परिवर्तनको दौडधुप ? चार महिनापछि हुने महाधिवेशन र दुई वर्षपछि हुने निर्वाचनमा नेकपाको भविष्य देख्न छाडेका

**मेरो मनमा एउटा गंभीर प्रश्न छ– चार महिनापछि हुने महाधिवेशनबाट सहज नेतृत्व हस्तान्तरण र चयनको बाटो छाडेर हरबखत नेतृत्व परिवर्तनको चलखेल किन? के कमरेडहरूलाई महाधिवेशनमा आउने प्रतिनिधिहरूको विवेकमाथि विश्वास छैन? दुई वर्षपछि आम निर्वाचन हुन्छ। मेरो विश्वास छ– नेकपाको विजय यात्रा जारी नै रहने छ।**

हौँ भने हामीसँग लाखौँ कार्यकर्ताहरूको नेतृत्व गर्ने नैतिकता कहाँ बाँकी रहन्छ?

म आज खुल्ला आह्वान गर्न चाहन्छु– त्यागको यो सिलसिला आजै सुरु गरौँ! बारम्बार सरकार र पार्टीको नेतृत्व गरेका कमरेडहरूले अब जिम्मेवारी नलिऔँ र नयाँ पुस्तालाई हस्तान्तरण गर्ने घोषणा गरौँ! म यही दस्तावेजलाई मेरो अध्यक्षको जिम्मेवारी हस्तान्तरणको औपचारिक लिखत बनाउन तयार छु! के तपाईं तयार हो?

## ३४

तपाईंले मलाई 'व्यक्तिवादी', 'गुटवादी' र 'एकाधिकारवादी' आरोप लगाउनु भएको छ। पार्टीमा उत्पन्न 'अन्योल र गतिरोध'का लागि, अविश्वास र अन्तरविरोधका लागि, पार्टीमा आएको आचरण र मूल्य मान्यतामा ऱ्हासका लागि, व्यक्तिवादी अराजकतावादी आचरणका लागि, वैचारिक काम नहुने स्थितिका लागि, पार्टी र सरकारबीचको सम्बन्ध बिग्रने कुराका लागि, पार्टी एकताका क्रममा गरिएका प्रबन्ध र निर्णयको अतिक्रमणका लागि मुख्य जिम्मेवार 'करार' गर्नुभएको छ। अझ अगाडि बढेर 'चरम असहिष्णु', 'बहुमतको निर्णय मान्दिनँ' भन्ने दम्भी, 'बुर्जुवा अराजकतावादी', र 'सामन्ती निरङ्कुश' आदि अनेकौं फरेब लगाउनु

लगाउनु भएको छ। मलाई 'नवउदारवादी', 'दलाल-नोकरशाही पुँजीवादी बाटोको अनुशरण गरेको' र 'समाजवाद' विरोधी आक्षेप लगाउँदै मेरा कारणले वर्तमान प्रणाली 'परम्परागत संसदीय गणतन्त्र' मा बदलिएको निष्कर्ष निकाल्नुभएको छ। अझ अगाडि बढेर म माथि 'भ्रष्टाचारलाई प्रोत्साहन र संरक्षण गरेको', 'विदेश मामला र कुटनीतिमा .....अयोग्यता प्रदर्शन गरी देशलाई क्षति पुऱ्याएको', 'सङ्घीयता विरोधी', आदि फौजदारी प्रकृतिका सङ्गीन र झूठा लाञ्छनाहरू लगाइएको छ। कहिलेकाँही आफै छक्क पर्छु, कम्युनिष्ट आन्दोलनमा यो कस्तो सङ्क्रामक रोग हो, जसले सामान्य असहमतिलाई पनि जबर्जस्ती कटु, विद्वेषपूर्ण र विग्रहकारी बनाउँछ ? यी यति अराजनीतिक आरोपहरू हुन्, जसलाई यहाँ उल्लेख गर्न पनि मलाई सिकसिक लागिरहेको छ। म यी सबै आरोपलाई एकमुष्ट खारेज गर्दछु।

यति धेरै आरोप र अभियोग लगाइसकेपछि तपाईंले आफ्नो कथित प्रस्तावको अन्त्यमा मबाट फेरि 'गंभीर आत्मसमीक्षा' र 'आत्मालोचना' को माग गर्नुभएको छ। यदि यी आरोप सत्य हुन् भने, यति 'गंभीर अपराध' गरेपछि पनि, 'आत्मालोचना' गरेर उम्किन पाइन्छ ? फेरि पनि मेरो तपाईंलाई चुनौती छ- कि यी आरोपहरू पुष्टि गर्नुस्, होइन भने परिणामको जवाफदेही लिन तयार हुनुस्।

## १५

तपाईंले हामी भित्रका असहमतिहरूलाई जबर्जस्ती सैद्धान्तिक रङ्ग दिने कोशिस गर्नुभएको छ। ठीक छ, यी विषयमा बहस गर्न म तयार छु। खासगरी मुलुकले अवलम्बन गरेको सामाजिक- आर्थिक दिशा र समाजवादका सम्बन्धमा, आन्दोलनका दुई धारको योगदान तथा अबको कम्युनिष्ट आन्दोलनको बाटोका सम्बन्धमा, राष्ट्रिय हितरक्षाका लागि अभियान र यससम्बन्धी हाम्रा पछिल्ला प्रयाशका विषयमा, भ्रष्टाचारको नियन्त्रण र सुशासनका सम्बन्धमा, हाम्रो परराष्ट्र सम्बन्धका विषयमा तथा शान्ति प्रक्रियाका बाँकी काम तथा सङ्क्रमणकालीन न्यायका विषयमा

**यति धेरै आरोप र अभियोग लगाइसके पछि तपाईंले आफ्नो कथित प्रस्तावको अन्त्यमा मबाट फेरि 'गंभीर आत्मसमिक्षा' र 'आत्मालोचना' को माग गर्नुभएको छ। यदि यी आरोप सत्य हुन् भने, यति 'गंभीर अपराध' गरेपछि पनि, 'आत्मालोचना' गरेर उम्किन पाइन्छ ? फेरि पनि मेरो तपाईंलाई चुनौती छ– कि यी आरोपहरू पुष्टि गर्नुस्, होइन भने परिणामको जवाफदेही लिन तयार हुनुस्।**

केही कुरा वैचारिक र राजनीतिक ढङ्गले स्पष्ट पार्न चाहन्छु। तपाईंले छर्न खोज्नु भएका भ्रम हटाउन चाहन्छु।

## १६

हामीले सात दशक लामो आन्दोलन तथा क्रान्तिमार्फत् मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौँ। सङ्घीय तथा समावेशी शासन प्रणाली, सामाजिक न्याय र समाजवादी भविष्यसम्बन्धी स्पष्ट दिशाबोध सहितको व्यवस्था स्थापना गरेका छौँ। जनताका प्रतिनिधिहरूले बनाएको संविधानमार्फत् यी उपलब्धि संस्थागत भएका छन्। राजनीतिक क्रान्तिपश्चात् स्थापित यस प्रणालीलाई हामीले समाजवादउन्मुख जनताको जनवादी प्रणाली भनेका छौँ। केही साथीहरूमा म अनौठो भ्रम देख्छु। एकातिर उहाँहरू २०६२-७२ को अवधिमा सम्पन्न ऐतिहासिक परिवर्तनलाई जनवादी क्रान्ति सम्पन्न भएको भनेर विश्लेषण गर्नुहुन्छ, अर्कातिर जब समाजको विश्लेषण गर्ने बेला आउँछ, उहाँहरू वर्तमान समाज व्यवस्थालाई भने दलाल पूँजीवादी भनेर चरित्र चित्रण गर्नुहुन्छ। क्रान्ति सम्पन्न भयो पनि भन्ने, अर्कातिर समाज व्यवस्था चाहिँ दलाल पूँजीवादी व्यवस्था हो भन्ने यस्ता विरोधाभाषी सोचले दिग्भ्रमित मात्रै पार्छ। क्रान्ति सम्पन्न भएको हो भने दलाल पूँजीवादी व्यवस्था स्थापना गर्ने यो कस्तो क्रान्ति हो ? होइन, पहिलेदेखि नै समाज व्यवस्था दलाल पूँजीवादी नै थियो भन्ने

हो भने समाजको आधारभूत चरित्र पनि बदल्न नसक्ने यो कस्तो क्रान्ति हो ? यस्तो अलमलबाट हामी मुक्त हुनुपर्छ। यो जनताको लोकतान्त्रिक प्रणाली हो। यो भत्काउनु पर्ने व्यवस्था होइन, सुदृढ गर्नु पर्ने व्यवस्था हो। हो, समाप्त पार्नु पर्ने सामन्तवादका अवशेष छन्। राष्ट्रिय पूँजीको विकासलाई अवरुद्ध गर्ने शक्तिहरू छन्। देशलाई स्थायित्वयुक्त, समृद्ध र सबल बन्न नदिने बाह्य पक्ष पनि छन्। परिवर्तनलाई उल्ट्याउन खोज्ने प्रतिगामी तत्व पनि छन्। यी सबैसँग नेपाली जनता र राष्ट्रको विरोध पनि विद्यमान छ। तर लोकतान्त्रिक आन्दोलनको एउटा चरण अर्थात् अधिकार प्राप्तिको चरण पूरा भएको, क्रान्ति सापेक्ष अर्थमा सम्पन्न भएको र जनताका प्रतिनिधिको हातमा राज्य सञ्चालनको जिम्मेवारी आएको यस परिस्थितिमा हामीले अरु कसैलाई 'मुख्य शत्रु' घोषणा गरेर ध्यान विकेन्द्रित गर्नु हुँदैन। आजको मुख्य चुनौती भनेकै क्रान्तिपश्चात् असीमित रूपमा बढेको जनताको अपेक्षा तर विभिन्न कारणले कमजोर हाम्रो डेलिभरी क्षमताबीचको अन्तरविरोधको समाधान गर्नु हो, जसलाई हामी आफ्नो शासकीय क्षमताको विकास, जनताका अपेक्षाको परिपूर्ति र नयाँ उत्पादक शक्ति सुहाउँदो उत्पादन सम्बन्धको विकास गरेर गर्न सक्छौँ। विभिन्न जार्गनहरूमा अल्झिएर हामी यस मुख्य दायित्वबाट बरालिनु हुँदैन।

## १८

मुलुक युगान्तकारी राजनीतिक परिवर्तनको जगमा आर्थिक समृद्धि हासिल गर्ने चरणमा प्रवेश गरेको छ। 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा हासिल गर्नु यतिबेलाको हाम्रो अभिभारा हो। विगत साढे दुई वर्षमा हाम्रा सम्पूर्ण प्रयाश सामाजिक– आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्ने दिशामा अभिमुख छन्। हामीले सामाजिक न्यायसहितको विकास र समृद्धिलाई आधारभूत मान्यता बनाएका छौँ। सामाजिक न्यायबिनाको आर्थिक बृद्धिले मुठ्ठीभर सम्भ्रान्तहरूलाई मात्रै लाभान्वित गर्छ, तर आर्थिक बृद्धि बिनाको वितरण मुलुकलाई झनै बढी आश्रित र खोक्रो बनाउने कुराको कारक बन्छ। तसर्थ यी दुई

**यो जनताको लोकतान्त्रिक प्रणाली हो। यो भत्काउनु पर्ने व्यवस्था होइन, सुदृढ गर्नु पर्ने व्यवस्था हो। हो, समाप्त पार्नु पर्ने सामन्तवादका अवशेष छन्। राष्ट्रिय पुँजीको विकासलाई अवरुद्ध गर्ने शक्तिहरू छन्। देशलाई स्थायित्वयुक्त, समृद्ध र सबल बन्न नदिने वाह्य पक्ष पनि छन्। परिवर्तनलाई उल्ट्याउन खोज्ने प्रतिगामी तत्व पनि छन्।**

बीचको समुचित सन्तुलनमा जोड दिइएको छ। संविधानमा उल्लेखित मौलिक अधिकारको कार्यान्वयनका लागि दर्जनौँ कानुन बनाइएका छन्। सामाजिक सुरक्षा कार्यक्रममा लाखौँ जनतालाई समेटिएको छ। संयुक्त सरकारका बेला हामीले सुरु गरेको स्वास्थ्य बीमा साठी जिल्लामा पुगेको छ। सबै नागरिकलाई यसभित्र समेटेर निरोगी नेपाल निर्माण गर्ने आधार तयार गरिँदै छ। पोहोर सालमात्रै विद्यालय बाहिर रहेका २ लाख ६० हजार बढी बालबालिकालाई विद्यालयमा भर्ना गरेर बालबालिकाको भर्ना दर ९८ प्रतिशत माथि पुऱ्याइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवाहरूलाई देशभित्रै रोजगारी उपलब्ध गराउन सुरु गरिएको छ। घरबारबिहीनहरूलाई आवास उपलब्ध गराउने, फुस र खरका छानालाई जस्तापाताले बिस्थापित गर्ने अभियान अगाडि बढेको छ। चक्रवात्, भूकम्प र बाढीपहिरो पीडितहरूमध्ये अधिकांशलाई आवास उपलब्ध गराइएको छ। संविधानले निर्देश गरे अनुसार भूमिहीन र दलितहरूले छिट्टै आवास र जग्गा प्राप्त गर्ने छन्। भूमि बैङ्कमार्फत् किसानले खेती गर्न जमिन पाउने छन्। श्रमिकहरूको न्यूनतम पारिश्रमिकमात्रै होइन, योगदानमा आधारित सामाजिक सुरक्षा र वेरोजगार भत्ता समेत सुनिश्चित गरिएको छ। एसिड आक्रमणजस्ता जघन्य अपराध नियन्त्रणका लागि कानुनी प्रबन्ध गरिएको छ। बलात्कारजस्ता अपराध नियन्त्रणका लागि कडा प्रबन्ध गरिँदैछ। सहर र बस्ती सडक बालबालिका र सडक मानवमुक्त बनाउने अभियान मूलतः सम्पन्न भएको छ।

वर्तमान सरकारमाथि तपाईंको 'नवउदारवादी' आरोप सुन्दा मैले भन्नै पर्छ– या त तपाईंले नवउदारवाद के हो, बुझ्नु भएको छैन। या त तपाईं देशभित्र भइरहेका यी कामहरूलाई देख्न चाहनु भएको छैन। कमरेड, सबै कुरा बजारको जिम्मा छाडिदिने, ठूला पूँजीपतिको संरक्षण गर्दै जनताप्रतिको जिम्मेवारी र सामाजिक उत्तरदायित्वबाट राज्य पञ्छिने एवं चरम व्यक्तिवादलाई प्रोत्साहन गर्ने नवउदारवाद र हामीले लिइरहेको यो बाटो कहाँनेर भेट हुन्छ? के यी सबै काम 'नवउदारवादी' र 'दलाल पूँजीवादी' राज्यसत्ता अन्तरगत संभव छ? के यी विषयहरू हाम्रो राजनीतिक कार्यक्रम र घोषणापत्रको मार्गदर्शनमा गरिएका र तिनको कार्यान्वयनको दिशामा अगाडि बढेका विषय होइनन्?

## १८

जन्मदेखि मृत्युसम्म राज्य हमेशा नागरिकको साथमा हुनुपर्छ। गर्भावस्थादेखि नै बालबालिकाहरूलाई पोषण, शिक्षा र बालोचित वातावरणमा हुर्किने वातावरण सुनिश्चित गरिनु पर्छ। युवावस्थामा सबैलाई न्यायोचित अवसरको ग्यारेन्टी हुनुपर्छ। बृद्ध उमेर र श्रम गर्न नसक्ने अवस्थाका नागरिकलाई सामाजिक सुरक्षामार्फत् राज्यले संरक्षण दिनु पर्छ। सबै नागरिकलाई बराबरी अधिकार, बराबरी सम्मान, समान न्याय र समान सुरक्षा प्रत्याभूत भएको यस्तो व्यवस्थालाई मैले परिपूर्ण लोकतन्त्र (कम्प्रेहेन्सिभ डेमोक्रेसी) पनि भन्ने गरेको छु। 'परम्परागत संसदीय गणतन्त्र' भनेर के भन्न खोज्नु भएको हो? म यस्ता धेरै 'जार्गन' बुझ्दिनँ। न हाम्रो प्रणाली परम्परागत संसदीय प्रणाली हो, न परम्परागत कम्युनिष्ट प्रणाली। संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार, आवधिक निर्वाचन, नियन्त्रण र सन्तुलनको सिद्धान्त अर्थात् शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका र वहुलवाद लगायतका लोकतान्त्रिक मूल्यहरूप्रति हामी प्रतिवद्ध छौँ। तर राजनीतिक स्वतन्त्रतामात्रै पर्याप्त छैन भन्ने निष्कर्षका साथ हामीले आर्थिक-सामाजिक र सांस्कृतिक अधिकारको पनि प्रत्याभूत गरेका छौँ। यी दुई पक्षको संयोजनमा मात्रै लोकतन्त्रले

**वर्तमान सरकारमाथि तपाईंको 'नवउदारवादी' आरोप सुन्दा मैले भन्नै पर्छ– या त तपाईंले नवउदारवाद के हो, बुझ्नु भएको छैन। या त तपाईं देशभित्र भइरहेका यी कामहरूलाई देख्न चाहनु भएको छैन। कमरेड, सबै कुरा बजारको जिम्मा छाडिदिने, ठूला पूँजीपतिको संरक्षण गर्दै जनताप्रतिको जिम्मेवारी र सामाजिक उत्तरदायित्वबाट राज्य पन्छिने एवं चरम व्यक्तिवादलाई प्रोत्साहन गर्ने नवउदारवाद र हामीले लिइरहेको यो बाटो कहाँनेर भेट हुन्छ?**

पूर्णता प्राप्त गर्छ। यस अर्थमा हामी परम्परागत लोकतन्त्रभन्दा उन्नत लोकतन्त्रको दिशामा उन्मुख छौँ।

## ३९

समाजवाद गीत गाउने विषय होइन, निर्माण गर्ने विषय हो। ठूला शब्दाडम्बरले समाजवाद निर्माण हुँदैन। समाजवाद भोको व्यक्तिका सामु पस्किएको पोषणयुक्त खानामा, आवासबिहीन नागरिकले पाएको ओतमा, बालबालिकाका स्कुल पुगेका पाइला र उनीहरूले हासिल गरेको गुणस्तरीय शिक्षामा, बेरोजगारले पाउने रोजगारीमा र बिमारीले पाउने स्वास्थ्योपचारमा प्रतिविम्बित हुन्छ। समाजवादतिरको यात्रा यस्तै काम गर्दै पाइला–पाइला गरेर अगाडि बढ्छ। हामी संविधानले देखाएको यही बाटोमा हिंडिरहेका छौँ। शान्तिपूर्ण प्रतिस्पर्धाबाट श्रेष्ठता स्थापित गर्दै अगाडि बढ्छौँ। राजनीतिमा, अर्थतन्त्रमा, सामाजिक क्षेत्रमा, संस्कृतिमा र समग्रमा समाजमा श्रमजीवी वर्गको वर्चस्व स्थापित गर्दै जान्छौँ। सामन्तवादका अवशेषहरू उन्मूलन गर्दै लैजान्छौँ। राष्ट्रिय पूँजीको विकास गर्दै जान्छौँ। मुलुकलाई सापेक्ष आत्मनिर्भरताको दिशामा अगाडि बढाउँछौं। तीब्र आर्थिक वृद्धि र न्यायोचित वितरणबीच सन्तुलन मिलाउँदै लोककल्याणकारी, सामाजिक न्याययुक्त र समाजवाद–उन्मुख आर्थिक सामाजिक प्रबन्ध बलियो बनाउँछौँ।

हामी स्पष्ट छौँ– आज हामीले स्थापना गर्ने आर्थिक सामाजिक व्यवस्था समाजवाद-उन्मुख हो, समाजवादी होइन। त्यसैले, समाजवाद-उन्मुख समाज व्यवस्थामा आजै समाजवादका लाभहरू खोज्नु संभव र उचित हुँदैन। जननेता मदन भण्डारीले भन्नु भएजस्तै जनताको जनवादी र समाजवादी प्रणालीका बीचमा एउटा सङ्क्रमणकाल हुनेछ, जसमा सामन्तवादका अवशेषहरूको उन्मूलन गर्ने, जनवादी व्यवस्थालाई सुदृढ गर्ने र समाजवादको तयारी गर्नेजस्ता तीनवटा उपचरणहरू रहने छन्। त्यसैले समाज विकासका स्वाभाविक चरणहरूलाई मनोगत रूपमा उल्लङ्घन गर्दै पर्याप्त र परिपक्व वस्तुगत आधार तयार नगरी समाजवादमा प्रवेश गर्ने हतारो गर्नु हुन्न। त्यसका लागि आज हामीले रोजगारी सिर्जना गर्ने, उत्पादकत्व र उत्पादन बृद्धि गर्ने कुरामा सबैभन्दा बढी जोड दिनु पर्ने छ। राष्ट्रिय पूँजी र लगानीलाई प्रोत्साहन गर्नुपर्ने छ। जनतामा कर तिर्ने बानीको विकास गर्नुपर्ने छ। राष्ट्रिय हितलाई केन्द्रमा राखेर बाह्य सम्बन्धलाई बलियो बनाउनु पर्ने छ। बाह्य लगानी र सहायता प्राप्त गर्नुपर्ने छ। हामीले यही काम गरिरहेका छौँ।

## ३०

हाम्रो अर्थतन्त्र नियन्त्रित अर्थतन्त्र होइन। हामीले सम्पत्तिको सिलिङ तोक्न अस्वीकार गरेका छौँ। यसको तात्पर्य हो– निजी क्षेत्रले जति पनि कमाउन सक्छ, पारदर्शी र वैध लगानीका माध्यमबाट। राज्यले प्रगतिशील कर प्रणालीको माध्यमबाट कर सङ्कलन गर्छ र त्यसमार्फत् सामाजिक क्षेत्रमा लगानी गर्छ। राज्यले मूलतः राष्ट्रिय सुरक्षा र सामाजिक क्षेत्रमा अगुवाइ गर्छ। सहकारीले साना पूँजी सङ्कलन गर्दै कृषिको आधुनिकीकरण र स्वरोजगारी निर्माणमा योगदान गर्छ। र, निजी क्षेत्रले रोजगारी सिर्जना, निर्यात प्रबर्द्धन र आयात प्रतिस्थापनका क्षेत्रमा काम गर्दै अर्थतन्त्र चलायमान बनाउँछ। संविधानले गरेको प्रबन्ध यस्तै हो। हामी यही गरिरहेका छौँ।

**बाहिर बाहिर 'दलाल पूँजीवाद' को चर्को विरोध गर्ने, तर भित्रभित्र आफूमाथि 'लगानी' गर्ने व्यवसायीको संरक्षणका लागि अनेकौँ दबाब दिने, अवैध स्रोतबाट भित्रिन खोज्ने रकमलाई सहजीकरणका लागि लबिङ गर्ने र मन नपरेका लगानीकर्ता या व्यवसायीलाई 'दलाल पूँजीवादी' आरोप लगाउँदै हतोत्साही गर्ने तरिकाले यो लडाइँ जितिँदैन। ... हामी स्पष्ट हुनुपर्छ, हामीले 'पुलिस राज' होइन, कानुनी राज निर्माण गर्न खोजेका हौं।**

## ३१

'दलाल पूँजीवाद'को चर्चा निकै सुनिन्छ। अर्थतन्त्रमा अपारदर्शी, स्रोत नखुलेको र अवैध ढङ्गले आर्जन गरेको सम्पत्तिमार्फत् कारोबार गर्ने प्रवृत्ति अन्त्य भइसकेको छैन। सोर्सफोर्सका आधारमा जबर्जस्ती ठेक्का ओगट्ने र समयमा गुणस्तरीय काम नगरेर राज्यलाई हानी पुऱ्याउने प्रवृत्ति अझै विद्यमान छ। कर छल्ने, जनताबाट असुलिएको भ्याट छलछाम गरेर फिर्ता लिने, भन्सारमा न्यून बिजकीकरणमार्फत् ठगी गर्ने बिकृति समाप्त भएको छैन। कहीँकहीँ तस्करी र कालोबजारी पनि छ। यस्तै प्रवृत्तिलाई 'दलाल पुँजीवाद' भनिएको हो भने वादविवाद गर्नुपर्ने कुनै कारण छैन। तर यस विरुद्ध हाम्रो लडाइँको विधि के हो ? संविधान अन्तर्गत, जनताको अभिमतबाट बनेको सरकारले यस्ता बिकृतिलाई कसरी नियन्त्रण गर्छ ? निश्चय पनि, कानुनी विधिबाटै। सम्पत्ति शुद्धीकरण विरुद्धका कार वाहीमार्फत्। राजस्व अनुसन्धानमार्फत्। भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी र संरचनागत व्यवस्था गरेर। सार्वजनिक निर्माण र खरिदमा पारदर्शिता र स्वस्थ प्रतिस्पर्धा कायम गरेर। यिनै उपायबाट नै 'दलाल पूँजीवाद' लाई नियन्त्रण गर्ने हो। हाम्रा प्रयाश यही दिशामा केन्द्रित छन्। तर बाहिर बाहिर 'दलाल पूँजीवाद' को चर्को विरोध गर्ने, तर भित्रभित्र आफूमाथि 'लगानी' गर्ने व्यवसायीको संरक्षणका लागि अनेकौँ दबाब दिने, अवैध स्रोतबाट भित्रिन खोज्ने रकमलाई सहजीकरणका लागि लबिङ गर्ने

र मन नपरेका लगानीकर्ता या व्यवसायीलाई 'दलाल पूँजीवादी' आरोप लगाउँदै हतोत्साही गर्ने तरिकाले यो लडाइँ जितिँदैन। विकृति विरुद्धका हाम्रा लडाइँहरू कानुनसम्मत भएनन् भने तिनीहरू सफल हुँदैनन्। हामी स्पष्ट हुनुपर्छ, हामीले 'पुलिस राज' होइन, कानुनी राज निर्माण गर्न खोजेका हौं।

## ३१

शिक्षा र स्वास्थ्यमा निजी क्षेत्रको लगानी कहिलेदेखि सुरु भयो र कुन आर्थिक नीति अन्तरगत राज्यले यी क्षेत्रका दायित्वबाट हात झिक्दै गयो ? स्पष्ट नै छ। तर आज यसरी गरिएको लगानी र यसमार्फत् खडा गरिएका संस्था या संरचना यथार्थ हुन्। हामीले संविधानमा निजी सम्पत्तिको सुरक्षाको प्रत्याभूति गरेका छौँ। यिनको बलजफ्ती राष्ट्रियकरण गर्न मिल्दैन। आज हामीले गर्नु पर्ने काम भनेको यस्ता निजी लगानीका क्षेत्रको विधिसम्मत नियमन गर्ने र अर्कातिर राज्यले राम्रा स्कुल, राम्रा अस्पताल र राम्रो प्रणालीमार्फत् नागरिकलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यसेवा उपलब्ध गराउने नै हो। सरकार यसै कुरामा केन्द्रित छ। सातै प्रदेशमा सरकारी मेडिकल कलेज स्थापना गर्ने र चिकित्सा शिक्षामा छात्रवृत्तिको प्रतिशत बढाउने काम अगाडि बढेको छ। इतिहासमै पहिलोपल्ट, स्वास्थ्य पूर्वाधारका क्षेत्रमा नयाँ 'टर्निङ प्वाइन्ट' कायम हुने गरी, यही २०७७ मङ्सिर १५ गते देशका ३९६ पालिकाहरूमा ५ देखि १५ शैयासम्मका नयाँ अस्पतालहरूको एकैसाथ शिलान्यास गरिँदै छ। प्रत्येक पालिकामा न्यूनतम पाँच शैयाको अस्पताल स्थापना गर्ने झण्डै एक खर्बको यस अभियानले आधारभूत तहसम्मै स्वास्थ्यसेवा विस्तारमा युगान्तकारी योगदान गर्ने छ। कोभिड–१९ सँग लड्ने क्रममा सरकारले क्वारेन्टिन, परीक्षण, आइसोलेशन र उपचार लगायतका सबै प्रक्रिया निःशुल्क गर्दै आएको छ। विचार गरौँ– हाम्रो जस्तो सीमित साधनस्रोत भएका कुनकुन मुलुकहरूले यति गऱ्हुङ्गो जिम्मेवारी काँधमा बोकेका छन्? यी सबै विषय जनताप्रति उत्तरदायी शासन व्यवस्थाका परिचायक होइनन् र?

**सुनकाण्डमा अदालतले छाडिदिएका बाहेक अरु दर्जनौँ आज जेलमै छन्। सुन तस्करीको लाइन तहसनहस पारिएको छ। जंगल र मझेरीमा लुकाएर राखेको सुन पक्रिएको छ। ... बहुचर्चित ललिता निवासको १३६ रोपनी जग्गाको जालसाजीविरुद्ध मैले छानविन समिति बनाएँ, समितिको प्रतिवेदन अनुसार कारबाहीका लागि अख्तियारमा पठाएँ र आज कारबाही प्रक्रिया अगाडि बढेको छ। पूर्वाग्रहबाट प्रेरित तपाईंको ध्यान यी उपलब्धितिर किन गइरहेको छैन?**

## ३३

भ्रष्टाचार समाजमा विद्यमान सङ्क्रामक रोग हो। समाजका भित्री अङ्गसम्म फैलिएको भ्रष्टाचार नियन्त्रणका लागि कानुनी, प्रशासनिक, संरचनागत प्रबन्ध र सांस्कृतिक रूपान्तरणकै खाँचो छ। सरकारको निरन्तर पहल, जनताको साथ र सम्बन्धित संस्थाहरूको सक्रियताको कारण नेपालले सुशासनको क्षेत्रमा देखिने गरी सुधार गरेको छ। यस बीचमा मैले, सार्वजनिक जग्गा हडप्नेका विरुद्ध कारबाही गर्दा होस् वा राजश्व अपचलनका कसुरमा लाग्नेका विरुद्धको काम गर्दा होस्, खप्की खाएको छु। तस्करहरू समातिएपछि खोई सुन भन्दै चर्को हल्ला भएको देखेको छु। सुनकाण्डमा अदालतले छाडिदिएका बाहेक अरु दर्जनौँ आज जेलमै छन्। सुन तस्करीको लाइन तहसनहस पारिएको छ। जंगल र मझेरीमा लुकाएर राखेको सुन पक्रिएको छ। सरकारी सम्पत्ति फिर्ता ल्याउने अभियान अन्तर्गत सिरहाको २१ विघा, सर्लाहीको २३४ विघा, बर्दियाको ४६ विघा, माथिल्लो त्रिशुली–एक जलविद्युत परियोजनाको पहुँच मार्गका लागि नक्कली मोही खडा गरी कब्जा गरिएको ११० रोपनी जग्गा फिर्ता यस सन्दर्भका प्रतिनिधिमूलक कारबाही हुन्। बालुवाटारस्थित बहुचर्चित ललिता निवासको १३६ रोपनी जग्गाको जालसाजीविरुद्ध मैले छानविन समिति बनाएँ, समितिको प्रतिवेदन अनुसार कारबाहीका लागि अख्तियारमा पठाएँ

र आज कारबाही प्रक्रिया अगाडि बढेको छ। पूर्वाग्रहबाट प्रेरित तपाईंको ध्यान यी उपलब्धितिर किन गइरहेको छैन ?

## ३४

केही केसहरूमा मलाई जबर्जस्ती जोड्ने धृष्टता गर्नुले तपाईंभित्र रहेको पूर्वाग्रह मात्रै दर्शाउँछ। वाइडबडी भनिने 'एयरबस ३३०' खरिद गर्दा सरकारमा को थियो? ३८ क्विन्टलभन्दा बढी सुनको तस्करी हुँदा को सत्तामा थियो ? ललिता निवास प्रकरण कहिलेबाट र कोको हुँदै अगाडि बढेको थियो ? सबै स्पष्ट छैन र? आफ्नै देशमा सुरक्षण मुद्रण प्रेस स्थापना गरेर डाटाहरूको सुरक्षा र बर्षेनी अर्बौंको स्रोत बाहिरिरहने अवस्था नियन्त्रण गर्न केही नीतिगत काम अगाडि बढेका छन्। तर यस विषयमा कुनै सम्झौता भएको छैन। सम्झौतै नभएको विषयमा मलाई जोड्नु भनेको हद दर्जाको पूर्वाग्रह मात्रै हो। नेपाल ट्रष्ट मातहत रहेका सम्पत्तिहरूको व्यवस्थापनका लागि संसदबाट ऐन बनाइएको छ। विगतमा निकै सस्तो मूल्यमा लिजमा दिइएका सम्पत्तिहरूलाई व्यवस्थित मूल्याङ्कन गराएर पारदर्शी ढङ्गले लिजमा दिने प्रक्रिया अगाडि बढाइएको छ। यस सम्बन्धी श्वेतपत्र नै सार्वजनिक गरिएको छ। राज्यकोषमा करोडौ आम्दानी थपिने यस्ता विषयमा तपाईंको असन्तुष्टि कतै तपाईं निकट कुनै व्यापारिक घरानाको स्वार्थ पूरा नहुँदाको चिन्ता त होइन ? स्वास्थ्य सङ्कटका बेला केही स्वास्थ्य सामग्री खरिदमा जोडिएको ओम्नी समूहका बारेमा अख्तियार र अदालतले अनुसन्धान अगाडि बढाइरहेकै छन्। नियमसम्मत ढङ्गले सार्वजनिक खरिद गर्नु पर्ने अधिकारीले गरेको खरिदमा अनियमितता भएको रहेछ भने दोषीले उन्मुक्ति पाउने छैनन्। तर यसलाई राजनीतिकरण गरेर तपाईंले आफूभित्रको तुषमात्रै पोख्नुभएको छ। बजेटमा राजस्वका दररेट पहिल्यै चुहाइएको भन्ने आरोप फजूल हो । मैले त विगतमा भएका विभिन्न अपचलनहरूको उत्खनन् गर्ने, दोषीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउने र विगतमा फोहोर गरिएको स्थितिलाई सुधार्ने काम

**नियमित र वैध आम्दानीको स्रोत नभए पनि कतिपय नेताहरूको जीवनशैली एकदमै विलासी भएको, कतिपय नेताहरूको वर्ग उत्थान भएको, बसाइउठाइ अपारदर्शी भएको कार्यकर्ता र जनताको टिप्पणी छ। म त यस विषयमा केही नबोलौँला, व्यक्तिगत विषय पनि नबनाउँला। तर दुनियाँको मुख थुन्न सकिन्छ र? यस विषयमा छलफल गर्न, अनुसन्धान गर्न र सुधारको विशेष अभियान चलाउन म तयार छु। तपाईं यसमा तयार हुनुहुन्छ?**

गरेको हुँ। सम्झौता गर्नेहरूलाई चोख्याउने, तर त्यसको उत्खनन् गरेर कारबाहीको दायरामा ल्याउनेलाई चाहिँ दोषी बनाउने?

विगतदेखिका अनेकौँ काण्डहरूमा वर्तमान सरकारलाई जबर्जस्ती मुछेर गरिने भ्रमपूर्ण प्रचारका पछाडि कसको हात छ भन्ने कुरा क्रमशः खुल्दै छ।

हो, भ्रष्टाचारका थुप्रै विषय जनस्तरमा चर्चामा छन्। कतिपय विषय सम्बन्धित संवैधानिक अङ्गको टेबुलमा पनि छन्। मान्छेहरूले कतिपयमा तपाईँलाई पनि जोड्ने गरेको देखेको छु। म त अख्तियार प्राप्त संस्थाले विधिसम्मत ढङ्गले गर्ने काममा राजनीतिक व्यक्तिहरू बोल्नु उचित हुँदैन भन्ने ठान्छु। यस्ता विषयमा प्रतिशोधको राजनीति गर्नु हुन्न, राज्यका सम्बन्धित अङ्गहरूलाई सुदृढ बनाएर कानुन बमोजिम टुङ्गोमा पुऱ्याउनु पर्छ भन्ने मान्यता राख्छु।

## ३५

नियमित र वैध आम्दानीको स्रोत नभए पनि कतिपय नेताहरूको जीवनशैली एकदमै विलासी भएको, कतिपय नेताहरूको वर्ग उत्थान भएको, बसाइउठाइ अपारदर्शी भएको कार्यकर्ता र जनताको टिप्पणी छ। म त यस विषयमा केही नबोलौँला, व्यक्तिगत विषय पनि नबनाउँला। तर

दुनियाँको मुख थुन्न सकिन्छ र? यस विषयमा छलफल गर्न, अनुसन्धान गर्न र सुधारको विशेष अभियान चलाउन म तयार छु। तपाईं यसमा तयार हुनुहुन्छ?

## ३६

नेपालको विदेश नीति स्पष्ट छ। संविधानको मार्गदर्शन, राष्ट्रिय हित, संयुक्त राष्ट्र सङ्घको वडापत्र, असङ्लग्नता, पञ्चशीलताका सिद्धान्त हाम्रो विदेश नीतिका मुख्य मार्गदर्शक हुन्। सार्वभौम समानता, पारस्परिक लाभ र सम्मान हाम्रो वाह्य सम्बन्धका आधार हुन्। 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता' हाम्रो मान्यता हो। कुनै विचारधारा, धर्म या संस्कृतिको सामिप्य या दूरीका आधारमा होइन, राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर बाह्य सम्बन्ध सुदृढ गर्ने हाम्रो नीति हो। समाजवाद, लोकतन्त्र र मानवअधिकारप्रति हाम्रो निष्ठा अटल छ। तर हामी कुनै पनि रूपको सैन्य गठबन्धन, ध्रुवीकरण र आग्रहको विपक्षमा छौँ। बिना कुनै वाह्य हस्तक्षेप आफ्नो मामलामा निर्णय गर्ने हरेक राष्ट्रको स्वतन्त्र सार्वभौम अधिकारको सम्मान गरिनु पर्छ भन्ने अडान राख्छौं। भिन्नभिन्न विचार, संस्कृति र प्रणालीबीच सहअस्तित्व र वहुलतामा विश्व अगाडि बढ्नु पर्छ भन्ने मान्यता राख्छौँ।

यस अवधिमा, नाकाबन्दीको तहमा झरेको भारतसँगको सम्बन्ध नयाँ आर्थिक साझेदारीको स्तरमा उठेको छ। भारतसँगको सहकार्य र समझदारीले उचाई लिएको छ। उच्चस्तरमा दुईपक्षीय भ्रमणको आदान–प्रदानको सघनता उल्लेखनीय छ। चीनसँग 'हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाल' मार्फत् नयाँ विकास साझेदारी निर्माण भएको छ। नेपालले चीनका ४ वटा समुद्री र ३ वटा सुख्खा बन्दरगाह उपयोग गर्न पाउने गरी पारवहन प्रोटोकलमा हस्ताक्षर भएको छ। २३ वर्षको अन्तरालमा चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण भएको छ। एक महिनाको अन्तरालमा संयुक्त राष्ट्र सङ्घमा भएका दुईवटा महत्वपूर्ण निर्वाचन– मानव अधिकार परिषद् र महिलाविरुद्ध भेदभाव उन्मूलनसम्बन्धी समिति (CEDAW Committee)

**'केपी ओलीले मित्र राष्ट्रहरूसँगको सम्बन्ध बिगार्‍यो, हामी सपार्छौं' भन्दै मलाई हटाएर २०७३ साउनमा दोस्रो पटक प्रधानमन्त्री बन्नुभएका तपाईंलाई आफू स्वयंले पहिलोचोटी प्रधानमन्त्री हुँदा कोशीमा आएको बाढीमा सहजीकरण गर्न भनेर अनुमति दिएको विराटनगरस्थित भारतीय सम्पर्क कार्यालय जस्तो मामुली विषय समाधान गर्न पनि किन गाह्रो पर्‍यो ?**

मा नेपालले पुनः सफलता हासिल गरेको छ। विश्व आर्थिक मञ्चजस्ता स्थानमा नेपाल आमन्त्रित हुन र सुनिन थालेको छ। जलवायु परिवर्तन, समावेशीकरण र दिगो शान्ति स्थापना जस्ता विषयमा नेपाली अनुभव र नेपालले अगाडि सारेका मुद्दाप्रति विश्व समुदायको ध्यानाकर्षण हुन थालेको छ। यी प्रतिनिधिमूलक उपलब्धिहरूलाई बेवास्ता गर्दै विदेश सम्बन्ध खत्तम पारेको आशयको आक्षेप लगाउन कसरी मिल्छ ?

## ३७

गत वर्ष भारतले नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नयाँ राजनीतिक नक्सा प्रकाशन गरेपछि नेपालमा राष्ट्रिय हितका पक्षमा अभूतपूर्व जागरण र एकता प्रकट भयो। नेपाली जनताको भावनाको प्रतिनिधित्व गर्दै सरकारले आफ्नो भूभागमाथिको स्वामित्वसम्बन्धी अडान स्पष्ट पार्‍यो र समस्याको कूटनीतिक समाधानका लागि अथक प्रयाश गर्‍यो। यसको बेवास्ता गर्दै कोरोना महामारीका बीच भारतले कथित लिङ्करोडको उद्घाटन गरेपछि हामीले ती भूभाग समेटेर अद्यावधिक राजनीतिक -प्रशासनिक नक्सा प्रकाशन गर्न र त्यसलाई संविधानको अनुसूचीमा रहेको निशान छापमा राख्न संविधान संशोधनका लागि नेतृत्व गर्‍यौं। यस विषयमा प्रकट राष्ट्रिय सहमति अभूतपूर्व छ र नेपालको राष्ट्रिय हित रक्षाका लागि महत्वपूर्ण आधारका रूपमा रहेको छ। इतिहासको यस

कालखण्डमा नेतृत्व गर्ने अवसर मैले पाएको भए पनि यसको श्रेय सबै राजनीतिक दल, सिङ्गो संसद र देशभक्त नेपाली जनतालाई अर्पण गरेको छु। उतारचढावको निश्चित कालखण्ड पूरा गरेर दुई देश आज फेरि वार्ताको टेबुलमा बस्ने विन्दुमा आइपुगेका छन्। मलाई विश्वास छ, आम नेपाली जनताको साथबाट यस विषयको राष्ट्रिय हितमा टुङ्गो हुनेछ र महाकाली वारिको सम्पूर्ण भूभागमा नेपालको स्वामित्व स्थापित हुने छ।

२०७७ भदौ २६ गते सम्पन्न स्थायी कमिटीको पाँचौ बैठकले गरेको निर्णयको बुँदा १०.५ मा यस सम्बन्धमा भनिएको छ–

> 'यो बैठक नेपालको नयाँ नक्सा प्रकाशन र यस प्रयोजनका लागि संविधान संशोधन सहितको ऐतिहासिक निर्णयका लागि सम्माननीय प्रधानमन्त्री र नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।'

यस निर्णयमा हस्ताक्षर गर्ने पुष्पकमल दाहाल 'प्रचण्ड' र दुई महिनापछि २०७७ कात्तिक २८ गते यस विषयमा मेरो निष्ठामाथि प्रश्न उठाउने, 'राष्ट्रियतासँग सम्बन्धित विभिन्न विषयमा अनेक पटक फितलो देखिएको', **'विदेश मामला र कूटनीतिमा नेपालको स्वतन्त्र परराष्ट्र नीतिसँग मेल नखाने व्यवहार देखाउँदै... देशलाई क्षति पुऱ्याएको'** जस्ता आरोप लगाउने पुष्पकमल दाहाल 'प्रचण्ड' मध्ये कुनचाहिँ सक्कली र कुन नक्कली हो, म साँच्चै नै कन्फ्यूज्ड भएको छु।

यससम्बन्धी मेरो एउटा सानो जिज्ञासाको जवाफ दिनु हुन्थ्यो कि कामरेड 'प्रचण्ड' ? कालापानी, लिपुलेक र लिम्पियाधुरा त झण्डै साठी वर्षदेखि भारतको प्रशासनिक र कार्टोग्राफिक नियन्त्रणमै थिए। यस अवधिमा तपाईं दुई–दुई चोटी प्रधानमन्त्री बन्नुभयो। लिपुलेक र लिम्पियाधुराको नाम उच्चारण गर्न तपाईंलाई के कुराले छेकेको थियो ? लौ, यी त ठूला विषय भए रे। 'केपी ओलीले मित्र राष्ट्रहरूसँगको सम्बन्ध बिगाऱ्यो, हामी सपार्छौं' भन्दै मलाई हटाएर २०७३ साउनमा दोस्रो पटक प्रधानमन्त्री बन्नुभएका तपाईंलाई आफू स्वयंले पहिलोचोटी प्रधानमन्त्री हुँदा कोशीमा आएको बाढीमा सहजीकरण गर्न भनेर अनुमति दिएको

**एमसिसी परियोजनाका बारेमा पनि मलाई आक्षेप लगाउन भ्याउनु भएछ। तपाईंले उल्लेख नगर्नु भए पनि, यथार्थ यही हो– यो सम्झौतामा तपाईंले नेतृत्व गरेको तत्कालीन नेकपा (माओवादी–केन्द्र) र काङ्ग्रेसको संयुक्त सरकार हुँदा हस्ताक्षर गरिएको हो। अनि, हस्ताक्षरकर्ता 'राष्ट्रवादी' र जसले हस्ताक्षर गरेको भए पनि, नेपालको तर्फबाट गरिएको हुनाले यसलाई कार्यान्वयन गरौँ भनेर अगाडि बढाउन कोशिस गर्ने मचाहिँ कसरी 'राष्ट्रिय हित विरोधी'?**

विराटनगरस्थित भारतीय सम्पर्क कार्यालय जस्तो मामुली विषय समाधान गर्न पनि किन गाऱ्हो पऱ्यो ?

## ३८

हामी कूटनीतिक सम्बन्धहरूलाई कसरी अगाडि बढाउँछौँ ? सम्बन्धमा समस्या आएको बेला विभिन्न कूटनीतिक र अन्य च्यानलहरू प्रयोग गर्छौं कि गर्दैनौँ ? नाकाबन्दी जस्तो कठीन समयमा नेपालले यसो गऱ्यो कि गरेन ? विशेष अवस्थामा राष्ट्राध्यक्ष/सरकार प्रमुखले गैर कूटनीतिक क्षेत्रका प्रतिनिधि पठाउने प्रचलन विश्व राजनीतिमा छ कि छैन ? त्यसरी पठाइएका प्रतिनिधिलाई उनको पदीय हैसियत सोधेर भेट्ने नभेट्ने तय गरिन्छ ? मलाई निकै दुःख लाग्छ ती साथीहरूको आरोप सुन्दा, जसको विदेशी गुप्तचर पदाधिकारीहरूसँगको अपारदर्शी भेट र सम्बन्धमा एकखालको लत नै बसेको छ। अनि, जसका बारेमा जानकारहरूले अनेकौँ पुस्तक, अनुसन्धान र मन्तव्यमार्फत् खुलासा पनि गरेका छन्। कृपया यस्ता संवेदनशील विषयलाई व्यक्तिगत तुष पोख्ने माध्यम नबनाऊँ।

## ३९

तपाईंले एमसिसी परियोजनाका बारेमा पनि मलाई आक्षेप लगाउन भ्याउनु भएछ। तपाईंले उल्लेख नगर्नु भए पनि, यथार्थ यही हो– यो

सम्झौतामा तपाईंले नेतृत्व गरेको तत्कालीन नेकपा (माओवादी–केन्द्र) र काङ्ग्रेसको संयुक्त सरकार हुँदा हस्ताक्षर गरिएको हो। अनि, हस्ताक्षरकर्ता 'राष्ट्रवादी' र जसले हस्ताक्षर गरेको भए पनि, नेपालको तर्फबाट गरिएको हुनाले यसलाई कार्यान्वयन गरौँ भनेर अगाडि बढाउन कोशिस गर्ने मचाहिँ कसरी 'राष्ट्रिय हित विरोधी' ?

## ४०

झण्डै आठ वर्ष लामो छलफल, अध्ययन, अनुसन्धान र बहसपश्चात् नेपालको विकासको उत्तोलक बन्नसक्ने ऊर्जा क्षेत्र र त्यसको पनि महत्वपूर्ण पाटो क्रस बोर्डर ट्रान्समिसन लाइनमा लगानी गर्ने गरी एमसिसीसँग नेपालले हस्ताक्षर गरेको हो। अहिल्यै राष्ट्रव्यापी हाइभोल्टेज ट्रान्समिसन नेटवर्कको अभावमा उत्पादित बिजुली खेर जाने अवस्था आइसकेको छ। आगामी वर्षहरूमा यो समस्या झनै बढ्दै जाने छ। यसका लागि हामीलाई देशभित्र पनि र अन्तरदेशीय पनि हाइभोल्टेज ट्रान्समिसन लाइनको जडान अपरिहार्य छ। विकासका यस्ता रणनीतिक प्रश्नमा गरिने अर्थहीन बहस र खोक्रो 'राष्ट्रवाद' ले हामीलाई झनै परावलम्वी बाहेक केही बनाउने छैन। यदि भारतसँगको क्रस बोर्डर हाइभोल्टेज ट्रान्समिसन लाइन 'गल्ती' हो भने नेपालले यस्तो 'गल्ती' गरिसकेको छ, मुजफ्फरपुर–ढल्केबर लाइन बनाएर र त्यसैमार्फत् सयौं मेगावाट विद्युत् आयात गरेर। मैले एमसिसीसँग गरिएको सम्झौताका सम्बन्धमा पार्टीबाट दिइने सुझावलाई सरकारले ध्यान दिनेछ भनिसकेकै छु। केही कुरा स्पष्ट पार्नु या सुधार गर्नुपर्ने भए त्यसका लागि प्रयास गरिने छ पनि भनिसकेकै छु। कि त खुलस्त रूपमा यस सम्झौतालाई खारेज गर्नुपर्छ भन्नुस्। होइन भने, कहिले सार्वजनिक मञ्चमा (जस्तै 'कान्तिपुर कन्क्लेभ') गएर 'यसलाई पारित गरिन्छ' भन्ने, कहिले सभामुखलाई अन्योलमा राखेर, कहिले आफू निकट साथीहरूलाई अतिरञ्जित र भ्रामक प्रचार गर्न लगाएर, मित्र राष्ट्रहरूसँगको सम्बन्धमा जटिलता आउने गरी दोहोरो भूमिका खेल्न छाड्नु होस्। विकासका महत्वपूर्ण प्रश्न र देशको विश्वसनीयता जोडिएका विषयमा सस्तो राजनीति धेरै महङ्गो पर्न सक्छ।

**कोरोना महामारी अगाडिसम्म नेपाल उच्च आर्थिक बृद्धिदर हासिल गरिरहेका विश्वका १० प्रमुख मुलुकहरूको पङ्क्तिमा थियो। ३ वर्षयता आर्थिक वृद्धि लगातार ६.५ प्रतिशतभन्दा माथि थियो। यस अवधिमा प्रतिवर्ष गरिबी १.५ बिन्दुले घटेको थियो। सरकार सञ्चालनको यस अवधिमा १४ भन्दा बढी विश्वव्यापी सूचकाङ्कमा नेपालले उल्लेख्य सुधार गरेको छ।**

## ४१

तपाईंले मलाई शान्ति प्रक्रियाका कामहरू अल्झिनुमा समेत दोषी देखाउने दुस्साहस गर्नुभएको रहेछ। म 'धर्म' र 'पाप'मा विश्वास गर्दिनँ। तर यस्ता आरोप सुन्दासुन्दा कहिलेकाँही दिक्क लागेर सोच्ने गर्छु, साथीहरूले यति घटिया 'पाप' पनि कसरी चिताउन सक्दा हुन् ? यस्तो सुनेर द्वन्द्वमा ज्यान गुमाएका, वेपत्ता र घाइते पारिएकाहरूको 'आत्मा' ले के भन्दो हो ? छातिमा हात राखेर भन्नुस् त, यो विषय यतिका वर्षसम्म कसले अल्झाइरहेको छ ? अस्ति भर्खर मैले भनेको होइन– कि त यस विषयमा मलाई विश्वास गर्नुस्, म सकारात्मक टुङ्गो लगाउँछु। होइन भने मुख्य सरोकार राख्ने तपाईँ दुई पक्ष (तत्कालीन माओवादी र काङ्ग्रेस) मिलेर जे विकल्प दिनुहुन्छ, म अगाडि बढाउँछु। तपाईंले नै होइन, आयोगमा नाम सिफारिसको प्रबन्ध गरेको ?

मैले त तपाईँहरूका सुझावलाई अक्षरशः कार्यान्वयन गरेको छु। सरकार प्रमुखको हैसियतमा पीडितहरूको सरोकार सुन्नका लागि राष्ट्रव्यापी छलफल र परामर्शको व्यवस्था गरेको छु। यस्तो संवेदनशील विषयमा सत्तापक्ष र विपक्षलाई एकै थलोमा उभ्याएर हरेक विषय सहमतिका आधारमा अगाडि बढाउने काम गरेको छु। यससँग सम्बन्धित संशोधन विधेयकको मस्यौदा अन्तिम चरणमा पुगेको छ। मैले अन्तर्राष्ट्रिय मञ्चहरूमा यसको समाधान नेपाल स्वयंले गर्ने र यसो गर्ने सामर्थ्य नेपालसँग रहेकोले

यसलाई अनावश्यक रूपमा विवादित विषय नबनाउन आह्वान गरेको छु। सङ्क्रमणकालीन न्याय टुङ्ग्याउने बारेमा हाम्रा पाँचवटा नीतिगत आधारका बारेमा स्पष्ट पारेको छु। बेलाबेलामा यस विषयलाई लिएर हुने अनुचित बाह्य टिप्पणीको विधिवत् प्रतिवाद गरेको छु।

यसमा मलाई यत्ति भन्नु छ, यो ज्यादै संवेदनशील विषय हो। नेपालको प्रतिबद्धता र विश्वसनीयता जोडिएको, पीडितहरूको संवेदना जोडिएको र विश्व समुदायको पनि चासो र सरोकार रहेको। तपाईंले भनेको 'पाँच हजार मान्छेको हत्याको जिम्मा म लिन्छु' को अर्थ के हो ? तपाईंका यस्ता अभिव्यक्तिले समस्यामा झन गाँठो पर्न सक्छ भन्ने ख्याल गर्नुहोस्। खेलबाड गर्ने गल्ती नगर्नुस्।

## ४१

कोरोना महामारी अगाडिसम्म नेपाल उच्च आर्थिक बृद्धिदर हासिल गरिरहेका विश्वका १० प्रमुख मुलुकहरूको पङ्क्तिमा थियो। तीन वर्षयता आर्थिक बृद्धि लगातार ६.५ प्रतिशतभन्दा माथि थियो। यस अवधिमा प्रतिवर्ष गरिबी १.५ विन्दुले घटेको थियो। सरकार सञ्चालनको यस अवधिमा १४ भन्दा बढी विश्वव्यापी सूचकाङ्कमा नेपालले उल्लेख्य सुधार गरेको छ। मानव विकास सूचकांक, व्यवसाय गर्ने सहज वातावरण, भोकमरीको अवस्था, शान्ति सूचक, विधिको शासन, भ्रष्टाचार नियन्त्रण र पारदर्शिता, खुशी मापन सूचक, लैंगिक समानता, महिला, व्यवसाय र कानुनका क्षेत्रमा सुधार गर्ने प्रमुख १० देशमध्ये एक, दक्षिण एसियामा पहिलो खुला दिसामुक्त मुलुक आदि जस्ता सूचक उत्साहबर्द्धक छन्। आयातमा कमी र निर्यातमा बृद्धिसँगै व्यापार घाटा १० प्रतिशतले घट्नु, वैदेशिक लगानी र सहायतामा उल्लेख्य बृद्धि हुनु, बाह्य सहायताको अधिकांश हिस्सा राष्ट्रिय बजेट प्रणालीमा समाविष्ट हुनु, विदेशी मुद्रा सञ्चितीमा उल्लेख्य बृद्धि हुनु हामीले हासिल गरेका उपलब्धिका केही दृष्टान्त हुन्। नेपालको रणनीतिक विकासका महत्वपूर्ण पूर्वाधार, जस्तै केरुङ-काठमाडौं र रक्सौल-काठमाडौं क्रसबोर्डर रेलवे, पूर्व-पश्चिम विद्युतीय रेलमार्ग,

**गत वर्ष माघमा सम्पन्न पार्टी केन्द्रीय कमिटीको दोस्रो बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनमा समीक्षा गरिएको छः 'सरकारले अनेकौं जटिलता, चुनौती र प्रतिकूलताका बाबजुद संविधान कार्यान्वयन, विकास, निर्माण, सामाजिक न्याय, सामाजिक सुधार, आर्थिक वृद्धि र वैदेशिक सम्वन्ध विस्तार आदि जस्ता मूलभूत क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको छ।'**

जलमार्ग, दुईवटा नयाँ विमानस्थल, नागढुङ्गा सुरुङमार्ग, काठमाडौँ–तराई द्रूतमार्ग आदिको काम अगाडि बढ्दै छ। टोखा–छहरे र सिद्धबाबामा सुरुङ मार्गको निर्माण सुरु हुँदै छ भने पूर्व–पश्चिम राजमार्गको विस्तारसँगै पुष्पलाल लोकमार्ग, मदन भण्डारी राजमार्ग र उत्तर दक्षिण करिडोरहरूको निर्माण र स्तरोन्नति तीव्रतासाथ अगाडि बढेको छ। प्रदेश दुईका लागि रूपान्तरणकारी परियोजना सुनकोशी– मरिन डाइभर्सन सुरु हुने चरणमा छ। नवलपुरको धौवादी फलाम खानी र दैलेखमा पेट्रोलियम उत्खनन् हुँदै छ। माथिल्लो तामाकोशी र मेलम्ची परियोजना यसै वर्ष पूरा हुँदैछन्। म यसो भन्दिनँ कि हामीले प्राप्त गरेका यी उपलब्धिहरू पर्याप्त छन्। गर्नु पर्ने र गर्न सकिने कामहरू अझ धेरै होलान्, छन्। तर यी उपलब्धि महत्वपूर्ण छैनन् र?

गत वर्ष माघमा सम्पन्न पार्टी केन्द्रीय कमिटीको दोस्रो बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनमा समीक्षा गरिएको छः

> 'सरकारले अनेकौं जटिलता, चुनौती र प्रतिकूलताका बाबजुद संविधान कार्यान्वयन, विकास, निर्माण, सामाजिक न्याय, सामाजिक सुधार, आर्थिक बृद्धि र वैदेशिक सम्बन्ध विस्तारआदि जस्ता मूलभूत क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको छ।'

सरकारलाई कमजोरी सच्याउन विभिन्न ६ वटा सुझाव दिँदै प्रतिवेदनको निष्कर्षका रूपमा भनिएको छः

> 'नयाँ संविधान, नयाँ सरंचना र नयाँ अभ्यासका तमाम जटिलताहरूलाई पार गर्दै तथा पार्टी एकताको सत्रंमणकालीन अवस्थाका समस्याहरू झेल्दै सरकारले गरेका काम र उपलब्धिहरूको पक्ष नै मुख्य पक्ष रहेको तथ्यलाई सिङ्गो पार्टी पङ्क्ति र आम जनतामा स्थापित गर्नु पर्दछ।'(पृष्ठ १७-२१)

मैले बिर्सेको छैन भने यो प्रतिवेदन अध्यक्षद्वयका तर्फबाट कमरेड 'प्रचण्ड' ले बैठकसमक्ष प्रस्तुत गर्नुभएको थियो। आफैले बैठकसमक्ष प्रस्तुत गरेको र कमिटीले संस्थागत रूपमा निकालेको यस निष्कर्षलाई बिर्सेर अहिले कसरी तपाईं सरकारको विपक्षमा उभिन पुग्नु भयो ?

## ४३

नेपालको युगान्तकारी राजनीतिक परिवर्तनका लागि हामीले प्रतिनिधित्व गरेका कम्युनिष्ट आन्दोलनका दुबै धारको योगदान छ। हाम्रो राजनीतिक प्रतिवेदनमा मूल्याङ्कन गरिएको छः

> 'जननेता मदन भण्डारीले विश्व कम्युनिष्ट आन्दोलनका अनुभवहरू, सोभियत समाजवादी व्यवस्थाका अनुभवहरू र सोभियत सङ्घको विघटन एवं नेपाली कम्युनिष्ट आन्दोलनका अनुभवहरूलाई संश्लेषण गर्दै जनताको बहुदलीय जनवादको अवधारणा प्रस्तुत गर्नुभयो, जसलाई नेकपा (एमाले) ले पाँचौँ महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यक्रम र छैटौँ महाधिवेशनबाट नेपाली क्रान्तिको सिद्धान्तका रूपमा अवलम्बन गर्दै आएको छ। कम्युनिष्ट पार्टीको पहिलो लोकप्रिय सरकार बनाएर सामाजिक न्यायका कामहरू अगाडि बढाउन र जनतालाई आन्दोलनमा नेतृत्व गर्दै गणतन्त्रसम्म ल्याइपुर्‍याउन नेकपा (एमाले) ले महत्वपूर्ण भूमिका खेल्यो। प्रतिकूल अवस्थामा नेपाली

**इतिहासका घटनाक्रमलाई हेर्ने एउटै साझा दृष्टिकोण नहुन पनि सक्छ। आजको हाम्रो आवश्यकता आन्दोलनका दुबै धारका सकारात्मक अनुभवहरूको संश्लेषण गरेर सिद्धान्तको थप विकास गर्नु हो। अगाडिको बाटोका बारेमा हामी स्पष्ट छौँ।**

कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन, प्रतिक्रियावादी एवं प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न, पार्टीलाई जनताको बीचमा लोकप्रिय र सुदृढ जनाधारसहित स्थापित गर्न एवं वैधानिक ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउन नेकपा (एमाले)को उल्लेखनीय योगदान रहेको छ।'

त्यसैगरी पृष्ठ ३५ थप भनिएको छः

'यसै अवधिमा सामन्तवाद र साम्राज्यवादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न दीर्घकालीन जनयुद्धका रूपमा बलप्रयोग अनिवार्य रहेको निष्कर्षका साथ नेपालको ठोस परिस्थितिमा राजनीतिक र फौजी रणनीतिको विशिष्ट सन्तुलन कायम गर्दै कमरेड 'प्रचण्ड' को नेतृत्वमा नेकपा (माओवादी)ले २०५२ फागुन १ गतेदेखि जनयुद्धको पहल गर्‍यो। त्याग र बलिदानका कीर्तिमान कायम गर्दै माओवादी जनयुद्धले नेपाली राजनीतिमा नयाँ तरङ्ग र बहससहित दूरगामी प्रभाव पार्‍यो। महिला, दलित, मधेसी, जनजाति लगायतका उत्पीडित वर्ग र समुदायलाई जागृत र सङ्गठित गर्न, राजनीतिमा समावेशीकरणका मुद्दालाई स्थापित गर्न, संविधानसभाको निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधार तयार पार्न माओवादी आन्दोलनले महत्वपूर्ण भूमिका खेल्यो।'

यसरी दुबै आन्दोलनको सन्तुलित मूल्याङ्कन गरिएको छ।

इतिहासका घटनाक्रमलाई हेर्ने एउटै साझा दृष्टिकोण नहुन पनि सक्छ। आजको हाम्रो आवश्यकता आन्दोलनका दुबै धारका सकारात्मक अनुभवहरूको संश्लेषण गरेर सिद्धान्तको थप विकास गर्नु हो। अगाडिको बाटोका बारेमा हामी स्पष्ट छौँ। पार्टी विधानको प्रस्तावनाले स्पष्ट उल्लेख गरेको छः

> 'जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै शान्तिपूर्ण, संवैधानिक र लोकतान्त्रिक बाटोबाट मुलुकको सामाजिक–आर्थिक रूपान्तरण गर्नु र राष्ट्रिय पूँजीको विकास गर्दै सामाजिक न्याय एवम् लोकतान्त्रिक मूल्यसहितको समाजवादको आधार निर्माण गर्नु' यस पार्टीको तात्कालिक लक्ष्य हो। त्यसैगरी पार्टीको तात्कालिक कार्यभार 'दलाल नोकरशाही पूँजीवादी शोषण, उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्नु, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा विद्यमान सामन्तवादका सबै अवशेषहरूलाई समाप्त गर्नु र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको जगमा समृद्ध नेपाल निर्माण गर्नु।'

त्यसरी नै स्पष्ट पारिएको छः

> यो पार्टी 'संविधानको सर्वोच्चता, विधिको शासन, मानवअधिकार एवम् मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, वहुलतायुक्त खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था, स्वतन्त्र न्यायपालिकालगायत आधुनिक लोकतन्त्रका विश्वव्यापी मूल्य–मान्यतामा प्रतिबद्ध छ।'

यी विषयमा कसैको विमति छैन। तपाईँले कुन दस्तावेजलाई उधृत गरेर 'गणतन्त्र ल्याउन माओवादी जनयुद्धको 'मुख्य योगदान' भनेर राजनीतिक प्रतिवेदनमा लेखिएको, तर मैले माओवादी आन्दोलनको योगदान अवमूल्यन गरेको आरोप लगाउनु भयो ? तथ्यहरूलाई तोडमरोड गरेर, आन्दोलनमा दुबै धारको योगदानको बारेमा गरिएको विश्लेषणलाई

**मलाई नातावादको निराधार आरोप लगाउनु पूर्व तपाईंले एकचोटी आफैलाई नियालेर हेर्नु भएको भए हुन्थ्यो। तपाईंले गर्नुभएको सिफारिसमा आन्दोलनमा योगदान र त्याग गरेका मान्छे परेका छन् कि अन्य ? न्यूनतम मानवीय सम्बन्ध र मर्यादालाई ध्यानमा राखेर तपाईंले मसँग उम्मेदवारी, मन्त्रिपरिषद् या राजनीतिक नियुक्तिमा भन्नुभएका सबै विषय अहिले सार्वजनिक गर्दिनँ।**

अस्वीकार गरेर तपाईंले के सन्देश दिन खोज्नु भएको हो ? मैले बुझिनँ। यसो गर्नु गलत मात्रै होइन, अस्वीकार्य विषय हो।

## ४४

राजनीतिक नियुक्तिका बारेमा पनि प्रश्न उठाइएको रहेछ। एउटा कुरा स्पष्ट पारुँ, मेरा कुनै नाता/सम्बन्धीहरूले कुनै नियुक्ति पाएका छैनन्। नाता सम्बन्ध भएकै कारणले मात्रै भोलि पनि पाउने छैनन्। मलाई परिवार र व्यक्तिगत लाभमा अल्झिनु छैन। कसैले पनि यसो गर्नुहुँदैन। राजनीतिक नियुक्तिका सम्बन्धमा मेरो मान्यता हो– जिम्मेवारी पूरा गर्ने, काम गर्ने उत्साह, क्षमता र सक्रियता भएकाहरूलाई जिम्मा दिइनु पर्छ। मेरो र तेरोको भागबण्डाका आधारमा होइन। म देशलाई अगाडि बढाउन चाहन्छु, देश समृद्ध बन्छ भन्नेमा विश्वास राख्छु। त्यसमा योगदान गर्नुपर्छ भन्ने ठान्छु। यस भावनासँग सहमत नहुने, सधैंभरि निराशा र कुण्ठामात्रै बोकी हिंड्ने तर कुनै नेता विशेषको नजिक भएकै कारण उसले नियुक्ति पाउनु पर्छ भन्ने कुरा उचित हुन्छ र ? मलाई नातावादको निराधार आरोप लगाउनु पूर्व तपाईंले एकचोटी आफैलाई नियालेर हेर्नु भएको भए हुन्थ्यो। तपाईंले गर्नुभएको सिफारिसमा आन्दोलनमा योगदान र त्याग गरेका मान्छे परेका छन् कि अन्य ? न्यूनतम मानवीय सम्बन्ध र मर्यादालाई ध्यानमा राखेर तपाईंले मसँग उम्मेदवारी, मन्त्रिपरिषद् या राजनीतिक

नियुक्तिमा भन्नुभएका सबै विषय अहिले सार्वजनिक गर्दिनँ। आज मात्र होइन, भोलि पनि मबाट यस्तो काम हुने छैन। तर तपाईंले एकछिन एकान्तमा बसेर, आफैतिर नियालेर हेर्नुस् त, हिजो कष्टपूर्ण यात्रामा साथ दिएका साथीहरूमाथि साँच्चै न्याय भइरहेको छ? सरकार र पार्टी नेतृत्व दुबैबाट मलाई हटाउने म्याराथुनमा कुदिरहँदा कहिल्यै तपाईंको दिमागमा युद्धमा घाइते भएका, अझै पनि शरीरमा गोली र छर्रा बोकेर हिँडिरहेका साथीहरूको दुःखान्त तस्बिर आउँछ? कहिल्यै यी साथीहरूलाई राहत र पुनर्स्थापनाको विषय एजेण्डा बनाउनु भएको छ?

## ४५

सङ्घीयताका बारेमा मेरो निष्ठामाथि प्रश्न उठाउने र यससम्बन्धी मेरा भनाइलाई विवादित बनाउने चेष्टा भएको रहेछ। सङ्घीयता नेपालको संवैधानिक यथार्थ हो र गएको साढे दुई वर्षमा मैले यसलाई कार्यान्वयन गर्न र सफल पार्न दर्जनौँ कानुनहरूको निर्माण, वित्तीय र प्रशासनिक सङ्घीयताको कार्यान्वयन तथा अन्य आवश्यक प्रबन्धको नेतृत्व गरेको छु। त्यसै कारणले नै आज ती 'फङ्क्सनल' छन्। प्रदेश राजधानीका विषयमा प्रदेशमा सहमति जुट्न नसक्दा तपाईंसँग मिलेर सहजीकरण गरेको छु।

यस सम्बन्धमा केही कुरामा भने स्पष्टता जरुरी छ। पहिलो, मुलुकमा सङ्घीयताप्रति सन्देह गर्ने पङ्क्ति छ। त्यसलाई ओठे जवाफ दिएर या सरापेर मात्रै पुग्दैन। सङ्घीय प्रणाली स्वयंले डेलिभरी दिनु पर्छ, तब मात्र आलोचनाहरू बन्द हुन्छन्। त्यसैले मैले डेलिभरीमा जोड दिएको छु। दोस्रो, संविधानको प्रावधान अनुसार प्रदेशहरूलाई निश्चित स्वायत्तता प्राप्त छ, तर तिनीहरू समग्र राज्य प्रणालीका अङ्ग हुन्, ती छुट्टै होइनन्। मैले 'प्रदेशहरू राज्यका अङ्ग हुन्' भनेर व्यक्त गरेको कुरालाई 'प्रदेशहरू केन्द्र सरकारको प्रशासनिक इकाई हुन् भन्यो' भनेर रिपोर्टिङ गर्ने साथीहरूलाई राज्य र सरकारको अन्तरसम्बन्ध र भेदबारे प्रशिक्षण दिनु होला। अर्को कुरा, प्रदेशसभा र प्रदेश सरकार संविधानतः

**प्रदेशसभा र प्रदेश सरकार संविधानतः सापेक्षरूपमा स्वायत्त होलान्, तर पार्टीका प्रदेश कमिटी र तिनका नेताहरू स्वायत्त होइनन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सङ्घीय पार्टी होइन, एकीकृत पार्टी हो। कुनै पनि महत्वपूर्ण निर्णय गर्नु पूर्व त्यस कमिटी र त्यसका नेताले केन्द्रसँग परामर्श लिनु पर्दैन? अनुमति लिनु पर्दैन? प्रदेशका नेताहरूलाई आफूखुशी चल्ने स्वायत्तता प्राप्त छ? मैले कर्णाली प्रदेशका नेताहरूलाई यही विषयमा ध्यानाकर्षण गरेको हुँ।**

सापेक्षरूपमा स्वायत्त होलान्, तर पार्टीका प्रदेश कमिटी र तिनका नेताहरू स्वायत्त होइनन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सङ्घीय पार्टी होइन, एकीकृत पार्टी हो। कुनै पनि महत्वपूर्ण निर्णय गर्नु पूर्व त्यस कमिटी र त्यसका नेताले केन्द्रसँग परामर्श लिनु पर्दैन? अनुमति लिनु पर्दैन? प्रदेशका नेताहरूलाई आफूखुशी चल्ने स्वायत्तता प्राप्त छ? मैले कर्णाली प्रदेशका नेताहरूलाई यही विषयमा ध्यानाकर्षण गरेको हुँ। तर मेरो विरोध गर्ने नाममा तपाईंले जेजस्ता तर्क अगाडि सार्दै हुनुहुन्छ, ती नजीरका रूपमा स्थापित भए भने कालान्तरमा ती निकै महङ्गो सावित हुने छन्।

## ४६

तपाईंले मलाई 'व्यक्तिवादी', 'गुटवादी' र 'एकाधिकारवादी' आरोप लगाइरहँदा एकपल्ट आफूले नेतृत्व गरेको अवधिको आत्मसमीक्षा गर्नु भए हुन्थ्यो। जुन व्यक्तिको ३० वर्षे नेतृत्वकालमा सहयोद्धा साथीहरू अत्यन्त पीडाका साथ पार्टी छाड्न विवश भएका छन्, जसमध्ये कतिको दुखद मृत्यु समेत भएको छ, जसको नेतृत्वकालमा पार्टी पटक-पटक विभाजित भएर चिराचिरा भएको छ, जहाँ तजविजका भरमा कुनै बेला कमिटी दुई अङ्कमा झर्छ, अनि तुरुन्तै ४ हजार सदस्यीय बन्छ, कमरेडले मलाई यस्तो आरोप लगाउन अलिकति अप्ठ्यारो मान्नु पर्ने हो। म त जम्माजम्मी एउटा महाधिवेशनबाट, त्यो पनि प्रतिष्पर्धामार्फत् अध्यक्ष पदमा निर्वाचित

भएर काम गरिरहेको छु। मलाई थाहा छ, हाम्रो सफलता टिम वर्कका कारण संभव भएको हो। तर मलाई गर्व छ, यस अवधिका बारेमा, जतिबेला पार्टीले संविधान निर्माणमा अगुवाइ गऱ्यो, सरकार गठन र नाकाबन्दीको विरोध गऱ्यो, जातीय-क्षेत्रीय अतिवादको प्रतिवाद र राष्ट्रिय एकताको सुदृढीकरण गऱ्यो, नेपालको राष्ट्रिय स्वाभिमानको रक्षामा नेतृत्व गऱ्यो, निर्वाचनमा सबैभन्दा ठूलो पार्टीका रूपमा विकास भयो, पार्टी एकीकरण र दुई तिहाइ बहुमतको सरकार निर्माण सम्पन्न गऱ्यो। मैले जीवनभरि समाजमा पनि र पार्टीभित्र पनि लोकतान्त्रिकरणको पैरवी गर्दै आएको छु। मैमाथि 'व्यक्तिवादी' आरोप लगाउँदा म खिस्स हाँस्न बाहेक के गर्न सक्छु र?

## ४८

तपाईंले मलाई कोरोना महामारीका कारण सिर्जित असामान्य परिस्थितिमा विदेशमा समस्यामा परेका नेपालीहरूलाई स्वदेश फिर्ता गर्न नसकेको जस्तो आरोप पनि लगाउनु भएको छ। कोरोनाको महामारी बढ्दै गएर विभिन्न मुलुकहरू लकडाउनमा गएपछि, अन्तर्राष्ट्रिय उडानहरू बन्द भएपछि हामीले जो जहाँ छ, त्यहीँ सुरक्षित रहने प्रबन्ध गऱ्यौँ र यसका लागि समकक्षी सरकार प्रमुख र पदाधिकारीहरूसँग वार्ता गऱ्यौँ। परिस्थिति जटिल बन्दै गएपछि हामीले सुरक्षित स्वदेश फिर्तीको प्रबन्ध गऱ्यौँ, जस अन्तर्गत चीनको उहानबाट ल्याइएका विद्यार्थीहरू समेत १ लाख ४० हजारभन्दा बढी नेपालीहरू स्वदेश फर्किसकेका छन्। यो भारतबाहेक तेस्रो मुलुकबाट फर्किनेहरूको सङ्ख्या हो। यसभित्र अफ्रिका, ल्याटिन अमेरिका र पूर्वी एसियाका, नेपालसँग सिधा हवाई सम्पर्क नभएका दूरदराजका देशहरूसमेत पनि पर्छन्। कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि राजनीतिक दल र राष्ट्रिय जीवनका महत्वपूर्ण महानुभावहरूलाई पटक-पटक आमन्त्रण गरी सुझाव लिइएको छ। यस्ता कार्यक्रममा आफ्नै दलका अध्यक्ष अनुपस्थित हुने, तर यस सम्बन्धमा कुनै छलफल नगराएको भन्ने आरोप लगाउन मिल्छ र? विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अर्थात् बाढी पहिरो आदि प्राकृतिक विपत्ती

**मलाई गर्व छ, यस अवधिका बारेमा, जतिबेला पार्टीले संविधान निर्माणमा अगुवाइ गऱ्यो, सरकार गठन र नाकाबन्दीको विरोध गऱ्यो, जातीय–क्षेत्रीय अतिवादको प्रतिवाद र राष्ट्रिय एकताको सुदृढीकरण गऱ्यो, नेपालको राष्ट्रिय स्वाभिमानको रक्षामा नेतृत्व गऱ्यो, निर्वाचनमा सबैभन्दा ठूलो पार्टीका रूपमा विकास भयो, पार्टी एकीकरण र दुई तिहाइ बहुमतको सरकार निर्माण सम्पन्न गऱ्यो।**

सम्बन्धमा गरिएको कुनैपनि बैठकमा उपस्थित हुन तपाईंको रुचि रहेन। अवलम्बन गरिनुपर्ने नीति तथा कार्यान्वयन सम्बन्धमा सल्लाह र परामर्शको लागि यस्तो विषयमा पनि 'राजनीति गर्ने' धृष्टता गर्नुभएको कमरेड ?

## ४८

आरोप लगाउँदै जाँदा तपाईंले ममाथि 'सङ्कटकाल लगाउन खोजेको', 'संसद भङ्ग गर्न खोजेको', 'द्वन्द्वकालीन मुद्दाहरू ब्यूँताउन खोजेको', 'अख्तियार लगाउन खोजेको', नेताहरू 'लडाउन खोजेको' आदि फरेव तेर्स्याउनु भएछ। लोकतन्त्र मेरो निष्ठा हो, बाध्यता होइन। विधिको शासन मेरो छनोट हो, ओठेभक्ति होइन। सिधा र खुल्ला बहस, अनि आवश्यक परे सिधा लडाइँ लड्ने मेरो विशेषता हो। छलकपट र दाउपेच मेरो स्वभाव होइन। म पार्टीभित्रका समस्याको समाधानका लागि यस्ता हतियारको सहारा लिनुपर्ने कमजोर धरातलमा उभिएको छैन। हाम्रो पार्टीका नेताहरू मैले लडाएर लड्ने त्यति कमजोर हुनुहुन्छ र ? आफ्नै छायासँग पनि तर्सिनु पर्ने अवस्थाबाट मुक्त हुनुहोस्!

मेरो विरोध गर्ने नाममा तपाईंले न्यायपालिका जस्तो सम्मानित र संवेदनशील संस्थालाई समेत विवादमा मुछ्ने गैरजिम्मेवार काम गर्नुभएको छ। त्यसलाई लिएर म कुनै टिप्पणीसम्म गर्न चाहन्नँ।

## ४९

समकालीन राजनीतिका कतिपय विषयमा तपाईंको दोहोरो, अस्पष्ट र अन्यौलग्रस्त विचारले म घरिघरि चिन्तित हुन्छु। विप्लवले अगाडि बढाइरहेको हिंसा निन्दनीय हो कि रातो झण्डाको आवरणमा भएकाले त्यसप्रति नरम हुन मिल्छ? मिल्दैन भने, किन स्पष्ट भाषामा खण्डन र भर्त्सना गर्नुहुन्न? व्यक्तिगत रूपमा विप्लवप्रति मेरो या सरकारको कुनै पूर्वाग्रह छैन। हिंसा छाडेर शान्तिपूर्ण बाटोमा आए उनलाई स्वागत गरिने छ। तर अब पनि समाजमा हिंसा, जुनसुकै आवरणमा किन नहोस्, किमार्थ स्वीकार्य छैन। त्यसलाई सफल हुन दिइने छैन। सरकारको यस्तो स्पष्ट नीतिप्रति तपाईँको द्विविधा किन? सिके राउतले हिजो गरेको विखण्डनकारी गतिविधि अस्वीकार्य थियो। पछि उनले त्यस बाटोलाई छाडे र संविधान स्वीकारेर अगाडि आए। राष्ट्रिय विखण्डनको प्रयाश छाडेर उनी राजनीतिक मूलधारमा आउने कुरा देशको लागि सकारात्मक होइन? यो विखण्डनको राजनीतिको पराजय र राष्ट्रिय अखण्डताको जित होइन? तर यस्ता प्रश्नलाई विवादित बनाउने काम गर्नुभएको छ, किन? मुलुकमा आज पनि जातीय र क्षेत्रीय अतिवादी सोचहरू छन्। सामाजिक सद्भाव विगार्न खोज्ने प्रवृत्तिहरू छन्। त्यस विरुद्ध तपाईंको स्पष्ट अडान किन देखिँदैन? किन त्यस्ता प्रवृत्तिलाई बारम्बार प्रोत्साहन गर्ने काम हुन्छ?

## ५०

मैले माथि भने झैँ, हाम्रो अगाडिको बाटो स्पष्ट छ। हामी संविधानले देखाएको बाटोमा हिंड्ने छौँ। शान्तिपूर्ण प्रतिस्पर्धाबाट श्रेष्ठता स्थापित गर्ने छौँ। तर म तपाईंमा यी विषयमा काफी द्विविधा देख्छु। यो राज्यव्यवस्था, तपाईँको दृष्टिमा सुदृढ गर्नु पर्ने व्यवस्था हो कि बदल्नु पर्ने व्यवस्था? लोकतन्त्रका लागि गरिने आन्दोलन र लोकतन्त्रमा गरिने आन्दोलनमा भिन्नता हुन्छ कि हुँदैन? बाह्य सम्बन्धकै कुरा गरौँ, नेपालको बाह्य सम्बन्ध सञ्चालनको आधार के हो- राष्ट्रिय हित, संयुक्त राष्ट्र सङ्घको

**आरोप लगाउँदै जाँदा तपाईंले ममाथि 'सङ्कटकाल लगाउन खोजेको', 'संसद भङ्ग गर्न खोजेको', 'द्वन्द्वकालीन मुद्दाहरू ब्यूँताउन खोजेको', 'अख्तियार लगाउन खोजेको', नेताहरू 'लडाउन खोजेको' आदि फरेव तेर्स्याउनु भएछ। लोकतन्त्र मेरो निष्ठा हो, बाध्यता होइन। विधिको शासन मेरो छनोट हो, ओठेभक्ति होइन।**

वडापत्र, असङ्लग्नता, पञ्चशीलताका सिद्धान्त कि अन्य केही ? हामी संसारका कुनै पनि देश हाम्रा शत्रु होइनन्, सबै मित्र हुन्, तर इस्युमा हाम्रो समर्थन र विरोध हुन सक्छ भनेर चल्छौँ कि खास देश या देशहरू निश्चित कित्ताका, निश्चित प्रणालीका हुनाले तिनको स्थायी रूपमा विरोध गर्छौं ? हामी देशभित्रका उद्यमी व्यवसायीहरूलाई लगानी गर्नुस्, पारदर्शी ढङ्गले कमाइ गर्नुस् र तोकिएको कर तिर्नुस्, सरकारले सुरक्षा दिन्छ भनेर आश्वस्त पार्छौं कि मन परेकालाई राष्ट्रिय पूँजीपति भन्दै संरक्षण र मन नपरेकालाई दलाल पूँजीवादी भन्दै खेदो गर्छौं ? हामी साथीहरूलाई उद्यमशीलतातिर प्रोत्साहित गर्छौं कि राज्यकोषमाथि आश्रित बनाउँछौ ? सरकार हाम्रो हो, तर सत्ता हासिल भएको छैन, तसर्थ 'राज्यका सम्पूर्ण संरचनालाई गणतान्त्रिक संरचनामा बदल्ने' भन्दै राज्यका अङ्गहरूमा शङ्काको चिसो पसाउँछौँ कि कानुनसम्मत राज्यको नेतृत्व गर्छौं ?

सारमा, पार्टीलाई अब विकास र समृद्धिको संवाहक र अगुवा बनाउँछौँ कि गुटहरूको संयुक्त मोर्चा ?

## ५१

मैले यिनै केही प्रश्नहरूको सन्दर्भमा जनताको वहुदलीय जनवादको विषय उठाएको हुँ। महाधिवेशनसम्म हामीले यसलाई थाँती राखेको र जनताको जनवाद पदावली प्रयोग गर्ने निर्णय गरेको तथ्यलाई

मैले बिर्सेको छैन। तर नेपालको कम्युनिष्ट आन्दोलनलाई यस उचाइमा ल्याई पुऱ्याउन यसले खेलेको भूमिकाको सकारात्मक चर्चा गर्दा तपाईंलाई हुने छटपटी र व्यग्रता देखेर म अचम्मित हुन्छु। अब हामी हिंड्ने बाटो कुन हो भन्ने कुरामा स्पष्ट हुनु पर्दैन ? नेकपाको पहिचान र बाटोका बारेमा उठेका प्रश्नहरूको सैद्धान्तिक जवाफ दिनु पर्दैन ?

## ५२

तपाईंले आफ्नो अस्थिरतालाई आफ्नो गतिशीलताका रूपमा आत्मप्रशंसा गर्ने गर्नुभएको छ। गतिशीलता र अस्थिरताका बीचमा रहेको भिन्नता बुझ्नु भएको छैन भने एकचोटी घोत्लिन म आग्रह गर्छु। गतिशीलता लक्ष्यमा निर्निमेष हेरेर अविचलित रूपमा अगाडि बढ्ने प्रक्रियाको नाम हो भने अस्थिरता जहाँ ढुङ्गा खस्यो, त्यहीँ निशाना भने जस्तो अवसरवादी तरिका हो। म चाहन्छु, तपाईँ गतिशीलताका नाममा अस्थिरताको संवाहक नबन्नुस्। कुनै बेला स्वयं प्रधानमन्त्री हुँदा 'म प्रधानमन्त्री हुँ कि विद्रोही नेता हुँ ? अलमलमा छु' भनेर अभिव्यक्ति दिनु हुन्थ्यो। त्यो अलमलले तपाईँलाई र खूद नेपालको कम्युनिष्ट आन्दोलनलाई कति क्षति पुऱ्यायो ? समीक्षा गर्नुभएकै होला। नेपाली जनताले निकै बलिदानका साथ राजनीतिक स्थायित्व हासिल गरेका छन्। समृद्धिका सपना देख्न थालेका छन्। नेपाल राष्ट्र आफ्नो स्वतन्त्र व्यक्तित्वका साथ सार्वभौम समानताको मान्यताका बीच ठाडो शिर लगाएर उभिन थालेको छ। आज फेरि तपाईँ दुईवटा डुङ्गामा खुट्टा राखेर उभिनु भएको छ– सरकारको नेतृत्व गरिरहेको पार्टीको अध्यक्ष हुनुहुन्छ, तर यसको स्वामित्व लिनु हुन्न। विरोधी भन्दा चर्को गरी सरकारको विरोधमा उभिनुहुन्छ, सरकार ढाल्न भित्रभित्रै खेल खेल्नुहुन्छ।

## ५३

मेरो आग्रह छ– पार्टीभित्रका सहज बहसलाई स्वस्थ र मर्यादित बनाउन योगदान गर्नुहोस्, कटुता, विद्वेष र विग्रहको बाटोमा नहिंडाउनु

**हामी साथीहरूलाई उद्यमशीलतातिर प्रोत्साहित गर्छौं कि राज्यकोषमाथि आश्रित बनाउँछौं ? सरकार हाम्रो हो, तर सत्ता हासिल भएको छैन, तसर्थ 'राज्यका सम्पूर्ण संरचनालाई गणतान्त्रिक संरचनामा बदल्ने' भन्दै राज्यका अङ्गहरूमा शङ्काको चिसो पसाउँछौं कि कानुनसम्मत राज्यको नेतृत्व गर्छौं ?**

होस्। पार्टी एकतालाई बलियो बनाउनु होस्, विभाजन र विखण्डनको बिऊ नरोप्नुहोस्। यसो सम्झिनु होस् त, हिजो हामी दुई अलग-अलग पार्टीका रूपमा चुनावी मैदानमा थियौँ, तर दुबैका सकारात्मक पक्षको चर्चा गर्ने गरिएकाले हामी भावनात्मक रूपमा एउटै पार्टीजस्तो भएका थियौँ। आज हामी एउटै पार्टीका रूपमा छौँ, तर खालि नकारात्मक कुरा मात्रै गर्छौँ। परिणाम ? आज कानुनी हिसाबले पार्टी एक भए पनि भावनात्मक रूपमा विभाजित भएका छौँ। यसलाई अन्त्य गर्ने बेला भएन ?

भनिन्छ, इतिहास दुई चोटी दोहोरिन्छ– पहिलो चोटी दुःखान्तका रूपमा, अर्को पल्ट प्रहसनका रूपमा। दुःखान्तका रूपमा त इतिहास दोहोरिइनै सकेको छ, के तपाईं अर्को प्रहसनको पर्खाइमा हो ?

*सचिवालयका कमरेडहरू,*

माथि, मैले मेराविरुद्ध कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड' ले लगाउनु भएका आरोपहरूको खण्डन गरेको छु, तिनलाई अस्वीकार गरेको छु। म कमरेडहरूलाई आग्रह गर्न चाहन्छु, पार्टीमा विग्रह निम्त्याउने कथित प्रस्ताव सचिवालय बैठकबाट खारेज गरौँ र पार्टीलाई २०७७ भदौ २६ गते स्थायी कमिटीले निर्माण गरेको सहज अवस्थामा फर्काऔँ। म आश्वस्त पार्न चाहन्छु– म विचारमा, सङ्गठनमा, आचरणमा र आदर्शमा कुनै विचलन आउन दिन्नँ। पार्टीका सबै कमरेडहरूलाई साथमा लिएर,

आन्दोलनको रक्षा र विकास गर्दै अगाडि बढ्न प्रतिबद्ध छु। म सबैको जिम्मा लिन तयार छु। नयाँ पुस्तालाई एकीकृत, सग्लो, जिवन्त, वैचारिक रूपले स्पष्ट र देश तथा जनतालाई नेतृत्व गर्ने सामर्थ्य सहितको पार्टी हस्तान्तरण गरेर अवकाश लिने मेरो इच्छा छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कसैले पनि उल्ट्याउन नसक्ने गरी सुदृढ गरेर समृद्धिको बाटोमा अगाडि बढेको मुलुक नयाँ जनप्रतिनिधिहरूलाई हस्तान्तरण गरेर विदा हुने मेरो इच्छा छ। सबैलाई कम्युनिष्ट हुनुको गौरववोध गर्ने, ठाडो शिर लगाएर रातो झण्डा बोकेर हिँड्ने अवस्था सिर्जना गर्ने इच्छा छ। मेरा लागि नेपाल राष्ट्र, नेपाली जनता, नेपालको विकास, नेपालीको सुख भन्दा माथि केही छैन। यी महान् कार्यहरू सम्पन्न गर्न प्रगतिशील आन्दोलन र हाम्रो दललाई सफल बनाउने मेरो अठोट छ। यसका लागि एकतामा मैले सँधै जोड दिएको छु, दिनेछु।

कमरेडहरू, नेपालको कम्युनिष्ट आन्दोलन आज ७२ वर्ष पुग्न लागेको छ। मुलुकबाट सामन्तवादको अन्त्य, निरङ्कुश राजतन्त्रको समाप्ति र लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि यस आन्दोलनले नेतृत्वदायी भूमिका खेलेको छ। यसका लागि हामीले गर्व गर्न सक्छौँ, गर्नुपर्छ। त्यसको उचित मूल्याङ्कन नेपाली जनताबाट समेत भएको छ। परिवर्तनका लागि खेलेको भूमिका वापत आज हामीलाई मुलुकको नेतृत्व गर्ने अभूतपूर्व अवसर प्राप्त भएको छ। तर यो हाम्रो सर्वोच्च उपलब्धि होइन। यो त निरन्तर उपलब्धिको शृङ्खला मात्रै हो। ठीक ढङ्गले काम गर्दै जाने हो र एकताबद्ध रूपमा अगाडि बढ्ने हो भने हाम्रा अगाडि निरन्तर सफलता र उपलब्धिका अनेकौँ संभावनाहरू विद्यमान छन्। म एकदमै आशावादी छु। तर यसका लागि हामीले आज आफूलाई यस भूमिकामा अब्बल सावित गर्नुपर्ने छ, समृद्धि र विकासको च्याम्पियनका रूपमा स्थापित गर्नुपर्ने छ। कोरा बहसमा होइन, जनताको जीवन बदल्नमा अब्बल सावित हुनुपर्ने छ। हामीलाई जनताले गरेको विश्वासलाई सही प्रमाणित गर्नुपर्ने छ। हामी यस विषयमा केन्द्रित हुनु पर्छ।

**यसो सम्झिनु होस् त, हिजो हामी दुई अलग–अलग पार्टीका रूपमा चुनावी मैदानमा थियौँ, तर दुबैका सकारात्मक पक्षको चर्चा गर्ने गरिएकाले हामी भावनात्मक रूपमा एउटै पार्टीजस्तो भएका थियौँ। आज हामी एउटै पार्टीका रूपमा छौँ, तर खालि नकारात्मक कुरा मात्रै गर्छौं। परिणाम ? आज कानुनी हिसाबले पार्टी एक भए पनि भावनात्मक रूपमा विभाजित भएका छौँ। यसलाई अन्त्य गर्ने बेला भएन ?**

दुःखका साथ भन्नु पर्छ, हामी यस विषयमा चिन्तित देखिएका छैनौं। हाम्रा बैठक र भेटघाटको अधिकांश समय व्यक्तिगत गुनासो, मान-अपमान र कुर्ची व्यवस्थापनमा जान्छ। कुन दिन हामीले एजेण्डा बनाएर अबको दस, बीस या तीस वर्षपछि नेपाललाई कहाँ पुऱ्याउने भन्ने बारेमा छलफल गरेका छौँ ? कुन दिन हामीले 'ल, बार्षिक ७ प्रतिशतको आर्थिक बृद्धि राम्रो हो, यसलाई दिगो बनाउन यो यो काम गर्नुपर्छ' भनेर छलफल गरेका छौँ ? ल, बितेका दुई वर्षमा सरकारले गरेका यी यी काम या उपलब्धि सकारात्मक छन्, अब यसरी अगाडि बढ्नुपर्छ भनेर हौसला, सकारात्मक प्रचार या जनतामा आशा जगाउने काम गरेका छौँ ? या, कोरोना महामारीबाट सिर्जित बहुआयामिक सङ्कटको समाधानका लागि समग्र विषयमा संवेदनशील भएर बहस गरेका छौँ ? यो बर्ष दशककै सबैभन्दा विनाशकारी बाढी पहिरोले जनधनको ठूलो क्षति भयो। भूकम्पका बेला ५० हजार स्वयंसेवक परिचालन गरेर तीन महिनामा २७ हजार भन्दा बढी घरटहरा बनाउने गरी अभियान चलाउन सक्ने हाम्रो आन्दोलन आज बाढीपहिरो पीडितलाई सहयोग गर्न परिचालित होऊ भनेर कार्यकर्तालाई आह्वान पनि गर्न नसक्ने गरी जड कसरी बन्न पुग्यो ? छुवाछुत र जातीय विभेद, महिलामाथि यौनहिंसा र श्रमिकमाथि उत्पीडन हुँदा हाम्रा कार्यकर्ताहरूलाई अग्रपङ्क्तिमा उभिएर जनताको बीचमा पुग्ने गरी परिचालित गर्न के विषयले छेकेको छ ? जनताका यी

समस्याहरू हाम्रो बैठकमा किन एजेण्डा बन्दैनन् ? किन यस्ता विषयले हामीलाई पोल्दैन ?

गम्भीर आत्मसमीक्षा गरौं कमरेडहरू, र जनचाहना अनुरूप अगाडि बढौँ।

मेरो आग्रह छ, कुनै पनि महाधिवेशन/अधिवेशनहरूबाट निर्वाचित नभएका, महाधिवेशनसम्मको सङ्क्रमणकालीन व्यवस्थाका लागि भनेर बनाइएका र सहजतापूर्वक महाधिवेशन आयोजना गरी नेतृत्व हस्तान्तरण गर्ने मुख्य अभिभारा भएका अन्तरिम कमिटीहरूलाई अल्पमत र बहुमतको खेल खेल्ने थलो नबनाऔँ। हाम्रो विधान र नियमावली पनि अधिवेशनसम्म हामीलाई मार्गदर्शन गर्न बनाइएका अन्तरिम प्रबन्धहरू हुन्। तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) का दुई अध्यक्षले सहमतिका साथ अघि बढ्ने प्रतिबद्धता र एकीकरणका सम्पूर्ण काम सम्पन्न गर्न एकता महाधिवेशन गर्ने प्रयोजनका लागि सहमतिका साथ र मनोनयनका आधारमा बनाइएका यी कमिटीहरूलाई महाधिवेशन/अधिवेशन आयोजना गर्ने मुख्य उद्देश्यबाट बरालिन नदिऊँ। तीन महिनाभित्र सक्ने भनिएको सङ्गठनात्मक एकीकरणको काम सम्पन्न गर्ने काममा केन्द्रित बनौँ। विचार, विधि, सङ्गठन र नेतृत्वको प्रश्नको समाधान यथाशीघ्र एकता महाधिवेशन आयोजना गरेर त्यसैबाट खोजौँ।

सबै कमरेडहरूलाई यस अभियानमा साथ र सहयोगका लागि हार्दिक आग्रह गर्दछु।

**केपी शर्मा ओली**
अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
तथा
प्रधानमन्त्री

१३ मङ्सिर २०७७

## अनुसूची १

# पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी सचिवालयको बैठकको अध्यक्षता गर्ने क्रममा अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को 'आरोप पत्र' बारेमा राख्नुभएको मन्तव्य

**कमरेडहरू !**

आजको सचिवालय बैठकको कारबाही प्रारम्भ हुन्छ। म सबै कमरेडहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु।

मैले धेरै भनिरहनु पर्लाजस्तो लाग्दैन, बैठक धेरै जटिल मोडमा छ, पार्टी निकै जटिल मोडमा छ। सामान्य अवस्थाबाट पार्टी पनि गुज्रिराखेको छैन, हामी पनि गुज्रिराखेका छैनौं।

म एक दुईवटा कुरा राखौं। अस्तिको बैठकमा केही कुराहरू जस्तोकि बैठकको एजेण्डाको रूपमा होइन, पत्राचारका रूपमा, पाँच जना साथीहरूले मलाई बैठक बोलाइयोस् भनेर पत्र दिनुभयो। त्यसमा गम्भीर आरोपहरूसमेत भएको हुनाले मैले बैठक बोलाउने कुरा आफ्नो ठाउँमा छ। तर, ती आरोपहरू अनुत्तरित हुन पनि सक्दैनथे। मैले त्यसको जवाफ किन दिनुपऱ्यो ? वास्तवमा ती आरोपहरू सही थिएनन्, अनुपयुक्त, अनुचित, झूठा र भ्रमपूर्ण थिए, तिनको बारेमा मैले स्पष्ट पार्नु नै जरुरी थियो। त्यसकारण मैले व्यक्तिगत तबरमा नै अगुवाइ उहाँको भएको हुनाले अर्का अध्यक्षलाई पत्र लेखें। र, त्यस पत्रको जानकारी वोधार्थका रूपमा पत्र बुझाउन आउने साथीहरूलाई त दिएँ नै, अरु साथीहरूलाई पनि जानकारीका लागि दिएँ। त्यसको प्रत्यूत्तरमा चाहिँ अर्को ७ पेजको जवाफ अर्का अध्यक्षले लेख्नुभयो। त्यसको जवाफ मैले दिएको छैन। स्वभाविक रूपमा त्यसको पनि उचित जवाफ दिनुपर्ने छ।

त्यसबाहेक त्यसै दिन एउटा प्रस्ताव भनेर अर्का अध्यक्षले मलाई दिनुभयो, अरु सदस्यहरूलाई पनि बाड्नु भयो। त्यो बैठकमा प्रस्तुत भएको प्रस्ताव

होइन। बैठकमा प्रस्ताव प्रस्तुत गर्ने हाम्रो विधि भिन्नै छ। एउटा अध्यक्षलाई जानकारी नभइकन अर्को अध्यक्षले कुनै पनि प्रस्ताव ल्याउन मिल्दैन। त्यस्तो दिनुपर्ने पनि कुनै अवस्था आउला, तर अर्को अध्यक्षलाई जानकारी नै नदिइकन, अर्को अध्यक्षमाथि हमला, प्रहार, आलोचना, आरोप र अभियोगसहितको प्रस्तावका नाममा अचानक त्यो मलाई दिनुभयो। अरु साथीहरूलाई पनि वितरण गर्नुभयो। तर, त्यो बैठकमा प्रस्तुत भएको प्रस्ताव होइन। त्यसलाई विधिसम्मत प्रस्ताव भन्न मिल्दैन। तर, त्यस सम्बन्धमा कमिटीमा छलफल आवश्यक छ। त्यो प्रस्ताव भनेर जो वितरण भयो, त्यसपछि जुन अखवारबाजी गरियो। त्यसो गर्नु उचित भयो कि भएन ? केही मतलवको कुरा भएन। अखवारबाजी गर्नका लागि समेत त्यसो गरिएको थियो र त्यसमा केही साथीहरूको संलग्नता र सहमति भएको पनि जानकारी भयो। त्यसो भएर यो विषय धेरै गम्भीर छ।

मैले अस्ति दुई जना कमरेडहरूलाई बोलाएर कुरा गरेँ, वामदेवजीसँग कुराकानी गरेँ र भनेँ कि यसको छिनोफानो नभइकन, यी आरोपहरूसहित, यी आरोप बोकी बोकीकन कोही पनि मानिस अध्यक्ष वा प्रधानमन्त्रीको जिम्मेवारीमा बस्न मिल्दैन। यी आरोपहरू या त त्यसबाट बदर हुनुपर्‍यो, तब प्रधानमन्त्री र अध्यक्षको जिम्मेवारीमा बस्न मिल्छ। त्यसो होइन भने सदर हुनुपर्‍यो र ती पदहरू र ती जिम्मेवारीबाट हट्नु पर्‍यो। यो हटाउने माग त पहिलेदेखि आएकै थियो। तर, यसपटक हट्ने आधारहरू यी हुन्, यसकारण हट्नु पर्छ भन्ने कुरा पनि आएको छ। पहिलेजस्तो यसमा सोझै प्रधानमन्त्रीबाट हट, अध्यक्षबाट हट भन्ने भाषा छैन। तर 'त्याग' गर्नुपर्छ भन्ने सुगरकोटेड भाषा रहेको छ। 'त्याग' भन्ने शब्द त्यहाँ राखिएको छ। यस सम्बन्धमा पहिले छिनोफानो हुनुपर्छ। यो आरोप या त सदर ठहरिनु पर्‍यो, अनि प्रधानमन्त्री र अध्यक्ष हट्नु पर्‍यो। यदि यो आरोप सही ठहरिंदैन भने यस्तो आरोप लगाउनेले यसको जिम्मेवारी लिनु पर्‍यो, यसको जवाफदेहिता लिनुपर्‍यो।

अब बाहिर बजारमा त हल्ला सुन्छु, बहुमत छ, अल्पमत छ, के छ, कसको कस्तो छ भन्ने कुराहरू खुबै सुन्छु। मैले औपचारिक रूपमा त्यस्तो देखेको छैन। फर्मल्ली नदेखेसम्म त्यसलाई बहुमत, अल्पमत मान्ने कुरा पनि भएन।

यसको मैले एउटा जवाफ तयार गरिसकेको छैन। यसमा छलफल गर्न, सामान्यतया छलफल गर्न र छिनोफानो गर्नका लागि मात्रै बैठक हुनसक्छ। यदि यो सही छ भने एउटा हट्नुपर्छ, सही छैन भने अर्को हट्नुपर्छ।

अर्को कुरा मैले एउटा भन्नुपर्छ, मलाई अध्यक्ष र प्रधानमन्त्री दुई वटैबाट हटाउने तयारी पनि गरिएको छ, हट्न भनिएको पनि छ। त्यसैगरी मैले अर्को अध्यक्षलाई हट्न भन्यो भने के हुन्छ? विधि पद्धतिका कुरा के हुन्छन्? संगठनात्मक सिद्धान्तका कुरा के हुन्छन्? त्यसमा एकपटक विचार गर्ने हो कि? किनभने, मैले हट्न भनेँ भने त्यसले त अर्को वातावरण निर्माण गर्नसक्छ। अर्को कुरा के हो भने, अस्तिको प्रस्ताव नामक अभियोगपत्र आइसकेपछि यसअघिका हाम्रा सहमति, सम्झदारीहरूको त त्यसैले अन्त्यको घोषणा गर्‍यो। त्यो अभियोग पत्र आएपछि पुराना सहमति कायमै छन् भन्ने कुरा रहेन। अब पुराना सहमति कायम रहेको अवस्था नरहेको हुनाले एउटा नयाँ निकास पार्टीले खोज्यो। हामीले एउटा नयाँ निकास खोज्नैपर्छ। म चाहन्छु मिलेर जाऔं, मिलेर जान सकियोस्, पार्टी बचाउन सकियोस् र पार्टीलाई एकताबद्ध राख्न सकियोस्।

म के स्पष्ट भन्न चाहन्छु भने, मिलेर मात्रै पार्टी बचाउन सकिन्छ। लडेर पार्टी बच्दैन, जालझेल र तिकडम गरेर पार्टी बच्दैन। गुटबन्दी गरेर पार्टी बच्दैन। सबै कुराहरूमा पछि छलफल गरौँला। आजचाहिँ म त्यो लाञ्छनापत्र, जो मलाई दिइएको थियो, त्यस पत्रका सम्पूर्ण आरोपहरू, अभियोगहरू, लाञ्छनाहरू, तिरस्कारहरू, अपमानहरू सबैलाई खारेज गर्छु। र, यो मेरो राजनीतिक जीवन नै सिध्याउने गरी ल्याइएको आरोपपत्रलाई म पूर्ण रूपमा अस्वीकार गर्छु। यसको यथोचित जवाफ म लिखित रूपमा नै प्रस्तुत गर्नेछु। मैले त्यस पत्रले परिस्थिति अलिक गम्भीर मोडमा पुर्‍यायो भनेर माधव कमरेडलाई भनेँ। उहाँले अँ धम्काउने? धम्काएर कोही डराउँदैन भन्नु भयो। अब डराउने खालको त यहाँ कोही छजस्तो लाग्दैन। माधब कमरेड मात्रै नडराउने होइन, अरु पनि कोही डराउलान्जस्तो लाग्दैन। कोही पनि डराउदैनन्। यस्तै राजनीति गरेर आएका मान्छेहरू कोही डराउलानजस्तो लाग्दैन। तर सबै सुरैसुरा हुँदाखेरि सुर्‍याईंचाहिँ बुद्धिमत्तापूर्ण कति हुन्छ र

कति हुँदैन ? फेरि पनि विचार गर्न मेरो आग्रह छ। अहिलेचाहिँ बैठकमा जुन विषयमा छलफल हुनुपर्छ पहिले र निष्कर्ष निस्किनु पर्छ, त्यसो नगरिकन अगाडि जान सकिदैँन। यही विषयमा छलफल गर्न म तयारीमा पुगिसकेको छैन, मेरो जवाफ पनि तयार भइसकेको छैन। मैले अभियोग पत्र मसिनोगरी हेर्नुपर्ने आवश्यकता छ। र, यत्ति हो कि मैले परिस्थिति अत्यन्त गम्भीर देखेको छु। मैले पहिलेदेखि भन्ने गरेको छु, यो धम्काएको होइन। तर यस्तो हैरानी, यति हुर्मत, यति अपमान, यति घटिया लाञ्छनाहरू जीवनमा मैले पहिलोपल्ट यति गरिमामय ठाउँमा वितरण भएको भोग्दै छु। यसभन्दा अगाडि यस स्तरको भाषा, शैली र आरोप लगाइएको अनुभव कमिटीभित्र मेरो थिएन, सायद अरु कसैको पनि थिएन। कहिल्यै कसैले यस्ता आरोपहरू लगाएको यस ढंगले राजनीति नै सिध्याउने मनसायका साथ उत्रिएको मैले पाएको थिइनँ। त्यो पत्र जुन मैले देखेको छु, त्यसमा जुन भाषा प्रयोग भएको छ, त्यसमा जुन आरोपहरू लगाइएका छन् र जुन लाञ्छनाहरू लगाइएका छन्, ती हल्का ढंगले लगाइएको रूपमा मैले लिएको छैन। यो अवश्य नै अत्यन्त गम्भीरतापूर्वक लगाइएको छ। राजनीतिमा जुनसुकै कुरा आइपरे पनि सहन हुनुपर्ने नै हुन्छ। म त जेलनेल, कुटाइ, यातना सबै भोगेर आएको छु। लाठी, बुट, जुत्ता भोगेर आएको छु। ती सबै कुरा भोगिएको छ भने फेरि पनि कुनै परिस्थिति भोग्न मलाई कुनै कठिनाइ छैन। त्यस पत्रका प्रस्तोता र त्यसको पृष्ठभूमिमा रहेका साथीहरूले कुन बाटोबाट जाने च्वाइस गर्नुस्।

त्यस्ता झूठा र निकृष्ट लाञ्छनाहरू मैले सहन्छु भन्ने कुरा नसोचे पनि हुन्छ। तसर्थः आज बैठक अगाडि बढ्न सक्ने देख्दिनँ। म त्यसमा बहस गर्न अहिले तयार छैन, किनभने मेरो तयारी नै पुगेको छैन, बुँदाहरू पुगेका छैनन् भन्ने कुराहरू त भनिसकेको छु। त्यसमा फेरि थप के भन्नु छ र ? त्यसमा अरुको 'पानी चित्र' त देखेको छु नि! त्यसमा यसो हेर्दाखेरी 'पानी चित्र' त आउँछ नि! मैले कुरा गरेको छु र सबै सुनेको छु नि! अहिलेलाई यत्ति नै।

---

*पार्टी सचिवालयको २०७७ मंसिर ३ गते बालुवाटारमा सम्पन्न बैठकको अध्यक्षता गर्दै राख्नुभएको मन्तव्य।*

## अनुसूची २

# पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई पठाउनुभएको पत्र

**कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड',**
अध्यक्ष,
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)।

**प्रिय कमरेड,**

कात्तिक २२ गते कमरेड सहित सचिवालयका केही सदस्य कमरेडहरूले सामूहिक रूपमा दिनु भएको पत्र र त्यसमा उल्लेखित विषयले मलाई अत्यन्त गंभीर र संवेदनशील बनाएको छ।

कमरेडहरूको पत्रमा स्थायी कमिटीको बैठकपछि प्रेषित निर्देशन लागू नभएको 'स्थितिका निम्ति प्रधानमन्त्री समेत रहेका अध्यक्ष केपी शर्मा ओली नै जिम्मेवार रहेको' र 'पार्टी र सरकारलाई विचार, नीति तथा विधि, पद्धतिका आधारमा सञ्चालन गर्न ... पार्टी निर्णयको कार्यान्वयनमा तत्परता प्रर्दशन गर्नुको सट्टा त्यसको अवज्ञा' गरेको आरोप लगाइएको छ। साथै, पटकपटक बैठक बोलाउन अनुरोध गर्दा समेत ... बेवास्ता गरिरहेको' आरोप पनि लगाइएको छ।

पत्रमा 'आफूखुशी सबै राजनीतिक नियुक्ति गर्न थालेको आरोपका अतिरिक्त कमरेड 'प्रचण्ड' ले बालुवाटार पुगेर सचिवालयको बैठक बस्न अनुरोध गर्दा एकाएक अब पार्टी एकता समाप्त भयो, आआफ्ना पार्टी चलाउन लागौँ भनेर ठाडो जवाफ दिएको गंभीर आरोपका अतिरिक्त पार्टीका सर्वोच्च

निकायहरूको अपमान गरेको र ती कमिटीहरूको बहुमतलाई मान्दै मान्दिनँ" भनेको भन्ने सङ्गीन आरोप पनि लगाइएको छ।

पत्र दिनु अघिका हाम्रा शृङ्खलाबद्ध सम्वाद, समझदारी र कमरेडले मसँग व्यक्त गर्नुभएका प्रतिबद्धताको विपरीत पत्रमा उल्लेखित विषय र त्यसमा प्रयुक्त भाषाले म आश्चर्यचकित भएको छु। त्यसैले, यस सन्दर्भका तथ्यलाई म फेरि एकपटक संक्षिप्तमा स्पष्ट पार्न चाहन्छु।

कमरेडहरूले नै दुई अध्यक्षबीच स्पष्ट कार्य विभाजन भएन, दुई अध्यक्षात्मक व्यवस्थाको समझदारीपूर्ण र प्रभावकारी कार्यान्वयन हुनुपर्‍यो भन्नुभयो। त्यही मतलाई ध्यानमा राखी दुई अध्यक्षहरूको जिम्मेवारीलाई २०७७ भदौ २९ गते जारी गरेको अन्तर पार्टी निर्देशनमा यसो भनियो :

"१ अध्यक्षद्वयको परामर्शमा महासचिवले सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो तथा केन्द्रीय कमिटी बैठकका लागि कार्यसूची तयार गर्ने र बैठक बोलाउने। सम्बन्धित कमिटीको बैठकमा कार्यसूची पेश गर्ने, पारित गर्ने र तदनुरूप बैठक सञ्चालन गर्ने।

२ अध्यक्ष कमरेड केपी शर्मा ओलीले प्रतिनिधिसभाको यो कार्यकालभरी प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर सरकारलाई नेतृत्व गर्ने र सरकारको काममा केन्द्रित हुने।

३ अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड'ले कार्यकारी अधिकारसहित पार्टीका बैठकहरूको सञ्चालन, निर्णयहरूको कार्यान्वयन र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रित हुने।

४ अध्यक्षद्वयले पार्टी र सरकारबीचको आपसी सम्बन्धलाई संस्थागत रूपमा अघि बढाउन समन्वय गर्ने। सामूहिक नेतृत्व तथा व्यक्तिगत जिम्मेवारीको संस्थागत प्रणाली अवलम्बन गर्ने र सबल तुल्याउने।"

२०७७ भदौ २६ पछि सचिवालय बैठक अघि र पछि भएका अध्यक्ष प्रचण्ड र मेरो बीचका दर्जनौं भेट यही निर्देशन कार्यान्वयनको लागि भएका थिए। सचिवालयका बैठकहरूमा सरकार सञ्चालन तथा पुनर्गठन र केही संवैधानिक राजनीतिक नियुक्तिका बारेमा भएका छलफल पनि कमरेडहरूलाई स्पष्ट नै छ। बैठकमा मेरो जिम्मामा रहेको कामका सन्दर्भमा एउटा आधार तयार गरी दुई अध्यक्षले आपसी परामर्शमा तत्काल सरकार पुनर्गठन र नियुक्तिका बिषय टुङ्याउने सहमति भएको स्पष्टै छ।

मैले यही निर्णयका आधारमा अध्यक्ष 'प्रचण्ड' सँग पटकपटक बैठक गरें। सरकार पुनर्गठनको सूत्रका बारेमा छलफल गरें। गरिएका छलफलबारे सचिवालयका सदस्यहरूलाई आफैंले समेत जानकारी दिएँ। अध्यक्ष 'प्रचण्ड' ले पत्रमा हस्ताक्षर गर्ने कमरेहरूलाई के ब्रिफिङ गर्नुभयो, मलाई जानकारी हुने कुरा भएन। सरकार पुनर्गठनका सन्दर्भमा हामी बीच तलका तीन विकल्पमा छलफल भएका थिए :

**पहिलो,** मन्त्रिपरिषद्का सबै सदस्यलाई राजीनामा गराई केही पुराना सहित नयाँ मन्त्रीहरूको नियुक्ति गर्ने,

**दोस्रो,** एउटा अवधि पूरा गरेका मन्त्रीहरूलाई विदा गरी नयाँ मन्त्रीहरू नियुक्ति गर्ने, र

**तेस्रो,** हाललाई खाली रहेका मन्त्रालयमा मात्रै मन्त्री नियुक्ति गरी दशैं/तिहार पछि बिस्तारित रूपमा मन्त्रिपरिषद् पुनर्गठन गर्ने।

कमरेड 'प्रचण्ड' ले यी विकल्पहरूमध्ये सुरुमा जुन उपयुक्त लाग्छ, त्यही गर्नुस् भन्नु भयो। हामी गृहकार्यमै रहँदा उहाँले नै फेरि पहिलो विकल्पमा जान जोड दिनु भयो। मैले यो विकल्पमा जाँदा आफू समानको पार्टी कमिटीमा रहेका नेताहरूलाई हटाउने अनि उहाँहरूमध्ये केहीलाई फेरि नियुक्ति गर्ने विषय सम्मानजनक नहुने र कम्तिमा पनि सचिवालयमा रहनुभएका दुईजना कमरेडहरूलाई नचलाउनु राम्रो हुने मत राखें। मेरो

यस प्रस्तावमा कमरेड 'प्रचण्ड'को, खासगरी उपप्रधानमन्त्री ईश्वर पोखरेल र गृहमन्त्री रामबहादुर थापाको निरन्तरतामा असहमति रह्यो। लिखित रूपमा म यस्ता विषय, यहाँ उल्लेख गर्नु अशोभनीय हुने ठानिरहेको छु। तर कमरेडहरूले नै भेट्नु भएका प्रत्येक नेताहरूलाई फरक–फरक र गलत 'ब्रिफिङ' गरेको जानकारीमा आएकाले यो सत्य/तथ्य रेकर्ड गर्न बाध्य भएको छु।

दोस्रो विकल्पका बारेमा दुई पूर्वाधारका सांसद कमरेडहरूको संख्या र छनोटको आधारका बारेमा हामी दुई अध्यक्षहरूले लामै छलफल गरेका थियौं। मन्त्रिपरिषद्मा दुई पूर्व धारको सम्मानजनक प्रतिनिधित्व निश्चित गर्ने, यसलाई 'सिद्धान्त'का रूपमा नभई व्यवहारमा प्रतिविम्बित गर्ने, नियुक्तिमा 'पूर्व धार' होइन, नेकपा मुखरित हुनेगरी व्यवहार गर्ने सहमति भएको थियो। व्यक्तिको छनोटको आधार, विवादको बेलामा कसले कसको पक्षधरता देखायो भन्ने नभई एकताको लागि पहल गर्नेलाई प्राथमिकता दिने, एकपटक भन्दा बढी प्रत्यक्ष चुनाव जितेका कमरेडहरूलाई ध्यानमा राखी मन्त्रिपरिषद्को सहभागितामा सन्तुलन मिलाउने प्रस्ताव मैले गरेको हुँ। तर कमरेड 'प्रचण्ड'को यस मापदण्ड अन्तर्गत नियुक्त हुने केही संभावित नाममा आपत्ति रहन गयो। दुई अध्यक्षबीच आपसी छलफलमा चर्चा गरिएका नाम लगायतका विषयको कम्तिमा पनि 'लाज' राख्नु पर्छ भन्नेमा म स्पष्ट रहेकाले म यहाँ ती कमरेडहरूको नाम उल्लेख गर्न चाहन्न। मलाई यस विकल्पका सन्दर्भमा कमरेड 'प्रचण्ड'का दृष्टिकोण सही लागेन, तर भदौ २९ को अपानिले गरेको निर्देशनबमोजिम यस विकल्प अनुरूपको मन्त्रिपरिषद् पुनर्गठनमा पनि गइनँ। यसपछि अर्थ मन्त्रालयलगायत केही संवेदनशील मन्त्रालयमा तत्काल मन्त्री नियुक्त नहुँदा काममा अवरोध भई नै रहेको कुरालाई ध्यानमा राखेर तेस्रो विकल्पका बारेमा हाम्रो छलफल केन्द्रित गर्‍यौं। नाममा छलफल भयो, तर 'आज होइन भोलि गरौं न!' भन्ने नाममा समय बिताउने काम भयो। 'प्रचण्ड' कमरेड आफैंले भनेको कुरा सम्झिने हो भने अन्ततः मन्त्रिपरिषद् पुनर्गठन भएको अघिल्लो दिनसम्म नै ३ जना मन्त्री थप्न सहमति जनाउनु भयो। मैले त्यही अनुरूपको

तयारी गरें र भोलिपल्ट बिहान बालुवाटारमै बोलाएर अघिल्लो दिनको सल्लाहबमोजिम हाललाई ३ जना मन्त्री नियुक्ति गर्ने जानकारी उहाँलाई दिएँ। त्यतिबेला महासचिवसमेत उपस्थित हुनुहुन्थ्यो। यहाँ पनि तपाईंले फेरि वचन फेर्नुभयो र भन्नु भयो- आजचाँहि अर्थमन्त्री मात्रै नियुक्त गर्नुस्। मैले नाम हिजो सल्लाह भएबमोजिम राष्ट्रपति कार्यालयमा पठाउन ठिक्क पारिसकेको र अबचाँहि रोक्न नहुने जानकारी गराएको थिएँ।

यस सन्दर्भमा यहाँ अर्को पक्ष पनि उल्लेख गर्छु। रिक्त तीन मन्त्रालयमा मन्त्री नियुक्त गर्दा भिन्न/भिन्न धारका, पछि हुने पुनर्गठनमा समावेश हुनसक्ने संभावित सांसदलाई नियुक्ति गरेको भए हुने थियो भन्ने पनि सुनेको छु। म त्यही योजनामै थिएँ। तर संभावित कमरेडसँग कुरा गर्दा उहाँहरू तयार रहनु भएन।

यसबीचमा प्रस्तावित ३ राजदूतको बारेमा पनि बिनासल्लाह नियुक्ति भयो भन्ने कुरा उठाइएको छ। स्पष्ट होऔं, संयुक्त राज्य अमेरिकाको लागि प्रस्तावित राजदूत पूर्वअर्थमन्त्री डा.युवराज खतिवडाको प्रस्तावक कमरेड प्रचण्ड आफैं हुनुहुन्थ्यो। डा. खतिवडाले पनि आफ्नो निजी इच्छा कूटनीतिक सेवामा जाने नरहेको र पार्टीमा विवाद हुनेगरी अब कहीं पनि नजाने स्पष्ट पार्नुभएको थियो। तर मैले कमरेड 'प्रचण्ड' को प्रस्ताव अनुपयुक्त ठानिनँ। मुख्यसचिव नियुक्तिका बारेमा मैले कमरेड 'प्रचण्ड' सँग सल्लाह गरेको थिएँ। यसै सन्दर्भमा कार्यकाल सकिनु अगावै निवर्तमान मुख्य सचिवलाई त्यत्तिकै विदा दिँदा उचित नहुने हुँदा बेलायतको राजदूत बनाउन कमरेड 'प्रचण्ड' को सहमतिमा मैले प्रस्ताव गरेको हुँ। समावेशितालाई ध्यानमा राखी दक्षिण अफ्रिकाको लागि थप एक जनाको नाम प्रस्ताव गरिएको हो। यी नाम बाहेक अन्य प्रस्तावित नामका बारेमा पनि पटकपटक छलफल भएका थिए। निष्कर्षमा पुगी नसकेकाले क्याबिनेटमा गरिएको प्रस्ताव म आफैंले नै स्थगित गरेको हुँ।

माथिका तथ्यले हाम्रो बीचमा सल्लाह भएन भन्ने कुरालाई पुष्टि गर्छ र?

कमरेडहरू, अपानि-५ मा उल्लेखित यो बुँदा म फेरि दोहऱ्याउन चाहन्छुः

> "पार्टीभित्र देखापरेको विवाद वा मतभेदका सम्बन्धमा स्थायी कमिटीको पाँचौ बैठक समापनको मिति २०७७ भदौ २६ गतेलाई पुरानो विवादतर्फ नफर्किने निश्चित समय (कट-अफ-डेट) निर्धारण गर्ने र पुनः त्यसप्रकारको अन्तर्विरोधपूर्ण विवाद नहुने कुरा सुनिश्चित गर्ने। सार्वजनिक रूपमा गरिने तथ्यहीन र अमर्यादित आरोप-प्रत्यारोप बन्द गर्ने। आफ्नो मत वा असहमति कमिटी प्रणालीअन्तर्गत मर्यादित रूपमा राख्ने। गुटबन्दीपूर्ण क्रियाकलाप नगर्ने, गुटगत गतिविधिलाई संरक्षण, प्रश्रय र प्रोत्साहन नदिने। अनेकता, अराजकता, अनुशासनहीनता र गुटबन्दीपूर्ण कार्यलाई अनुशासनात्मक कारबाहीको विषय बनाउने र पार्टी विधानबमोजिम कारवाही गर्ने।"

मलाई सबै गडबडीको जिम्मेवार 'करार' गरिरहनु भएका नेतृत्वको शीर्ष तहमा रहनु भएका कमरेडहरूले यसपछि पनि निरन्तर २/४ जनाको समूहबन्दी, अझ स्पष्ट शब्दमा भनौं गुटबन्दीलाई किन जारी राख्नुभयो ? मसँग भेट गर्नुअघि बैठक बसी गुटगत एजेण्डा तय गर्ने, त्यसको आधारमा अत्तो थाप्ने, अनि भेटपछि 'डिब्रिफिङ्ग' गर्दै अर्को अत्तो थपाइको निरन्तर शृङ्खला किन जारी छ ?

शीर्ष नेतृत्वमा रहेकाहरूको नौ जनाको सचिवालय छ। पार्टीपंक्तिले यसलाई "कोर अफ दि लिडर" भनेर उच्च सम्मान दिएको छ। त्यहाँ कुनै पनि बिषयमा खुल्ला कुरा गर्न सकिन्छ। तर जहिले पनि सचिवालयको बैठक बस्नुअघि केही निश्चित कमरेडहरूबीच 'यस्तो गर्ने र उस्तो गर्ने' समूहगत योजना नबनाई चित्तै नबुझ्ने किन ? गुटगत क्रियाकलाप भनेको यस्तै होइन र ? मैले यो कुरा स्वयं अध्यक्ष प्रचण्डलाई दोहऱ्याई तेहऱ्याई भनेको छु। आफ्नो खुमलटार निवासलाई गुटको हेडक्वार्टर नबनाउन आग्रह गरेको छु। समीकरणको आधारमा दबाब दिन र अङ्क गणितको

आधारमा राजनीतिको हिसाब नगर्न बारम्बार भनेको छु। 'कट-अफ-डेट' पछि पनि यस्ता गतिविधिहरू किन ?

के यो काम **"कडाइका साथ नियन्त्रण गर्ने र पार्टीलाई अनुशासित र पार्टीभित्रको बहस-विवादलाई विधिसम्मत तथा मर्यादित तुल्याउने प्रण गरिएको" अपानि-५ को २.३ मा उल्लेखित-"आन्तरिक विवादलाई कटुतापूर्ण र यदाकदा शत्रुतापूर्ण तहमा भड्काउन खोज्ने, पार्टी अनुशासनलाई गुट अनुशासनले र पार्टीलाई गुटले बिस्थापित गर्न खोज्ने, गुट-गुटका अलग-अलग बैठक बस्ने, निर्णय गर्ने र सार्वजनिक रूपमा आरोप-प्रत्यारोपमा उत्रिने"** जस्तै गलत अभ्यास भएन र ?

मैले पटकपटक भनेको छु, नेकपाका सामु देखापरेका या देखापर्ने समस्याहरूको समाधान अङ्क गणित या समीकरण होइन। पार्टी एकताको सङ्क्रमणकालीन व्यवस्थालाई महाधिवेशनसम्म सहज ढङ्गले डोहोऱ्याउन हामीले कम्युनिष्ट आन्दोलनमा अभ्यास नभएका केही विशेष प्रबन्धहरू गरेका छौँ। पार्टीमा दुई जना अध्यक्षको व्यवस्था, सहमतिका आधारमा निर्णय र महाधिवेशन समेत समझदारी र सहमतिमा टुङ्ग्याउने भनी हामीले गरेको वैधानिक व्यवस्था पार्टी एकतालाई बिना कुनै अवरोध अगाडि बढाउन तय गरिएको विधि हो। यसभन्दा बाहिर गएर समाधान खोज्यौँ भने असफलता अनिवार्य छ। कार्यकर्ताहरूबीच दूरी, वैमनष्यता र घृणा फैलाउने काम नगरौं। समूहबद्धताको क्रियाकलाप त्यागौं, यसले हामीलाई कहीं पनि पुऱ्याउँदैन।

भदौ २६ गते सम्पन्न स्थायी कमिटीको बैठकबाट हामी दुई अध्यक्षले गर्ने काम स्पष्ट रूपमा बाँडिएको थियो। मैले यस अघि नै अपानि-५ को निर्देशन ३ मा उल्लेखित यस सम्बन्धी ४ वटा बुँदाहरू उल्लेख गरिसकेको छु। मेरो भागमा परेको सरकार सञ्चालन सम्बन्धी सबै कामको यश/अपयशको जिम्मा मै लिन्छु। पार्टीको नीतिगत निर्देशनको आलोकमा अध्यक्ष प्रचण्डसँग नियमित सल्लाह गरेरै सरकार सञ्चालन गर्दै आएको छु। अझ कहीँकतै

कमी भएको भए खुल्ला छलफल गरौं, सच्याऔं र अघि बढौं, मैले सधैं यही भन्दै आएको छु।

तर के कमरेडहरूले आफ्नो भागमा परेको कामको लेखाजोखा कहिल्यै गर्नु भएको छ? म आवेग र उत्तेजनाबिना विनम्रताका साथ प्रश्न गर्न चाहन्छु– कार्यकारी अधिकारसहित पार्टी सञ्चालनको जिम्मा पाउनु भएको अध्यक्ष कमरेडले आफ्नो भागमा परेको कामका सन्दर्भमा के गर्नु भयो? पछिल्लो चोटी १५ दिनभित्र सम्पन्न गर्ने भनिएको (अझ सचिवालयले त १० दिनमा सक्ने भनेको) एकीकरणको काम अहिले कहाँ पुग्यो? त्यसको रोडम्याप के कस्तो बन्यो? मेरा कारणले हुन नसकेको भए, यहाँले गर्नुभएको 'गृहकार्य'मा केके मा र कहाँ–कहाँ मेरो अवरोध रह्यो? महाधिवेशनको तयारीको लागि बस्ने केन्द्रीय कमिटीको बैठकका एजेण्डा र प्रस्ताव तयार गर्न के के गृहकार्य गर्नुभयो? र, त्यसमा मसँग यहाँले के सहयोग माग्नु भयो? या मैले कहीँ बाधा अवरोध पो पुऱ्याएँ कि?

मलाई थाहा छ, हामी जहाँको तहीँ छौं। अहिले पनि हजारौंको संख्यामा पुराना अनुभवी कार्यकर्ताहरू जिम्मेवारीबिहीन नै हुनुहुन्छ। पार्टी कमिटीका गतिविधिहरू अवरुद्ध छन्। प्रचारको जिम्मा पाउनु भएका प्रवक्ताले पार्टी प्रचार संयन्त्रलाई पूरै बेवास्ता गर्नुभएको छ। पार्टी सञ्चालनको जिम्मा पाए पनि जिम्मेवार कमरेडहरू हात बाँधेरै बसिरहनु भएको छ। सत्य यही होइन र?

कमरेडहरू मेरो आलोचना गर्दा 'नीति, विधि, पद्धति'को कुरा गर्नुहुन्छ। तर व्यवहारमा पार्टी सञ्चालनमा कमरेडहरूकै कुनै रुचि देखिरहेको छैन। एकलव्य भएर केवल सरकारमा मात्रै यहाँहरूको अर्जुनदृष्टि रहेको देख्छु। आफू पनि यही पार्टीको अध्यक्ष भएको नाताले यहाँ उल्लेख गर्न सङ्कोच पनि लागि रहेछ, हामीले आमरूपमा हाम्रा बैठकमा 'आ–आफ्ना मान/अभिमान, नियुक्ति र भर्तिका विषयमा बहस गर्ने, आक्रोस पोख्ने र चित्त दुखाउने' भन्दा अरु कुनै विषयमा छलफल गर्ने रुचि राखेका छौं

र ? 'नीति/सिद्धान्त, क्रान्ति, जनवाद ... समाजवाद र यसका उपलब्धि' जस्ता बिषय 'यो त भन्ने कुरा न हो !' भनेजस्तै पायक पर्दा या सार्वजनिक खपतको लागि चर्चा गर्ने तहमै सीमित छन्, होइन र ?

हिजो हामी कोही 'जनयुद्ध' को बाटो हिड्यौं होला र कोही 'जबज' को। तर आज हामीले हिंडिरहेको बाटो कुन हो ? यसमा स्पष्ट हुनु र स्पष्टताका साथ अघि बढ्नु आवश्यक छैन र ? वैचारिक छलफलको विषयलाई बराल्ने, बिषयान्तर गर्ने र त्यसैलाई सैद्धान्तिकरण गर्ने तरिका ठीक होइन। त्यसलाई खुल्ला गरौं र खुल्ला छलफल गरौं। यसो गर्नुअघि पार्टी एकीकरणका कामलाई सम्पन्न गरौं।

**कमरेडहरू,**

हाम्रो पार्टी अग्रगामी सामाजिक प्रगतिको सुस्पष्ट उद्देश्य बोकेको सही विचार र बाटो पहिल्याएको, व्यापक जनतामा आधारित संगठित कार्यकर्ता पार्टी हो। यसले राष्ट्र र आम जनताको हितमा काम गर्छ। अहिले मतदाता नामावली हेरीहेरी नक्कली सदस्यता वितरणको अभियान थालिएको छ। के मतदाता नामावली हेरेर उतारिएका नामहरूको ढड्डा पेश गरेर कम्युनिष्ट पार्टी बन्छ र ? यसप्रति कमरेडहरूको चासो र चिन्ता पनि देखिँदैन।

आरोपित गर्न त जे पनि सकिएला, बर्दिबासदेखि पर्सासम्मका घटना हेरौं। सपथग्रहणमा भेला भएका आफ्नै कार्यकर्ताहरूबीच मूठभेड गराएर, मारामारी गराएर हामीले चाहेको 'मनपेट मिलेको' एकताबद्ध पार्टी बन्छ ? यी घटनाहरूमा कमरेडहरू कहाँ हुनुहुन्छ ? मैले नै फेरि भनिरहनु पर्छ र ?

मुलुक कोरोनाको महामारीमा छ। यसले सिर्जना गरेका बहुआयामिक सङ्कट छन्। बर्षायाममा हामीले विगत दश वर्ष यताकै भयावह प्राकृतिक विपत्ति भोग्यौँ। सीमा समस्या समाधानमा एक ढिक्का भएर अगाडि बढ्नु पर्नेछ। यी सबै विषयमा के हामीले पार्टी पङ्क्तिलाई सुसूचित, प्रशिक्षित र दिशानिर्देश गर्दै परिचालन गरेका छौँ ? कुनै अपिल गरेका छौँ ?

पटकपटक मन्त्री र प्रधानमन्त्री भइसक्नु भएका तपाईं सचिवालयका कमरेडहरूलाई म प्रश्न गर्न चाहन्छु, के विगतमा पनि प्रधानमन्त्रीको हातखुट्टा यसैगरी बाँध्ने र घेराबन्दी गरिएको थियो र? थोरै नै होला सरकारले गरेका सकारात्मक काम सरकारमा रहनेले मात्रै प्रचार गर्ने, पार्टीपंक्तिलाई मौन राख्ने गरिएको थियो र?

सरकारले गरेका राम्रा कामको समर्थनमा कोही बोल्न नहुने, केही चर्चा भएमा कसैको 'देवत्वकरण' भन्दै इर्ष्या गर्ने काम किन भइरहेको छ? सरकार लोकप्रिय हुँदा नै पार्टी बलियो हुने होइन र?

सोचौं, पार्टी एकीकरणपछिको यति लामो अवधिसम्म पनि हाम्रो पार्टी, 'एउटै पार्टी'भन्दा 'संयुक्त मोर्चा' जस्तो किन छ? एकतापछि हाम्रो सरकार 'एउटा पार्टीको सरकार'भन्दा 'संयुक्त सरकार' जस्तो किन छ? यस्तो संक्रमण अन्त्य गर्न ढिला भएन? यसका लागि नेतृत्व तहका कमरेडहरूको सामूहिक प्रयास आवश्यक पर्दैन र?

मेरो मनमा सँधै एउटा प्रश्न आइरहन्छ– राजनीतिक नियुक्ति व्यक्तिको योग्यता, क्षमता, योगदान र सक्रियताका आधारमा प्रतिस्पर्धाको विधिबाट गर्ने कि नेताहरूको भागवण्डाको आधारमा? चर्चा पनि हुने गरेको छ नि, शासनको वागडोर हातमा आएपछि 'राम्रा' लाई कि 'हाम्रा' लाई नियुक्त गर्ने? स्पष्ट पार्न चाहन्छु, विभिन्न तहका जननिर्वाचित पदमा टिकट वितरण गर्दा होस् वा राजनीतिक नियुक्तिमा मैले आफ्ना नातागोतालाई कुनै स्थान दिएको छैन।

**कमरेडहरू,**

पार्टी भनेको सहमतिको साझा घर हो। यो सुदूर भविष्यमा प्राप्त गर्ने लक्ष्य प्राप्तिको साधन पनि हो। यहाँ मत नमिल्दा बहस हुन्छ, गर्नुपर्छ। मन मिल्दासम्म यस्तो बहस/विवादले केही विग्रह ल्याउदैन, हाम्रा बुझाइलाई

थप समृद्ध पार्न सहयोग गर्छ। बहसका क्रममा चित्त नबुझ्न सक्छ, चित्त दुख्न पनि सक्छ। मन मिल्दासम्म दुःखाइको मल्हम त्यहीँ तयार हुन्छ। तर एउटै पार्टीमा रहेर, एक कमरेडले, अर्को कमरेडलाई आधारहीन आरोप लगाउन थालियो भने त्यसले मन मात्रै होइन, सहमति समेत भाँडिदिन्छ।

कमरेडहरूले कात्तिक २२ को पत्रमा असहमति प्रकट गर्नु भएन, आरोप लगाउनु भएको छ। पार्टी सम्हाल्ने होइन, नेता कार्यकर्तालाई भड्काई विग्रहमा लैजाने बहाना खोज्नु भएको छ।

कमरेड 'प्रचण्ड'लाई हवाला दिँदै अध्यक्ष 'प्रचण्ड'सहित कमरेडहरूले सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीलाई क्रमशः 'गुट, हुल्लडवाज, सडकछाप' कमिटी भनिस् भन्ने अनर्गल आरोप लगाउनु भएको छ। मैले त कमरेडहरू यतिसम्म झूठा कुरा घोलेर 'कथा' बुन्न सक्नुहुन्छ भन्ने सोच्न पनि सक्दिन। साढे तीन बीस उमेर कटाइसकेका सहपाठीबाट यस्तो आपत्तिजनक आरोप किन र केका लागि ?

हो, मैले हाम्रा कमिटी, यहाँसम्म कि सचिवालयमा हुने बहसहरूमा समेत मर्यादाको सीमा नाघेको तपाईहरू सबैसँग भनेको छु। कम्युनिष्ट आदर्श, संस्कार र संस्कृति निर्माणका लागि यसलाई सुधार्नु पर्नेमा म स्पष्ट छु। यदि यही भनाइलाई माथिको 'कथानक आरोप'का रूपमा प्रस्तुत गर्न खोज्नु भएको हो भने मैले यति पाका कमरेडहरूको बुझाइको स्तरमा शङ्का गर्नुपर्ने धृष्टता गर्नुपर्ने हुन्छ। तर विभिन्न कालखण्डमा स्वयं पार्टी प्रमुख भएर आउनु भएका कमरेडहरूको बुझाइ क्षमता निःसन्देह मेरो भन्दा कमजोर नहुनु पर्ने हो!

म खासगरी कमरेड 'प्रचण्ड'लाई प्रश्न गर्छु– केही दिनको कचपच, एक खाले सहमति, त्यसको २/४ दिन पछि फेरि उही कचपच... को शृंखलामा हामी कहिलेदेखि छौं र कहिलेसम्म रहने ? कमरेडहरू यो 'तमासा'बाट

अझै आजित हुनुभएको छैन ? देश, जनता र समग्र पार्टीपंक्तिले हामीबाट गरेको अपेक्षा यही हो त ?

संस्थागत निर्णयबाट सबै समस्याको समाधान हुन्छ। म पनि यही भनिरहेछु, तपाईहरूले पनि यस्तै भनेको सुन्छु। कमरेडहरूले मलाई बैठकबाट भाग्न खोज्यो, बैठक बस्न मानेन भनेर लिखित रूपमा र सार्वजनिक रूपमा, यहाँहरूको भाषामा "एक्स्पोज" गर्दै आउनु भएको छ। विधि, पद्धति उल्लंघन गऱ्यो, पार्टीलाई टेरेन भन्न चुक्नु भएको छैन।

सत्य कुरा यही हो त ? अहँ होइन। कमरेडहरू दुनियाँलाई ढाँट्दै र प्रकारान्तरमा आफैँलाई छक्याउँदै हुनुहुन्छ। बैठक बस्नेबारे, म फेरि अपानि-५ को निर्देशन ३.१ लाई उधृत गर्न चाहन्छु :

> "अध्यक्षद्वयको परामर्शमा महासचिवले सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो तथा केन्द्रीय कमिटी बैठकका लागि कार्यसूची तयार गर्ने र बैठक बोलाउने। सम्बन्धित कमिटीको बैठकमा कार्यसूची पेश गर्ने, पारित गर्ने र तदनुरूप बैठक सञ्चालन गर्ने।"

मैले अपानि-५ को यही निर्देशनमा टेकेर कमरेड 'प्रचण्ड' लाई 'कार्यसूची नै तयार नगरी बैठक बस्न मिल्दैन' भनें। कमरेडले आफ्नो "ब्रिफिङ" सुन्न मन पराउने नेताहरूलाई "सचिवालय तेरो गुट हो, त्यसको बैठक नबस्ने, बसेमा पार्टी फुटाइदिन्छु भन्यो" भनेर शायद ब्रिफिङ गर्नु भयो। कमरेडहरूले दिनु भएको पत्रमा उल्लेखित हरफले यही अर्थ लगाउँछ। यस्तो मिथ्या आरोप किन र केका लागि ?

म दोहऱ्याएर, तेहऱ्याएर भन्न चाहन्छु– कुनैपनि तहको बैठक बस्नुअघि वैधानिक व्यवस्था अनुरूपको कार्यसूची तयार गरौं। तय भएको कार्यसूचीको आधारमा बैठक बसौं, अरु कुनै कार्यसूची रहन गए फेरि बैठक बसौं। बैठकमा मर्यादित ढङ्गले बहस सञ्चालन गरौं। कमिटीले गरेका निर्णय, अक्षर र भावनाअनुरूप तत्काल लागू गरौं। पार्टीमा फुट वैमनश्यता होइन,

एकता, हार्दिकता र सद्भावपूर्ण व्यवहार विकास गरौं। स्थायी कमिटीको पछिल्लो निर्णयअनुरूप तोकिएकै अवधिमा एकता महाधिवेशन सम्पन्न गरौं। पार्टी कमिटीले तोकेका आफ्ना कामहरू कुशलतापूर्वक सम्पादन गरौं।

पूर्व पार्टी निर्माणमा मात्रै होइन, पार्टी एकीकरणमा पनि मैले आफ्नो सम्पूर्ण उर्जा र सामर्थ्य खर्चेको छु। आफैले पहल गरेको, अगुवाइ गरेको र सार्थक तुल्याएको पार्टी एकताप्रति अरु कोही कमरेडहरूभन्दा मेरो एक अंश बढी नै भावनात्मक लगाव छ। मैले नेकपाको एकतामाथि नेपाली कम्युनिष्ट आन्दोलनको मात्रै होइन, हजारौँ सहिदहरूको वलिदानसँग साटेर ल्याएका लोकतन्त्र, गणतन्त्र, सङ्घीयता र समावेशिता एवं समाजवादउन्मुख दिशालगायतका उपलब्धिहरू तथा राजनीतिक स्थायित्वसहित मुलुकको भविष्य नै निर्भर रहेको कुरा भलिभाँती देखेको छु। जसले सधैंभरि राजनीतिक स्थायित्वका लागि लड्यो, उसैमाथि पार्टी विभाजन गर्न खोजेको निराधार आरोप लगाइरहँदा कमरेड स्वयंले बारम्बार गर्वका साथ भन्ने गरेको बनाउने र भत्काउने खेल र त्यसमा गर्ने 'आत्मगौरव' सम्झिनुभएको भए हुन्थ्यो। तसर्थ, मलाई पार्टी विभाजन गरेर आआफ्नो बाटो हिंडौं भन्यो भनेर लगाइएको आरोपलाई म पूर्ण रूपमा अस्वीकार गर्छु।

**कमरेड,**

मैले स्थायी कमिटीको बैठकमा औपचारिक रूपमै आगामी महाधिवेशनबाट अध्यक्षको जिम्मेवारीमा नरहने र आगामी निर्वाचनपश्चात् प्रधानमन्त्री नबन्ने जानकारी गराइसकेको छु। तर मेरो मनमा एउटा गंभीर प्रश्न छ– चार महिनापछि हुने महाधिवेशनबाट सहज नेतृत्व हस्तान्तरण र चयनको बाटो छाडेर हरबखत नेतृत्व परिवर्तनको चलखेल किन? के कमरेडहरूलाई महाधिवेशनमा आउने प्रतिनिधिहरूको विवेकमाथि विश्वास छैन? त्यसरी नै, दुई वर्षपछि आम निर्वाचन हुन्छ। मेरो विश्वास छ– नेकपाको विजय यात्रा जारी नै रहने छ। त्यसपछि नयाँ नेतृत्वको खोजी त हुने नै छ। के

कमरेडहरूलाई दुई वर्षपछि नेकपाको भविष्य सुरक्षित छ भन्ने विश्वास टुटिसकेको हो ? होइन भने, फेरि किन सधैंभरि सरकार परिवर्तनको दौडधुप ?

चार महिनापछि हुने महाधिवेशन र दुई वर्षपछि हुने निर्वाचनमा नेकपाको भविष्य देख्न छाडेका हौँ भने हामीले लाखौँ कार्यकर्ताहरूको नेतृत्व गर्ने नैतिकता कहाँ बाँकी रहन्छ ?

**सचिवालयका कमरेडहरू!**

गुटबन्दी र आग्रहको बाटोमा नहिड्ने हो भने पार्टी भित्रको पक्षधरता आमरूपमा विषयआधारित हुन्छ, हुनु पनि पर्छ। बहुमत/अल्पमतको अङ्क गणित त त्यसै पनि कहिले घाम, कहिले छायाँजस्तो हुन जान्छ। छेउछाउमा बसेका साथीहरूले सिट्ठी बजाउँदा हौसिंदै जाने हो भने नीति र विधिबाट निर्णय गर्ने होइन, कृत्रिम रूपमा सिर्जित 'पर्सेप्सन'को आधारमा बहकिने खतरा पैदा हुन्छ। विधि, पद्धति भनेको 'जता दुलो, उतै दैलो' भनेजस्तो होइन। पार्टीको गोपनीयता अपारदर्शिता होइन। अन्तर पार्टी जनवाद स्वच्छन्दता होइन। कपट र जालझेलपूर्ण व्यवहार अन्तर पार्टी बहस वा अन्तर पार्टी संघर्ष होइन। आफू समानका कमरेडहरूसँग गरिने तहगत योजना वा पार्टी नेता/कार्यकर्ताको समीक्षाको विषय सडकको चर्चाको विषय हुन सक्दैन। हरेक चोटी गरिएका 'कन्फिडेन्सियल' छलफल अखबारको समाचार हुन सक्दैनन्।

**कमरेडहरू,**

अहिलेको सम्पूर्ण समस्याको वास्तविक जड निश्चित शीर्ष नेताहरूको अतृप्त अगस्त्य आकांक्षाको प्रतिफल बाहेक केही होइन। शीर्ष स्थानमा रहेर दशकौं पार्टी चलाइसकेका, प्रधानमन्त्री वा त्यस्तै महत्वपूर्ण पद

सम्हालिसकेका व्यक्तिहरूको पुनः त्यतै फर्किने व्यग्र आकांक्षाले यथार्थमा यी सबै समस्या कृत्रिम ढंगले र बलजफ्ती खडा गरिएका हुन् ।

पार्टी गतिशील संस्था हो र हुनुपर्छ। गतिशीलता दिनुपर्ने स्थानलाई नसकीनसकी ओगेटेर पार्टीलाई गतिहीन बनाउनु हुँदैन। आजीवन नेतृत्वमा टाँसिइरहने प्रवृत्तिले आन्दोलनमा नयाँ उर्जा, नेतृत्व र विचारलाई बन्ध्याकरण गर्छ भन्ने मान्यतामा म स्पष्ट छु। त्यसैले मेरो प्रस्ताव छ, अब प्रक्रियासम्मत ढंगले सहमतिका साथ अरु साथीहरूलाई जिम्मेवारी सुम्पिऔं। 'भइसकेका र पाइसकेकाहरू' ले लोभ नगरी यो हानथाप, दाउपेच, र लान्छनाको फोहरी खेल छाडौं। प्रक्रियासम्मत ढंगले आफूसँगै काम गरेका र मौका नपाएका वा आफूपछिका साथीहरूलाई सहमतिका साथ जिम्मेवारी सुम्पिऔँ। देशले राम्रो संस्कार र उत्तराधिकार पाउने छ। कोही ३०/३५ बर्षदेखि हातमा डाडुपन्यू लिएर, आफू र आफ्नाहरूलाई पोसिरहने र कोही भान्सामा पस्न त के हेर्नसम्म पनि नपाउने परिपाटीलाई अझै कति निरन्तरता दिने ? भो अब यो परिपाटी बदलौं।

**कमरेडहरू,**

क्रियाशील र क्षमतावान नयाँ पुस्ताले 'म त्यो पदमा बसेर सफलतापूर्वक जिम्मेवारी सम्हाल्छु' भन्ने मौकै नपाउने, बुढाहरू यसरी लड्ने कि नेतृत्वको दोस्रो पंक्तिले समेत 'भो लडाई झगडा नगरी दिनोस्, मिलेर तपाईहरू नै खानुस्' भनेर झगडा मिलाउनमै हरदम व्यस्त हुनुपर्ने यस्तो षडन्त्रपूर्ण खेलको अध्याय यहीं अन्त्य गरौं र आआफ्नो काममा जुटौं। आँट गरौं, अब आउने औपचारिक फोरमबाट 'नयाँ' लाई जिम्मेवारी सुम्पिएर पार्टी, आन्दोलन, देश र जनतालाई गुन लगाऔँ!

जहाँसम्म बैठकको कुरा छ, बैठक उपयुक्त समयमा बस्नैपर्छ। मैले महासचिव कमरेडलाई वैधानिक व्यवस्था र स्थापित प्रक्रियाअनुरूप उपयुक्त समयमा बैठक बोलाउनका लागि निर्देशित गरिसकेको छु।

कमरेड प्रचण्डले मलाई बेलाबेलामा भन्ने गर्नुहुन्छ– 'मलाई फकाउनुस् न, म फकिने मान्छे, फकिन्छु नि !' कसरी र के भन्दा कमरेड फकिनु हुन्छ ? भन्नुस् न त! मुलुकको समृद्धिका लागि, जनताको खुशहालीका लागि, नेपाली कम्युनिष्ट आन्दोलनको अग्रगतिका लागि, पार्टीलाई थप सुदृढ गर्नका लागि ... हुन्छ, म तपाईलाई फकाउन तयार छु। ल मैले फेरि फकाएँ... आउनुहोस् गुटबन्दी र दाउपेच छाडौं, हाम्रो यो प्यारो पार्टीलाई एकजुट बनाऔं !!!

हार्दिक अभिवादन सहित,

**केपी शर्मा ओली**
अध्यक्ष तथा प्रधानमन्त्री

**बोधार्थः**
सचिवालयका सम्पूर्ण सदस्यहरू

२५ कात्तिक २०७७